वर्ष २२/ पूर्णाङ्क ६३/ माघ-फागुन २०६५

(द्वैमासिक)

दायित्व

प्रधान सम्पादक:
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार:
ठाकुर शर्मा
फोन नं. ४-४२०६१०

सह-सम्पादक:
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सम्पादन सहयोगी:
केशवराज पन्त
कमल जवाली
विष्णु जवाली

आवरण सज्जा:
राजेश मानन्धर

कम्प्युटर
सन्जीव बस्नेत

सहयोग
रु. २५/-

व्यवस्थापक:
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४७४९८३, पो. ब. नं. १७६६, काठमाडौं
e-mail: dayitwa@hotmail.com

मुद्रक: सूर्योदय छापाखाना, फोन नं. ४४३४९७१, धोबीधारा, काठमाडौं

सम्पादकीय.....

- हामी आज फेरि एकपटक साहित्यिक पत्रिकाकै कुरा गर्न खोजिरहेका छौं । साहित्यिक पत्रकार भट्टराईपछि साहित्यिक पत्रिकाका बारेमा कुरा नगरेर अरु के गर्ने ? गुरुले पढाएन् भने त्यो कैको गुरु ? विद्यार्थी भएर पढेन भने त्यो कैको विद्यार्थी ? चोर भएर कुशलतापूर्वक चोर्न सकेन भने त्यो कैको चोर ? यस्तै नेता, अभिनेता, किसान, मजदुर, व्यापारी, सन्यासी, साधु, सन्त, कलाकार, पिता, पुत्र, महिला, पुरुष सबैका आ-आफ्ना धर्म हुन्छन् । र, ती धर्महरू पूरा गरिएन् भने कामअनुसारको विशेषण जोड्नु निरर्थक हुन्छ ।

- हामी धर्म हो-साहित्यिक पत्रकारिता गर्ने । आफ्नो हक हितका लागि आवाज उठाउने र कर्तव्यबाट कहिल्यै विचलित नहुने । अर्कालाई दोष दिनुभन्दा पहिले आफू कर्तव्यच्युत हुनबाट बोगिने । हो नि, आफू चुरोट खाएर छोरालाई चुरोट नखाने उपदेश दिनु कदापि ठीक होइन । त्यसैले उपदेश दिनका लागि पहिले आफै उदाहरण बन्नुपर्छ । तिरबाट पानी खन्याएपछि सबैतिर पखालिन्छ । चरित्रविहीन मानिसले कहिल्यै अरूलाई चारित्रिक बन्ने उपदेश दिन पनि सक्दैन र दिएर पनि तात्विक प्रतिफल निस्कन सक्दैन ।

- हामीले देश बनाउनका लागि टाउकै फोर्नु पर्दैन, मरिहत्ते गरेर हामफालिहाल्नु पनि पर्दैन । ज्ञान जोखिममा पारेर होमिइहाल्नु पनि पर्दैन । मन, वचन र कर्ममा समानरूपमा इमान्दारी भए पुग्छ । सत्य बोले पुग्छ । सत्यको अनुशरण गरे पुग्छ । बोलेको काम गरेर देखाए पुग्छ । मनैदेखि राष्ट्रप्रेमको भावना जागृत गराए पुग्छ । हामी जुन जुन पेशामा छौं, त्यस पेशाको सम्मान गरेपुग्छ । आफ्नो पेशाको इकहितका लागि इमान्दारीपूर्वक काम गरेपुग्छ । यसो भए हामी देशलाई पैतालाबाट उठाएर शिरमा टेकाउन सक्छौं । अर्थात् मस्तिष्कमा समझदारी, कार्यमा जिम्मेवारी र हृदयमा इमान्दारी हामी अठोट हुनुपर्दछ ।

- साहित्यिक पत्रिकाहरू आज पनि विविध समस्याले ग्रसित छन् । विज्ञापन प्राप्तिमा समस्या, मुल्यमूल्यमा कागज नपाउने समस्या, बिक्री वितरणमा समस्या, हुलाक खुटमा समस्या, संचार (टेलिफोन, फ्याक्स, इन्टरनेट) सुविधाहरूमा समस्या, पाठकमा समस्या । समस्यैसमस्या । तर काम गर्दा समस्या आउँछन् र ती समस्या समाधान गर्न पनि सकिन्छ । बुद्धले भनेजस्तै दुःख छन्, दुःखका कारणहरू छन्, दुःख निवारण गर्ने उपायहरू छन्, दुःख निवारण गर्न सकिन्छ ।

यसरी हेर्दा बुद्धले भनाएका चन्दवार्यसत्यहरू आत्मज्ञानबाट निवृत्त हुन सक्लान्, तर पत्रकारिताका अधिकांश समस्याहरू भने नीतिगत रूपमा नाव समाधान हुन सक्लान् ।

☞ केही समस्याहरूचाहिँ सामूहिक प्रयासबाट पनि समाधान गर्न सकिन्छ । भनिन्छ 'सङ्घमे शक्ति कली युगे' । अर्थात् कलियुगमा सङ्गठनबाट नै शक्ति सञ्चय गर्न सकिन्छ । साहित्यिक पत्रकारहरूले एउटा सामूहिक कार्यगृह खडा गरेर रचना सङ्कलनदेखि पत्रिका प्रकाशन, बिक्रीवितरण र आय आर्जनसम्मका सहकार्यहरू गर्ने हो भने पत्रिका प्रकाशन अधिक सरल हुन सक्छ । र, पत्रिकाको गुणात्मकता, विविधता र लोकप्रियता बढाउने कार्यमा पनि सहयोग पुग्दछ । यो सबै काम नेपाल साहित्यिक पत्रकार संघबाट नै गर्न सकिन्छ । हामी यस प्रयासमा जुट्नु आवश्यक छ ।

☞ नीतिगत कुरासँग सम्बन्धित अर्को एउटा कुरा पनि छ, त्यो हो-राजधानीबाट खुल्ला पुस्तकालय वा वाचनालयको व्यवस्था गरिदिनु । र, त्यहाँ समाचारमूलक पत्रिकालगायत साहित्यिक पत्रिकाका केही अङ्कहरू राख्ने व्यवस्था मिलाइदिनु । यो काम केन्द्रमा मात्र नभई क्षेत्र र जिल्लास्तरमा समेत व्यवस्था हुनु आवश्यक छ । यस बाहेक बजारमा छ्याप्छ्यापार्नी देखिएका अश्लील पत्रिका/किताबहरू र नारीका अर्धनग्न तस्विरहरू राखी प्रकाशित गर्ने प्रकाशनगृह र पत्रिकाहरूलाई प्रतिबन्ध लगाउनुपर्छ । यतिमात्र भयो भने पनि साहित्यिक पत्रिकाको सम्बर्द्धनमा ठूलो टेवा पुग्न सक्छ ।

अन्तमा प्रजातन्त्रको लडाईमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण अमर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । जय देश, जय भाषा-साहित्य ।

दायित्व

(साहित्यिक त्रैमासिक)

विषयक्रम

सूचना	पेज नं.	स्रष्टा
कथा/लघुकथा		
तेस्रो मुड	३२	प्रकाशमणि दहाल
तृप्तिभित्रको प्यास	३३	सुधा बस्नेत
अवस्थिति	३९	कलाधर काफले
प्रतीक्षामा अल्मोको मन	४०	गीता लामिछाने
भगडाका गुँड	४२	कृष्ण बजगाई
छोटो जिन्दगी	५१	लक्ष्मी पौडेल
लेख/निबन्ध		
गान्धी र दुई महान् कविद्वय		
लेखनाथ र लक्ष्मीप्रसाद	७	डा. खेमनाथ कोइराला
घोडेजात्रा	१२	गोकुलप्रसाद शर्मा
मेरो घाँटी, मेरो परिचय	२०	महानन्दप्रसाद स्वस्थ
संस्मरण/यात्रा संस्मरण		
सेलाही तिर्मीलाई सादर प्रणाम	२	फणीन्द्रराज खेतान
अतिलका ढोकहरू र केदार दाइ	२७	लुमडी आचार्य
दुईमय रुपैमा कमाउँदा	३६	छविरमण मिलवाल
भूपिको कविता र बूँदको गजलमा.....	४८	विजय सागर
कला/संस्कृति		
अर्घाखाँचीका लोकगीतको वर्गीकरण र सराएँ : एक चर्चा	४३	लक्ष्मी पोखेल (कोकिला)
समीक्षा/समालोचना		
कैदी कर्ति : पाठक अनुभूति	५५	माधव भट्टराई
परिचयात्मक लेखहरूको संग्रह.....	३५	विजय सापकोटा
कविता/गीत/गजल/मुक्तक/हाइकु		

वसन्तकुमार शर्मा 'नेपाल'-१/श्रीराज खरेल 'वसन्त'-४/ राधा घरेल-५/प्रा. डा. तेजकेशरी उपाध्याय - ६/सरस्वती थिमीरिया-११/ ज्ञानमणि प्रेमस्वरूप-११/जीवनपानी-१३/ अणिय बनेपाली-१४/ कृष्ण कुसुम - १४/ मुकुन्द पाँधक - २१/ द्विजीराम दाहाल -२१/ दिपा चापागाई -२९/ मणिराज सिंह-३०/ कमलबाज कंजी -३०/ बहादुरबहादुर चापागाई -३२ / मधुसूदन भट्टराई -३२/ जीवलाल सापकोटा-३८ /ललिता 'दीपी' -३९/ धनराज गिरी- ४१/ इन्द्रकुमार श्रेष्ठ -४२/ सन्तोषी अधिकारी -४७/ रामविक्रम थापा - ५२/ शान्ता न्यौपाने 'मुस्कान' -५३/ कुमुद शर्मा-५३/ मोदनाथ अधिकारी -५३/ किरण गजुरेल-५३ ।

साथमा सम्पादकीय/सदस्य परिचय/सदस्य नामावली/हाम्रा प्रकाशनहरू/प्राप्ति स्वीकार आदि

मनभावना

✍ शान्ता न्यौपाने 'मुस्कान'

खुसी लाग्छ जिन्दगीमा आफ्नो मान्छे पाएकोले
जमानाई माया गर्दै उसले पनि चाहेकोले ।

कहिले झोला कहिले मन्दिर हरियाली वसन्तमा
हिंड्दा पनि गाकिएन अमर प्रीति छाएकोले ।

सबै मुखामुख गर्थे हामीलाई देख्दा सेरी
डर थिएन बिछोडको योसो माया लाएकोले ।

तिम्लाई भेट्छु भनी आएँ घरको काम गर्न छोडी
माया गर्छौ भन्ने मान्छु भेट्नलाई छाएकोले ।

कोइली पनि छक्क पर्छे तिम्रो मधुर बोली सुन्दा
भन्थ्याइ तिमी गुञ्जिएथ्यो तिम्रो गीत गाएकोले ॥

हुँगा, भोर्दी गुल्मी

आश्वासन

✍ कुमुद शर्मा

नेपाली जनतालाई
नयाँ नेपालको आश्वासन
काकाकुल नगरबासीलाई
मेसम्चीको आश्वासन
बेरोजगार युवालाई
उज्ज्वल भविष्यको आश्वासन
निर्लज्जि होडबाजी चलिरहे पनि
निजीकरण तथा दौत्य सम्बन्धको
आश्वासन
लोडमेडिडमा छुट्टरोको झाग बनेकालाई
उपचार गर्नको आश्वासन
दुर्गम र पिछडिएका बासिन्दालाई
बायुगतिमा छुट्ने भूमिगत रेलको
आश्वासन
समग्र नेपाली जनतालाई
नयाँ नेपालको आश्वासन ।

- शुक्र, गुल्मी

गजल

✍ मोदनाथ अधिकारी

योसो भए त माव हो टाकया भए त मै गयो
जन्मादेमा जिन्दगी जोख्या भए त मै गयो ।

आँखा बता मन जुता हेरेर माव हुन्छ के !
उताजुमो पन अभै योख्या भए त मै गयो ।

यहाँ गयो तिर्सना झन्झन् बढ्यो सम्झना
हेर्दै गया मन लाग मोह्या भए त मै गयो ।

थामेर हात हातमा जोडेर ओठ ओठमा
अन्धाममै झैं चिनी बोक्या भए त मै गयो ।

चार हाइकु

✍ किरण गजुरेल

पूर्णको जून
माया प्रीतिको खेल
अदृश्य मोह ।

हिंडेको बाँटा
समतल्न प्रेयसी
आँसुको बाढी

तुबासि रङ्ग
आँखाको छेकबार
निहत्था मन

रुन्नीको प्यासा
ओठमा धमिरी
अदृश्य दृश्य

- नुवाकोट

तथापि तिमी मेरो कलेजोको टुक्रा हौ भनी जसरी मलाई भन्छ, अर्कोलाई पनि त्यसै भन्दा हो - 'स्वाभीसेग बस्नु राम्रो आयामा हो। समाजको टर हो। तिमी मेरो मुटुको टुक्रा, तिमीसेग नभेटी म एक पल बोल्न सकिन। निर्मिलीमा म यसरी स्वाभीलाई छोडेर झुल्कान्छु।'

यिस्त अति दुखाएको भए पनि उसको निजले आधार थियो। क्रमाएर त्याउने मान्छे थियो। दुनियाँको अगाडि लोग्ने छ, माया गर्छ भन्ने थियो। त्यसैको भरमा गरिएछ जीवनभर, आखिर छुट्टिनुपर्ने रहेछ। अब बाहिर भिज जसरी गरोस्। सबैजना भन्दा भोक लाग्यो, भन्दा साथी स्कुलको बिस आयो भन्नेहरू छन्। उसलाई धोको गरेर रनेरुम्म फुर्सद छैन। मानु सबैथे चुप्पो बन्दैन।

यो सहर हो, यहाँ बोल्न कति गाह्रो छ। सोच्ने भन्नेगर्छ - धनी कि छोरी हो, काम गर्न सकिन। त्यसैले आफ्नो पहाडको घरमा कहिल्यै राखेन। साथ् बेचेर भए पनि उसले सुख दिएरै पालेको थियो। सोचेको धेरै खर्च गर्ने मीठो खाने बानीले गाह्रो पैसा राखेन। फिलिफिलोहरूलाई लगाउने कुरामा चटक्क पानुपर्दैन। सजासुथर भए पुग्छ। तर खानेकुरामा उसको घरमा सधैं भोज हुन्छ।

उसको खोलेको लाखलाई महँगो बाकसमा जनेक राहुमार मेरा राखिएको छ। जनेक मर्नेमा धुपाक बसिएको छ। महँगा बतीहरू र असराफ छरिएको छ। आँखले नै बोल्छ कि जस्तो भाग भएको छ। महँगो जग्गा किनेर त्यो नाममाथि गाडुनुपर्ने छ। अरिपरि उसका नातेदारहरू छन्। तै मर्नेकी उसकी फुपू भन्दैछन्- 'अब तैंले एउटा राम्रो ज्वाइँलाई रोज्नुपर्नेछ।' उसले त्यसो गर्नी लगेनी। प्रसीतका केसा मूकदर्शकमात्र छौ। एक दिन सोलाएर त्यो अधिकारलाई नेपाली शान्ता बुझाउनु पर्ने। यो भन्दा बढी हामी के गर्न सक्छौं र!

एक दिन उसको मानो छोरा एगलमा मानु बैठी थियो, आमा खोइ! गोरे भोलेर सोधाम हुनुहुन्छ भन्यो। बिहानदेखि लेपुछासम्म उनि जोडीहरू उसको पसल बगाडिबाट हिंडिहुन्। ऊ सोलाएर हेरिरहन्थे र भन्ने गर्थे - 'यति बुद्धबुद्धि भए पनि यिनीहरूलाई जोगाने मारेर हिंडुनुपर्ने। बिहान पसल खोलेदेखि रातीसम्म बस्ता दुखाएर टोकराएर पर्ने!' त्यसै भएर होला साथद आँखले ऊ पसलमा नयसेर घरतिर पसेकी।

❖❖❖

नयाँ नेपालको शुभकामना

✍ रामविक्रम थापा

हिमालको आनु पानी
पहाडको ज्यानिला र हिंडो पानी
अनि
मधेसको पानास पनि पानी
मात्र पानी होइन
यी सबै चीज एकै ठाउँमा पानी
एउटा उपयोगी भाँडो बनाइदेऊ।

हिमालका शेर्पा र तमाङ
पहाडका सबै पहाडिया
मधेसका सबै मोरी
जटाउने र बस्न सक्ने
एउटा नयाँ घर बनाइदेऊ।

हिमालको गुराँस फुलोस्
पहाडको चिमल फुलोस्
मधेसको सूर्यमुखी फुलोस्
यी सबै एकै ठाउँ फुलून्
एउटा अनुकूल फुलबारी बनाइदेऊ।

सबै भात पानी भाँडो
सबै नेपाली बटाउने घर
सबै फूल फुलून फुलबारी
बनाउने छलब एक जना
हामा मानोले
हामा शहीदको सपना
र
हाम्रो मनको चाहना
पूरा गरून् शुभकामना।

फाक्टाङ- ३, सोलाङ

के गर्ने दायित्वले ?

✍ बसन्तकुमार शर्मा 'नेपाल'

हो दायित्व समाजको प्रकृतिको साहित्यको चित्र रे!
हो दायित्व नवीन सिर्जनक्रिया-विस्तारको रूप रे!
हो निष्पक्ष विशाल वाङ्मयविले सम्मान सेवा दिने,
आकाङ्क्षा अब राख्छ विज्ञजनको आशीष ली चम्कने!

(१)

शब्दै मात्र भिरेर हुन्न गरिमा उद्दैन साहित्य रे!
केही गर्नु विचार छैन त भने के गर्ने दायित्वले?
खासै सोच सुधार भार सुविधा सम्मान आयौं भने,
देश मानिसलाई भाव जति यी शब्दार्थ के-लाउने!

(२)

छन् ती व्यापक सामका पनि धनी साहित्य-सम्वाहक!
निकै नै खोदिलामहत्व भरिला सद्भाव-सम्वाहक!
बाँचे साधन मुख्य हुन्छ गतिलो एकात्म सरस्वता,
साथी छैस्किनु पर्नुले भइदिने सम्पन्नमा भरवता!

(३)

दाँजोमा नफसेर खास विविधा छानेर बढ्दा पथ,
आफ्नै हुन्छ अलग दुःख-सुखको वासी बनेको घर!
त्यस्तो संस्कृतिले परम्परित भै छाया दिएको थल,
गर्ने उन्नति उत्तरोत्तर बढी दायित्व बन्दै फल!

(४)

लागेकाहरू छन् निरन्तर यसै सर्वान् र याकेर त!
इच्छा मात्र भएर हुन्न बिरुवा रोपेर गोडिन्न त!
साथै पर्छ अखण्ड मन्दर्गतिले छकै नसाम्ने गरी,
थोरैले पनि धेर हुन्छ फल हो, सेवा नत्यागेपछि!

(५)

संस्मरण

मेलही: तिमीलाई शत: शत: प्रणाम

फणीन्द्रराज खेताला

१. सुखदेव, यो अखिर केटी हो, जो आजभन्दा झण्डै एकसयौं वर्षअघि देखिको मेरो बालबच्चाको साथी, आज ऊ यो संसारमा छ या छैन, तर मेरो सम्झना भने छ, बराबर आइरहन्छ। उसका पिता बलदेव अहिर आफ्नो जातीय गौरवका परिचायक थिए। उनीसाई आफ्नो जाति र आफूले गर्ने गरेको काममा गर्व थियो। यो कुरा म अहिलेसम्म पनि सम्झन्छु। उनी खेती-किसानी र वस्तु पालन गर्थे।

२. कुरा एक दिनको हो, मेरा पिताजीसाई भेट्न तासो घर आए। त्यति बेला मेरा पिताजी विहानको नुहाउने तरखरमा हुनुहुन्थ्यो र नुहाउनुअगाडि हरेक शनिवार उहाँ आफैंले तेल लगाउने गर्नुहुन्थ्यो। त्यो दिन पनि शनिवार थियो र असारको घाममा बसेर उहाँ तेल मालिस गर्दै हुनुहुन्थ्यो। त्यसैबेला बलदेव आएर 'मालिक पाउँलागऊ' भनेर गोडा छोए। उहाँले सोध्नुभो, 'क्या है बलदेव' आजका काम खत्म हुवा ?' 'नहीं, अभि नहीं मालिक एक बात आपसे करना है' उनले भने। 'कहो न क्या बात है ? उहाँले प्रश्न गर्नुभो। 'सुखदेव बुखार आएर सुतेको छ, उसलाई के दवाई खान दिने ? मलेरिया भएको जस्तो छ' उनले भने। पिताजीले भित्र पसेर एउटा सानो सिसीमा भएको औषधी ल्याएर दिनुभो र भन्नुभो, 'बलदेव ! तिम्रो छोरो मात्रै होइन मेरो छोरो पनि बुखारले सुतेको छ।' मन बाबु छ नि, उहाँ पनि मेरो छोरासँग मिलेर आमको टिकोला सुकेर खान्छ रे, हिजो सानो मालिकले मसँग भनेको।' त्यसैबेला सानो बा पनि आउनुभयो।

३. उहाँले सोध्नु भो पिताजीसँग, 'आज मनलाई देखिन, त्यो कहाँ गयो ?' 'कहाँ जान्थ्यो, जरो आएर सुतिरा'को छ। बलदेवको छोरा सुखदेव पनि जरो नै आएर सुतिरा'को छ रे, औषधी लिन आएको रहेछ, ज्वरकेसरी दिएं।' बलदेवले भने, 'मालिक यी दुनै बडा बदमास भए। केही दिनअघि मैले भैंसी चढेर जोडा मनबाबु, दरिया र सुखदेव सबै खसेर भिजे। वैकुण्ठ बाबुले तीनै जानालाई धपाउनु भो।' सानोबाले त्यसमा फेरि थप्नुभो, 'वैकुण्ठ र म त यी दुवैका गोठाला बनेका छौं।' बलदेवले भने, 'म मालिस गरिदिऊं ?' म भित्रबाट यी सबैकुरा सुनिरहेको छु। 'यति देऊ न त, भोली मलइया गएपछि म आठ दिनपछि मात्र आउँछु, त्यसपछि दर्भेझा पनि जानुछ।' उहाँले भन्नुभो। 'सानोबाले पनि भन्नुभो 'यी पाली त दर्भेझा म पनि संगै राजुसँग जान्छु होला, माइला दाइले गामोफोन किन्न भन्नुभा'थ्यो।' हो नि, हिजो बेलुकी दर्शन गर्न जाँदा, 'सानो बाबुले कचकच गरेर छुट्टी छ, तं जाँदा संगै जसेर किनिदे' भन्नुभो। मैले पैसाको कुरा गर्दा भिंगुने दाजुसँग जाँदा पनि मैले पैसा दिनपर्छ र ? किनिदेपछि हिसाब मिलाउँला भन्नुभो, सीता र तं उति आउनू त्यतैबाट जाउँला। बलदेव अब मालिस पुग्यो। बलदेवले भने - 'मालिक, मैले तपाईंलाईको जस्तो मिसेको दाजुभाइ देखेको छैन। म एउटा कुरा भनूं मालिक ? सगालका बेला चुक्ता गर्नेगरी मलाई पचास रुपियां दिनुहोस् न।' पिताजीले सानो बासँग भन्नुभो, 'सानो बाबु, भाउजूलाई भनेर पचास रुपियां दिनू है, अब म नुहाउन गएं।

४. मैले सुरुमा सुखदेव कुरा निकासेर आफ्नो घरेलु कुरातिर पो लगें। तर मै छैन, यो मेरो व्यक्ति

कथा

छोटो जिन्दगी

लक्ष्मी पौडेल

'जिन्दगी कति छोटी रहेछ' मानु बैन्ले बुढीले भनेकी। उसको लोग्ने केही समय अगाडि मरेको छ। उसलाई ठनेसम्म फुर्सद छैन। मानु नबेपी उसको गुजारा चल्दैन। घरभरि साना नानीहरू छन्। हामीले बुढी भन्ने गरेको अघबैंसे हो। उसको लोग्ने हुँदा ऊ कति खुसी हुन्थी, सधैं परेवाका जोडीजस्तै झुम गोडेर हिंड्थे तिनीहरू।

लम्काजवान देखेरै ऊ पहिले भागेकी हो। ऊ बौचुन्जेल उसलाई व्यवहारको फिर्की थिएन। भगाएर ल्याएपछि लोग्नेले भनेको थियो - तिमी हामी भएपछि यही स्वर्गमुनि बसे पनि हुन्छ। किन चाहियो घर ? उसले पनि हो भनेर सही थापेकी थिइं।

बौचुन्जेल उसलाई भौतिक दुख भनेको पाठा भएन। उसकी लोग्नेले जसरी पनि घर बनाइदिएको थियो। त्यो अहिले सपना भएको छ। फिलिपिनी केटाकेटीहरू उसिकै घरेलु हुन्छन्। घरको काम केटीले मात्र गर्ने भन्ने छैन। सरकारी जोहोदामा पनि केटीहरू धेरै हुन्छन्। हामीले सधैं मानु किन्ने गरेकी पसल थियो त्यो। रमाइलो अघबैंसे नोकी भिए उनीहरू। फिलिपिनोहरू विदेशीलाई राम्रो सम्मान सत्कार गर्छन्। इमान जमानामा साढे अगाडि भिए तिनीहरू।

घरमा छोरा नै नलगाई हामीहरू घुम्न जान्थौं। धेरै सिधासाधा र इमान्दार थिए तिनीहरू। त्यस अघबैंसेले भविष्यमा बलारी एकै हुँला भन्ने कल्पना नै गरेकी थिइन। कहिलेकहीं लोग्ने दिला आउँदा त उसलाई अत्याट लाग्थ्यो र रिसाउँथी। अब ऊ कहिले पनि नआउने गरी गएको छ। अब उसले सारा दिन एकै छाटनुपर्ने।

लोग्ने खबरै नगरी दिलो आउँदा ऊ रिसाएर भाते नखाई सुतिदिन्थी। बच्चाहरूलाई बुझाएर सुताएकी हुन्थी। लोग्नेले नखाई बिचरी ऊ पनि खादिनथी। दुवैजना भोकै सुत्थे। राती उठेर भन्थी - मलाई तिन्द्रा लागेन, अब त भात खाने हो ? ऊ रिसाएकीहुँदा लोग्नेले भात नखाएर्थ्यो। दुवैजना भित्तेर लुपुकपु खान्थे र लुपुक्क सुत्थे। कति राम उकी केटीसँग लागेको निहुँमा रातभर भागडा पनि गर्थ। रातभर नसुती भगडा गरेपछि भोलिपल्ट उसलाई निद्राइदिने जिम्मा लोग्नेको हुन्थ्यो।

उसको लागि सामन्यतया इमान्दार नै हो तर उसका केही कमजोरीहरू थिए। जसले गर्दा श्रीमतीलाई विरामीसमेत हुन बाध्य तुल्यायो। तर उसले आफ्नी रानी छुट्टाउन सकेन। म चुरोट, सुर्ती, रक्सी केही खान्न, गर्लफेन्डलाई भेट्न पनि जान्न भन्थ्यो। दिनदिनै श्रीमतीसँग हात जोडेर माफी माग्थ्यो। फेरि लुसुक भयेर भोलिपल्ट गइहाल्थ्यो। उसले बाँकेको भए श्रीमतीलाई सताउन र विरामी दिसाउन सक्थ्यो। गर उसले त्यसो गरेन।

श्रीमतीको चित्त पनि साढे दुखेको थियो। मैले त्यस्तो विश्वास गरेर साजामा सबैलाई छोडेर भागेर आएं, म महीनासँग हुरुक्क भएर आएं। आज यसैले मलाई माया गर्दैन। मैले भनेको एक वचन मान्दैन।

वास्तवमा उसको मन धेरै दुखेको थियो। यसै नगर म तिमीलाई धेरै माया गर्छु। मलाई नरुयाऊ, मेरो चित्त नदुखाऊ भनेर उसले धेरै बिन्ति गरी। यही गिर खोप्न नसकेर ऊ विरामी भई। तर लोग्ने कसी केटीलाई छोड्न सकेन। सारा पैसा दुईजना भागडा गरेर गयो। उसले खान नसकेर पनि खपी, नसकेर पनि खपिरही। उसको जित्ति गति दुख्यो कि अब कसैसँग भागेर जाऊं, तर गुरु भिंचिमिची सहेर दिन काटिरही। उसको लोग्ने नाटकी थियो। श्रीमतीसँग पनि नाटक गर्थ्यो। बाहिर पनि नाटकै गर्थ्यो।

जिन्दगी नै एउटा नाटक त हो नि ! तीको साँचि आकाशको तारा टिपेर ल्याउँछु। तिमीलाई भनौंला

भीड़ थियो । ठाउँ खाली थिएन । यही मौका मैले छोपें । पता उता हेरें "घरभेटी बा" का थी हरफ रहेछन् ।

खाना खाएर मात्र हुँदैन
पचाउन सक्नुपर्छ ।
पैसा कमाएर मात्र हुँदैन
बचाउन सक्नुपर्छ ।

यस्तै बाहिर भित्तामा विश्व शेरचनका थी पङ्क्ति रहेछन् ।

यौटै कोखको सन्तान भए पनि यहाँ
धनको आधारमा माथा बीढिन्छ
आफन्त पुगे भए पनि यहाँ
सम्पन्नताको आधारमा सत्कार गरिन्छ ।

अर्को भित्तामा बेनाम कविका कविता पङ्क्ति पनि रहेछन् । साहित्यिक सष्टाहरूको कविता पङ्क्तिहरू भित्तामा कोरेर नेपाली साहित्यप्रति सम्मान देखाउनु भएकमा "श्री सिस्टर होटेल एण्ड रेष्टुरेण्ट" प्रति मलाई सद्भाव जाग्यो । कक्षाकोठामा गएर कृतज्ञता ज्ञापन गर्न खोजें तर त्यहाँ पैसा तिर्नेहरूको हुल थियो ।

मैले फेरि आखाँ दौड़ाएँ । यौटा बोर्डमा आजको स्पेशल भनी "मम" लेखिएको थियो । त्यही बोर्डमा खानाको दररेट लेखिएको थियो -

(१) सादा खाना : ५०।-
(२) मासु खाना : १००।-
(३) चिकेन चाउमीन : ५०।-
(४) मासु चिउरा : ५०।-

साथै त्यही बोर्डमा लेखिएको थियो -

(५) रोयल स्टेग १८० एम.एल. १५०।-
(६) रुसलान भोड्का १८० एम.एल. १२०।-
(७) नर्थ सर जीन १८० एम.एल. १२५।-
(८) स्नु डाबमण्ड जीन १८० एम.एल. ८०।-

अनि होटेलको बरण्डामा अल्पपूर्ण हिमालयन रेन्ज र धौलागिरी र अल्पपूर्ण हिमालयन रेन्जका आकर्षक फोटोहरू पनि सजाएर राखिएका थिए ।

यही बेला हामी खाने पालो आएछ । अर्थात् ठाउँ खाली भएछ । हामी बाउ, छोरा, बुहारी र नातिनी यौटै टेबुलमा बसेर खाना खायौं । पैसा तिर्ने बेलामा मैले होटेलका मालिकलाई साहित्यकारहरूका कविता, गजलहरू भित्तामा लेखिदिनुभएकोमा धन्यवाद भनें । उनले रामो सागेर भित्तामा कोरेको भने ।

अनि मैले उनीहरूको नाम र होटेलको नाम "श्री सिस्टर" किन राख्नुभयो भनी सोधें ।

उनकी श्रीमती पूर्णकुमारी शेरचनले जवाफ दिइन् हाम्रा तीन छोरीहरू सुजाता, स्वेता र समीताको नाममा राखेको नि ।

तपाईहरू कहाँबाट आएको र यहाँ बसेको कति भयो । भनी सोधें मालिक तेजबहादुर शेरचनले भने, हामी मुस्ताङको पुम्ज गा.वि.स. को टिटी भन्ने ठाउँबाट आएका हौं । सब वर्ष भयो यहाँ बसेको ।

भूपिको कविता र बूँदको गजलको स्वादमा खाना भने स्वादिलो भयो खानाको पैसा तिरेर हामी सबै पुन: गाडीमा चढ्यौं । जीरो खलासी गाडीको पछाडि ठ्याकठ्याक गर्दै लाइन क्लियर गर्दै थियो । गाडी घुड्यो । गाडीमा बारम्बार युवा लोकप्रिय गायक हेमन्त शर्माको यो गीत बजेर थियो -

मूल हो भने रम्माई देऊ ।
फूल हो भने बसाई देऊ ।

अनि नेपालको मायाले मुगलानबाट आएकी लोकप्रिय गायिका यशोदा पराजुलीको यो गीत पनि बारम्बार बजेर थियो -

दिन डल्यो अँधेरी रातमा
यो मन जल्यो निष्ठुरीको यादमा ।

यसरी बिहानको साथका यात्रावातको अव्यावहारिक अभिलौपनलाई भूपिको कविता, बूँदको गजल र श्री सिस्टर होटेलको स्वादिलो खानासे पछाडिर गाडीमा निरन्तर -निरन्तर बजिरहेको हेमन्त शर्मा र यशोदा पराजुलीका मीठा लोकप्रिय गीतहरूले हामीलाई आनन्दको संसारमा डुबाइदियो । यसै आनन्दको सहरीमा डुब्दा डुब्दै ५.३० बजे भैरहवा आइपुगेको पत्तै भएन ।

❖❖❖

परिचयका साथै आफ्नो आत्मपरिचय दिन खोजेको पनि वृत्तान्त हो । यसलाई आत्मवृत्तान्त वा संस्मरणभन्दा पनि खास फरक पर्छजस्तो लाग्दैन, किनभने मैले कहिले पनि डायरी वा दैनिकी लेख्ने जमको गरिन, तर अहिलेसम्म आँखा र हातले बेइमानी गर्न खोजेजस्तै दिमाग वा मस्तिष्कले बेइमानी नगरेकोले करिब पाँच या छ वर्षको उमेरदेखिका कुरा, परिचित व्यक्तिको चित्र, आनी बानी र उनीहरूसँगको अन्तरजात आदिबारे खोजेबितिकै सम्झनामा आइहान्छ । केही अघिमात्र मैले सुखदेवसँगको अर्को साथीको बारेमा लेखेको थिएँ । आज म पुन: अर्को व्यक्ति सुखदेवलाई माध्यम बनाएर बाल्यकाल र किशोर अवस्था बिताएको माटोको सम्झना समेत कोर्दैछु । सुखदेव अहिर परिवारका अति शिष्ट एवं मिलनसार बलदेवको छोरो मेरै उमेर वा मभन्दा एक वर्ष केही महिना मात्र जेठो थियो । उसकी एउटी बहिनी थिई, परिवार सुखी र सम्पन्न नै थिए । आफ्नो निजी जमिन थियो, वस्तुभाउ पालेका थिए । हाम्रो जमिन्दारीभित्रका रैती पनि थिए र हाम्रो घरमा परेको काम सधाउँथे । सुखदेव बाबुको एक्ली छोरी थियो र मेरो किशोरावस्थाको खेल्ने दुल्ने र पाएसम्म उफ्रनाई गर्ने साथी र बिहानसँगै पाठशाला जाने साथीको रूपमा थियो । त्यो बेला आजको जस्तो वातावरण थिएन । देहातमा धुलोमा जन्म्यो, धुलैमा खेल्यो, हुर्कियो, खेत आडालमा डुब्यो, पौड्यो, भैंसी चाड्यो, कहिले पोखरीको किनारमा पौडियो, आँपको बगिचामा गयो, काँचो आँपको टिकोला नूनसँग खायो, यस बाहेक दिनभरि अरू काम थिएन तर शनिबार र आइतबारबाहेक अरू दिन बिहानको तीन घण्टा छुट्टी-माष्टरको ग्रामीण पाठशालाको चढाईमा बित्थ्यो । त्यसबाहेक हामीले गर्ने अरू काम केही थिएन । हरिया अलिपरको गाउँको भएकोले कहिले काहीं मात्र हाम्रो घरमा बस्थ्यो, सुखदेवको घर हाम्रो छिमेकमै थियो । अनि उसका बाबु र परेका बेला आमा पनि हाम्रो घरको काममा लागीपरी गर्थिन् । बलदेवको परिवार सुखी पनि थियो ।

५. रियासे जस्तो सुखदेवले पढेन । ऊ ठूलो भएपछि आफ्नो खेतीपाती मै मस्त रह्यो । हरियासे भने बीएसम्म गरेर आफ्नै गाउँमा स्कुल खोल्यो र आफू हेडमाष्टरसम्म भयो । सुखदेव र उसका परिवारलाई २००९ सालमा जेठतिर जनकपुर, जलेश्वर र मलङ्गवा सहित झण्डै महिना दिन जति घुम्न जाँदा आफूले बाल्यकाल बिताएको मेलहीतिर पनि पुग्थें, धेरै परिवर्तन भएछ । तर महादेव मन्दिर र पोखरी उही र उस्तै अवस्थामा रहेछन् । बलदेव, बूढा भएछन् । सुखदेव मेरै उमेरको तर जवानीबाट शीघ्रतातिर उन्मुख हुन थालेको थियो । हाम्रो घर भएको ठाउँमा उस्तै नयाँ घर थियो । सुखदेवको घर पनि छपड़ाकै थियो । म त्यहाँ एक रातभन्दा बढी बसेथें । सुखदेवले मलाई सबैतिर घुमायो । पुरानो पाठशालाघर नयाँ बनेछ । बरहमबाबाको थानमा पक्की तर सानो मन्दिर बनेछ । भैंसीथा उस्तै थियो । म सीताको गाउँमा पनि पुगेर एक रात बसें र किनभने म गाउँमा आएको थाहा पाएर सीता र हरिया दिन आएका थिए । त्यसबेला हरिया सीता भक्षीमा बीएमा पढ्दै थियो । सुखदेवकी बहिनी परबसिया ठूली भइछ । बिहा भएछ र एउटा छोरीकी आमा पनि भएकी रहिछ ।

६. बलदेवसँग मैले सोधें, 'दादा ! अरू गाउँको हाल खबर के छ त ?' 'अरू के हुनु छ र, मास्टिक बाबु ! अब तपाईलाई मनबाबु भन्न पनि त शरम लाग्छ । गाउँमा राजनीतिको झगड़ा छ । दुई-तीन पार्टीमा गाउँ बाँटिएको छ, पहिलेको जस्तो मेल छैन । तपाईसँग मलाई 'दादा' भन्नुभो, त्यो मेरो भाग हो ।' मैले सोधें 'परवतियाको बिहे गर्नुभएछ । उसको घर कहाँ छ ? कस्तो छ ? ठीकै छ रामो छ, खेतीबाडी सबै छ, घर पनि नजिकैमा छ, दुलहा उसको हरियासँगै सीतामढीमा

पड्छ ।' अनि माई त देखिनँ नि, म आएर बसेको गतिका बेर भयो, कैटाकेटी छोरा सधैं कुरा खाउने मनबाबुलाई उहाँले भुल्नुभो कि क्या हो ? मैले सोधें । हो मनबाबु उसले तपाईलाई मात्रै होइन, यो गाउँ, यो नेपाल देश, त्यो महादेव मन्दिर, त्यो बडुका पोखरी, हामी सबैलाई बिर्सी । ऊ सबैलाई छोडेर गई । उसलाई पोहोर साल कलेराले लग्यो । यति भनेर अन्दाजी ६५ वर्षका ती श्रमिक कृषक र कर्मठ व्यक्ति बालदेवले आँखा पुछे । मेरो मन खल्लो भयो । सम्झें, झण्डै चौबीस वर्षअघि हामी घर त्यही ठाउँमा कलेराको प्रवेशले एक पृथक वैकुण्ठ वाइलाई लगेको थियो ।

७ बलदेव, सुखदेव, बखतिया र सुखदेवकी पत्नी समेतको करले म त्यहाँ एक हप्ताभन्दा बढी बसें । दिनहुँ महादेव मन्दिर जान्थें । घर आगलागी भएका बेला हामी शरणार्थी भएर बसेको घर त्यस्तै अवस्थामा रहेछ । दुई-तीन दिन पोखरीमा नुहाएँ । सुखदेवलाई लिएर घरैतिर धुम्थें । पुरानो सम्झना ताजा भयो । एकदिन हरिया आयो गीतामडी जान । ऊ राती त्यहीं बस्यो । भोलिपल्ट मलाई कर गरी आफ्नो गाउँ लिएर गयो । एक रात त्यहाँ बसें । सीता दाइ पनि बुढा नै भएछन् माया दिए । त्यहाँबाट फर्किएपछि अरू तीन दिन बस्नु नै पऱ्यो । किनभने भलो जरो आयो हरियाकहाँबाट फर्किएर आएपछि । एक खराब जुडनाइन, भोलिपल्ट फाप्टिइ गरें, अनि पछि ठीक भयो। तर तागत लगेछ, त्यसैले अरू चार पाँच दिन बस्न कर गरे बलदेवले । उनको मायाको अगाडि मेरो केही जोर चलेन, त्यहाँको मेरो बसाइ अर्को एक हप्ता भयो । त्यसैले जगाडि एक हप्ता लेखिए पनि म त्यहाँ झण्डै साढ-पन्ध्र दिन बसेछु ।

८ स्नेह ममता र माया भन्ने कुरा मानिसको अन्तर्हृदयदेखि नै प्रस्तुत हुने कुरा हो । अकीतर श्रद्धा भन्ने अर्को महत्वपूर्ण भावना पनि छ । यी सबै कुरा निश्चल र निष्कपट व्यक्तिको मनासयबाट पैदा हुने हो । २००९ सालतिर पनि अर्थात् बाइस वर्षपछि पनि गाउँ गाउँतिर थियो, तर पनि पुवाहरूमा भने राजनीतिक जागरण केही मात्रामा भएको मैले अनुभव गरें । मैले त्यो गाउँबाट अब बिदा लिने बेला नाँजाँकिँदै थियो । सीता र हरिया आएर उनीहरूको गाउँ गोलवा जान कर गरे । बल्ल बल्ल मनाएर दिनभरिको लागि गोरूगाडामा गएँ र दिनभरि नै बसेर साँझ अबेला फर्किएँ । अर्को दिन महादेव मन्दिर र बरहमबाबाको स्थानमा बिहान दर्शन गर्न गएँ । त्यही दिन मैले अरू पनि बाल्यकालका पुराना साथीभाइ र परिचित ठाउँ हेर्न र व्यक्तिलाई भेट्न गएँ । दिउँसो अलि गर्मी भयो । म ओसारामा खटियामा लेटिरहेको थिएँ, परबतिया छोरी बोकेर आई र उभिएरै सोधी 'मनबाबु ! अब फेरि कहिले आउनुहुन्छ ? 'परबतिया अब ठेगान नै छैन' मैले भनें । उसले केही जवाफ दिइन । जुरा अकैंतिर मोडी र सोधी-भन्नुहोस् त यो मेरी छोरी म जस्तै रामी छ ? 'तं के रामी छस् र अभै पनि । तैंले सम्झेकी छस् एक दिन लुखमारी खेन्दा, दाउनी गरेको धुरलोको टालमा लुकेर निदाएको, तँ त्यतिबेला जगाउँदै कामी र पुङ्की त थिइस् नि । अहिले भने अलि रामी भइछस् । तेरी छोरी त अहिले नै धेरै रामी छ अति, त्यो बेलाकी तं भन्दा ।' मैले भनें । 'तपाईले अभै त्यो कुरा सम्झिनुभाको छ ?' मलेर उसले छोरीलाई मेरो काखमा राखिदिई । म त्यो बच्चीलाई खेलाउन लागें । त्यसैबेला बलदेव बाहिरबाट आइपुगे र भीतर हेर्दै भने, 'यसले तपाईको निद्रा बिगारिदिई कि ? आज गरम छ । मैले एक टोकरी आँप र अलिकति (एक कसैरी) परवर बन्दोबस्त गरिदिएको छु, हामी गाउँलेको कोसेली

माई भए झैं खुसी हुन्थी । यसरी स्नेह, ममता र अपनत्वको निश्छल भारी बोकएर तेस्रो दिन, बिहान, साधारण नास्ता गरेर मेरो फार्कने कार्यक्रम तय भयो । मसँग सुखदेव र परबतियाका श्रीमान्

लाम त्यसमाथि गाडीहरूको अनियन्त्रित तँछाडमछाड भीड । हाम्रो गाडी गुड्न थाएको थिएन, यौटा व्यक्ति आएर हातले इसारा गर्दै अलि वर रोक्ने सङ्केत गरे । गाडी बल्लबल्ल त्यहाँ पुग्यो । करिब पाँच मिनेटपछि गाडी गुड्न तरखरायो । फेरि अर्को व्यक्ति आयो । उसले फेरि अलि पर रोक्ने इसारा गऱ्यो । साझा बस स्टैण्डदेखि कलंकी चौक नपुग्दैको बस स्टैण्ड आइपुग्दासम्म चार पटक गाडी रोक्न लगाइयो । गाडीमा नौ जना यात्रु थियौं । हामीसँ भन्यौं 'के गरेको यस्तो चाँडै जाऔं न' केही समयपछि गाडी गुड्यो । कलंकीदेखि तस भऱ्यो । त्यहाँ पनि माल्दै आउने रोक्ने त्यही नाटक तीन पटक दोहऱ्यो । फेरि गुड्यो फेरि रोकियो । नरोकिने ठाउँमा रोकिएको हुनाले ट्राफिक प्रहरीले सीठी बजाएर त्यहाँ नरोक्न सङ्केत गरे । त्यही बेला गुरुजीको मोबाइल बज्यो । अब गाडी पुनः कलंकीतिर फर्किंयो । समय बाढे नौ बजिसकेको थियो । मलाई असह्य भयो । हजारौं पटक गाडी चढ्दा पनि यस प्रकार यात्रुहरूलाई अमर्यादित गर्दै गाडी फर्केको यात्रा थिएन । मैले टिकटमा लेखिएको कलंकीको नं. ९८४१५७७५० मोबाइलमा फोन गरें र भनें यो के भैरहेछ । हामीलाई चाँडो जानु छ । गाडीलाई दिन फर्काउन लगाउनुभयो ? मोबाइलबाट जवाफ आयो यात्रु आएकाले राख्न हो, अब गैहालुँ । करिब १० मिनेटसम्म यात्रु आएन । यस बेलासम्म हामी सालजना यात्रुहरूले त्यो गाडी छाडी अर्को गाडी रिजर्भ गरी जाने सहमति सरिसकेका थियौं । त्यही कुरा गुरुजीलाई सुनायौं । त्यसपछि गाडी गुड्यो । तर गुञ्जुधारा आइनपुग्दै गुरुजीको मोबाइल फेरि बज्यो । गुञ्जुधारामा गाडी रोकियो । धेरै बेर रोकियो। हामी यात्रुहरूमध्ये कोही भारत जाने थियौं । कोही अघाखाँचीं । सबैलाई समयको महत्व थियो । ठीक समयमा बुटवल र भैरहवा नपुगेमा त्यो दिन बुटवल र भैरहवाका होटेलहरूमा बाध्य भएर बास बस्नुपर्थ्यो । यहीकुरा दर्साएर हामीले गुरुजीलाई गुड्न अनुरोध गर्न थाल्यौं । तर गुरुजी अहिलेको सरकारजस्तै लाचार थिए । आदेशबेगर एक डेग चल्न नसक्ने । हाम्रो साढे करकापपछि ठीक ११:०८ मा गाडी गुड्यो । बस बीचमा एकजना यात्रु चढ्न आइपुगेका थिए ।

गाडी गुडेको पाँच मिनेट नहुँदै पुनः गाडी रोक्न आएको मोबाइल आदेशलाई हाम्रो भरसे हो कि के हो गुरुजीले जवाफ दिए, 'म अब गाडी रोक्दिन । रोक्नु पर्यो भने यात्रुहरूलाई अर्को माइक्रोमा राखेर पठाइदिन्छु ।' अनि मोबाइल बन्द गरेर पसिना पुछे । मलाई लाग्यो साझाको नामका धेरै स्वार्थी गिरोहहरूको एकाधिकार भएछ । जसलाई समय र यात्रुहरूको दुःखकष्टपति कुनै चासो छैन । यसमा साझा यातायातले चासो राख्ने भने "ट्रलीबस" जस्तै साझा यातायात टाट पल्टिन सक्छ ।

अघाखाँचि गाडी कहीं कतै नरोकिएर सरासर मुगलिनको "थी सिस्टर होटेल एण्ड रेष्टुरेण्ट"मा रोकियो । खाना यहीं खाने हो, जीरे खानासीले उदी जारी गऱ्यो ।

प्रशस्त भीड थियो होटेलमा । मैले सरसरती होटेलको निरीक्षण गरें । अघम्म लाग्यो होटेलको एक भित्तामा कवि भूपि शेरचनको यी पङ्क्तिहरू थिए

मैले पिएकोमा रिसाएका साथीहरू
पिएर त हेर, पिउन झन् गाह्रो छ ।
मरेर शहीद हुनेहरू
जिएर त हेर जिउन झन् गाह्रो छ ।

रमाइलो मानेर अर्को भित्तामा हेरें मेरा प्रिय राष्ट्रिय गजलकार प्राज्ञ बूँद राजाका यी हरफहरू थिए-

पिउँदै नपिउने मान्छे
पिएँ अलिकति ।
उनको वचन राख्न
पिएँ अलिकति ।

भूपि र बूँदका यी पङ्क्तिहरू पढ्नेपछि यात्राका विश्रारी झोंक सबै बिसें । आनन्द लाग्यो । होटेलमा

पाताल्लस्मरण

भूपिको कविता र बूंदको गजलमा साझाको नमीठो व्यवहारलाई बिर्सदै

✍ विजय सागर

मुख ही भने रमाई पेज
मुख ही भने बनाई पेज ।

मेरी छोरीको विवाह अर्थात् भाइ कोकिल गोविन्द श्रेष्ठकी छोरी नम्रताको विवाह कार्यक्रममा काठमाडौं नपुगिनहुने अवस्था थियो । २०६४ फाल्गुण १३ देखि १८ गतेसम्म लगातार वैवाहिक कार्यक्रम थिए । भैरहवाबाट काठमाडौं जान पहिला जस्तो सजिलो थिएन । नवलपरासी बन्द थियो । पोखरा भएर काठमाडौं पुग्नुपर्ने । समयअनुसार घर पुरै बन्द गरेर जान सक्ने स्थिति पनि भएन । घर सल्लाहअनुसार बुढीमाउ (उषा श्रेष्ठ) र छोरा राजन घर कुरुवामा बसे । बुढो अर्थात् म र जेठा छोरा रवि श्रेष्ठ, बुहारी जुम्ना श्रेष्ठ साथै साढे तीन वर्षकी नातिनी सैना श्रेष्ठ भएर साझा यातायातको बा १ ज ८४४१ को माइक्रो चढेर पुग्दाँ । राम्दीमा खाना खाएर पोखरा पुग्दा साढे दुई बजिसकेको थियो । करिब ४:१५ तिर दमौली पुग्दानपुग्दै गाडीले बटेर गर्न थालेछ । गुरुजीले थाहा पाए । दमौलीमा गाडी रोकियो । पहिला आफै खोलखाल गरे । पत्ता चलाए, उता चसाए । केही नभएपछि वर्कसपमा लगेर देखाए, करिब पैंतालिस मिनेटपछि गाडी तयार भयो । त्यसपछि घुर्टेकेर मुगलिनमा चिया खान केही समय बसेर काठमाडौं कलंकी उर्दा रातको नवाइन बजेकोमा थियो । करिब साढे दसतिर कलंकीमै रोकी छोरीलाईको डेरामा पुगियो । ज्वाई मनोहर श्रेष्ठ छोरी वर्षा श्रेष्ठ तथा सात वर्ष नाति प्रोत्साहन पखीर बसेका रहेछन् । भेटघाट रमाइलो भयो । खाना खाएर पल्टंदा रातको करिब ११:३० बजिसकेको थियो ।

फाल्गुण १३ गतेदेखि विवाह कार्यक्रममा लागियो । फाल्गुण १७ गते शुक्रवार विवाहको दिन । छोरी नम्रतालाई बिदाइ गरेर पठाउँदा साढे नरमाइलो लाग्यो । छोरी नम्रता दुवै हातले मुख छोपेर रोइ रहेकी थिइन् । भाइ कोकिल भावविह्वल भए । धेरै आँसु खसाले । बुहारी सीताको बेहाल थियो । आफन्तजन सबैका आँखा भिजेका थिए । सबैको मन रोएको थियो । फाल्गुण १८ गते हामी करिब ७०-८० जना छोरीको "ल्या स्वे" (मुख हेर्ने) का लागि नम्रताको एक होटलमा व्यवस्था गरिएको ठाउमा पुग्यौं । छोरी नम्रतालाई हँसिलो अनुहार लिएर हाम्रो स्वागतमा प्रतीक्षारत पायौं । हिजो छोरीको त्यो बिदाइको असहज स्थिती कता हराएर गयो कता । "ल्या स्वे" कार्यक्रमपछि मीठो खाना खाएर ज्वाई अमित श्रेष्ठलाई परिचय कार्यक्रमका निम्ति निम्ता गरेर हामी फर्कौं । घर फर्केको लगतै छोरी नम्रता र ज्वाई अमित श्रेष्ठ आइपुग्नुभयो । घरमा पुनः ज्वाईसँग परिचय कार्यक्रम सुरु भयो । खुसीको आदानप्रदान भयो । यसरी वैवाहिक कार्यक्रमको विश्राम भयो ।

यही बीचमा सरकार र संयुक्त मधेसी लोकतान्त्रिक मोर्चा तथा संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाबीचमा सहमति कायम भयो । "तराई बन्द" समाप्त भैसकेको थियो । जब तराईका सबै बाटाघाटाहरू खुला भए । हामी १९ गते नै भैरहवाको लागि गुडेनु थियो । छोरा रोकेर साझा यातायातको माइक्रो बसको टिकट लिइसकेका रहेछन् । ठीक सात पैंतालिस बजे विहानसम्म बसस्टेन्ड कलंकीमा आउन बाबुहरूलाई उर्दी जारी थियो । हामी ७:३० मा पुगिसकेका थियौं । मैले माइक्रो गाडीको नम्बर हेरें बा. १ ज ७५८१ थियो । ठीक आठ बजे ड्राइभर सिटमा पुऱ्ऱी आएर बसे । गाडी स्टार्ट भयो । "जीरे" खासी गाडीको पछाडि ड्याङ्ग्याक गर्दै गाडीलाई अगाडि जान निर्देशन दिइरहेको थियो । कलंकीको भीसानाथ गर्नि वीरगञ्जसम्म जाने भए । आइतबारको दिन थियो । अलि अलि बदली थियो । माथि छत भएको गोरुगाडा तयार थियो । गोरुगाडा हरियाको घरबाट ल्याइएको थियो । सीता र बसदेवले एक एकओटा पार्कट दिंदै भने -'मनबाबु, यी हाम्रो भिखारी र गाउँको इज्जत पनि हो नाई नभन्नुहोला ।' सीता र दाइ, तपाईंहरू शिवरात्रीमा अवश्य आउनुहोला, माया नमार्नुहोला' मैले भनें । पार्वती रोई । मैले उनको शिर मुसारें भनें,- 'पार्वती तँ मेरी बैनी होस् । यही मनेकीमा मैले छनेकेला आफ्नी बहिनी हराएको थिएं । त्यही बहिनी मैले पाएको छु । तँ पनि आफ्ना पतिसँगै काठमाडौं आउनू । 'छोरीलाई बोकेर ल्याई खाँदै शिर मुसारेर उनको हातमा दशका दुईवटा नोट राखिदिएं । 'दाइ र सीताभाइ ! मेरी शिरमा आशीर्वादको हात राखिदिनुहोस्' भन्दै जमीनबाट अलि अलि माटो लिएर निधारमा दल्दै भनें - 'यही माटोमा खेल्दै, दगुर्दै हुर्किएर आजको मेरो यो शरीर बनेको छ । मैलाई, तिमीलाई मेरो शत शत प्रणाम ।' नमस्कार गरेर म गोरुगाडामा चढें बिस्तारी बिस्तारी गाउँ पर हुँदै गयो ।

गजल

✍ श्रीराम खरेल 'वसन्त'

अब तिमीले पुरानो कोट फेर्न थालेछौ,
नयाँ नेपाल बनाउने भन्न थालेछौ ॥

आमा दिदी बहिनी सानू नयाँ नेपालको,
निर्माणको जब खाका कोर्न थालेछौ ॥

बुबा दाजु भाइ सानू प्राण लोकतन्त्रको,
जगेर्नाका लागि आह्वान गर्न थालेछौ ॥

साथी भाइ भेटघाटमा नयाँ सविधानको,
सभावेशी खाली पाना भर्न थालेछौ ॥

चुल्हो चौका बाटोघाटी रेष्टुरां होटलमा
आफ्नो लागि नीति नियम सोच्न थालेछौ ॥

जातपात छुवाछुत छेक अब सानो ठूलो,
सबै फूल बराबरी तिमी देख्न थालेछौ ॥

बानेश्वर ।

सदिच्छा

✍ राधा खरेल

बाबु तिम्रो किन किन सधैं याद आईरहन्छ
तिम्रो मायै विगत दिनको दृश्य छाईरहन्छ ।
के के गर्छौ समय कसरी पार गर्छौ तिमीले ?
खान्छौ के के शरीर कसरी स्वस्थ राख्छौ तिमीले ॥

॥१॥

चिन्ता धेरै मनभर भयो पूर्व टाढा हुँदामा
पछुतौरी यो सबोतर भिज्यो आज सम्झी रुँदामा ।
बाल्यावस्था चकचक गरी उफ्रँदै दूर नाघ्थ्यौ
खाली गर्दा बरबर भई बासमा माफ माग्थ्यौ ॥

॥२॥

खाते ताते भनिकन दिदी पास आई सम्माई
डोऱ्याउँथिन् घर वरिपरी स्नेह बर्षिन् रमाई ।
आहा ! कस्तो रमणिय थियो दृश्य चुम्दै छ ऐले
व्याख्या धेरै म गर्न कसरी गर्न सक्तिन मैले ॥

॥३॥

फर्की आऊ म भनुँ कसरी पढ्न इच्छा छ तिम्रो
ठूलो मान्छे बनि आँख सधैं बढ्न इच्छा छ तिम्रो ।
धेरै टाढा नरबर कता ? ठाउँ कस्तो छ कुन्नी
साथी सङ्गी असल मनका छन् कि छैनन् नि कुन्नी ॥

॥४॥

धोका देखाउँ मजाग हुनु है होस राख तिमीले
सेक्ने पढ्ने समय अलिले ध्यान राख तिमीले ।
मै हुँ आमा खबर दिनाहुँ सुन्न खोज्ने छ इच्छा
मिल्दै जाओस् प्रगति सधमा ये छ मेरो सोच्छा ॥

॥५॥

भरतपुर-१०, चितवन

कविता

गो एकता

प्रा. डा. तेजकेशरी उपाध्याय

के लेखे अब हास्यव्यङ्ग्य कविता हास्यै हरामी भयो
लेखे के अब हास्यव्यङ्ग्य कविता व्यङ्ग्यै बिरामी भयो
पढ्ना अलपत्र नीति नियमै हास्यै न हास्यै भयो
गढ्ना तलमाथि क्रम र कुरा व्यङ्ग्यै न व्यङ्ग्यै भयो ।
(१)

बूढो जो छ र सुन्नु ली कुन कुरा बूढो जवानी भयो
आगो ताप्नु कहाँ गनै उडिसक्यो मूढो खरानी भयो
पानी सिन्नु जुरेन पोन्न कसिने त्यो सिन्नु पानी भयो
सेक्ती फुर्ति जमेन ली किर्ई भई पसेर पानी भयो ।
(२)

चर्की धार रहेन तर्कहरूको भुते र बोधो भयो
बाह्रगो बाह्रिगरहेन तोन्कइ सबै ठग्दो र सोझो भयो
पैसे व्यू छोरे जन्मबाति चुमिने पेशा किसानी थियो
ऐसे व्यू पनि मासिसिंडने धन्दा किसानी भयो ।
(३)

पैसे बुद्धि खिसाइ खाई जिउने त्यो बुद्धिजीवी थियो
ऐसे बुद्धि समेत खाई जिउने यो बुद्धिजीवी भयो
टाई अर्थ दिनेछ शब्द अनि पो यो बुद्धिजीवी भयो
तेसैले अब बुद्धिहीन मठुवा नै बुद्धिजीवी भयो ।
(४)

झुटो भग्न भएन औसर टिपी भयाम्मै अजाह्नी भयो
साँचो सुन्छ र को लखेट्छ सबले भन्ने अघाह्नै भयो
के लेखे अब हास्यव्यङ्ग्य कविता हास्यै हरामी भयो
लेखे के अब हास्यव्यङ्ग्य कविता व्यङ्ग्यै बिरामी भयो ।
(५)

भो मैमान इमानमा भिलिमलो यो भुस्कमानै भयो
केको भूत भविष्य काम नगरी यो वर्तमानै गयो
कस्ले बुझ्छ र दीनदुखिहरूको सौ बाज भिर्की व्यथा
बाठाले निमुखाहरू ठगिठगी भो गाउँखाने कथा ।
(६)

जान्ने बन्नु यहाँ सराप हुन गो गर्वै बढ्दकार भो
बुझ्ने भन्नु अफाप भो अनि धनुष्टङ्कार हुङ्कार भो
भिर्वै सूत्र मिलाउने गुणचुपै संस्कार सत्कार भो
आधाआधि तिने दिने जति पुरस्कारै तिरस्कार भो ।
(७)

को जान्ने अब एकता दिवस सौ गो एकता एकता
को मान्ने अब एकतादि सब सौ भो ले मता दे मता
के लेखे अनि हास्यव्यङ्ग्य कविता हास्यै हरामी भयो
लेखे के अनि हास्यव्यङ्ग्य कविता व्यङ्ग्यै बिरामी भयो ।
(८)

यो एकै दिन एकता दिवस त्यो मान्ने त पाली पन्यो
तीनै सौ चउसट्ठि बाँकी दिन ता बिश्राम झाली पन्यो
डाडु हाल पन्यो स्वयम् बुद्धि भन्यो बाँड्ने कुरा के पन्यो
पूजा भेटी गन्यो दशा सब टन्यो फोड्ने कुरा के पन्यो ।
(९)

योबसी फोकि उ आफु नै छ अरूले बाँट्ने कुरा के पन्यो
लाफ्नै लागु र भागु हो फुकिदियो डोट्ने कुरा के पन्यो
को भन्ने अब हास्यव्यङ्ग्य कविता हास्यै पुरानो भयो
सुन्ने को अब हास्यव्यङ्ग्य कविता व्यङ्ग्यै बिरानो भयो
(१०)

(राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा लेखिएको कविता)

कोही दर्शकका रूपमा उत्साहपूर्वक एउँसोसाथ लाम लागेका वा लर्गिएर नाच्नेहरूलाई घेरेर बीचमा बसेका हुन्छन् । नेपालमा सराएमात्र एउटा बस्ती नाच हो, जसमा बाहुन, क्षेत्री, मगर, गुरुङ, थारू, कुमाल, कामी, दमाई, साकी, गाइने आदि सबै जातका मानिस एकै ठाउँमा घुलमिल भएर नाच्छन् र जुनसुकै जातसित पनि एक-एक जोडा बनेर लय र तालमा पीठ मिलाउने र काँधा जुधाउने गर्छन् । त्यस्तो उल्लासपूर्ण नाचमा छुवाछुतको भाव हुँदैन ।

सराएँ धेरैजसो दसैको फूलपाती सेलाउने बेलामा खेलिन्छ । पुजारीले राती अखेताको टीका लगाइदिन्छन् र प्रसादको रूपमा जमरा र राता धजा दिन्छन् । राता धजा मानाजस्तै घाँटीमा लगाइन्छ । त्यसपछि नवरात्रभरि देवीको पूजा गरेको फूलपाती डोलीमा राखिन्छ र डोलीमा दुलहीसाई छोपेजस्तै गरी रातो कपडाले छोपिन्छ । पुजारीसहित बाह्मण, क्षेत्रीहरूले डोली बोक्छन् र फूलपातीको डोलीमाथि चमर र पङ्खा हल्लाउन् । डोली अघिअघि लाउँदै बाजा बजाउने टोली र सराएँ खेल्ने समूह खेल्दै वा नाच्दै नदी वा पोखरीतिर हिँड्छन् फूलपाती फेर्नेबेर सराएँ खेलेर नाचेर माथ टुङ्गिन्छ । सराएँ खेल्दा वा नाच्दा गाइने केहि यहाँ उदाहरणार्थ प्रस्तुत गर्नु सान्दर्भिक हुन आउँछ

खेल भाइ हो ऽऽ हातहतियार हो ऽऽ
रामै गरी हो ऽऽ जोगाएर हो ऽऽ
छल्क भाइ हो ऽऽ खेल भाइ हो ऽऽ
खेल भाइ हो ऽऽ बाजागाजा हो ऽऽ
भरिम भने हो ऽऽ बजाइ बजाइ हो ऽऽ
स्वर्गमा भेट हो ऽऽ बाघ पै हो ऽऽ
चाल्दै हो ऽऽ खेल भाइ हो ऽऽ
खेल भाइ हो ऽऽ । इत्यादि
बाँचे आइसाल हो ऽऽ

सराएँ नृत्यगीतको उद्देश्य मनोरञ्जनमात्र हाइन । यसमा हिन्दुहरूको लोकसस्कृतिको संरक्षण गर्नुपर्ने मनोहर भरी गए तापनि बाँचेकहरूले देवीजीको पुकार गर्दै सराएँ खेल्नुपर्ने भन्ने कुराहरू पनि आएका हुन्छन् जस्तै:

बाँचेकालाई हो ऽऽ ऽऽ देवीजीको पुकारगर्दै हो ऽऽ ऽऽ
सम्झना जो हो ऽऽ ऽऽ खेलम् भाइ हो ऽऽ ऽऽ
होला बरै हो ऽऽ ऽऽ धूम धूम हो ऽऽ ऽऽ
मनी भाइ ता हो ऽऽ ऽऽ कालिका देवी हो ऽऽ ऽऽ
मरी गए हो ऽऽ ऽऽ तिनका लागि हो ऽऽ ऽऽ
बाँचे भाइले हो ऽऽ ऽऽ चढाइ कन हो ऽऽ ऽऽ
गर्दै जाऊ न हो ऽऽ ऽऽ खेलम् भाइ हो ऽऽ ऽऽ
ठाउँ-ठाउँ हो ऽऽ ऽऽ

यसरी अर्धाङ्गीको लोकगीतहरूको अध्ययनका क्रममा फेला परेको नौलो प्राप्ति हो सराएँ । जनश्रुतिका आधारमै आजभन्दा धेरै वर्ष पहिले गुल्मीका राजा जित्सा साईंले अर्घाका अत्याचारी गुरुङ राजालाई लडाईमा हारएको उपलक्ष्यमा विजयोत्सवको रूपमा वीरतापूर्ण नाच गरिएको र पछि पछि त्यहीं नाच सराएँ भनिनथालिएको मानिन्छ । त्यसैले अर्घाखाँचीबाट सुरुभएको सराएँ त्यहाँको सामाजिक र वीरतापूर्ण लोकनृत्य गीत हो । यो त्यहाँको विशेष र आफ्नै गीत हो । समग्र नेपाली लोकसाहित्यको नौलो प्राप्ति पनि हो । त्यसैले यस विषयमा विशेष र गहन अध्ययनको आवश्यकता पनि उत्तिकै छ ।

❖❖❖

गजल

सन्तोषी अधिकारी

भेट हाम्रो हुन छाड्यो माथाको डोरी काट्यौ कि ।
नौलो देखु तिमीलाई बिचार कनै साट्यौ कि ।

तिम्रो निम्ति सजाइसकें मैले स्वप्न महल
यो महलमा नलाई अनी घरजम साट्यौ कि ।

औंसीका रात मैं औंसारी किन तिम्रो मुहार ।
आफ्नै जीवनरेखाहोस् आफै कनै फाट्यौ कि ।

तिमै गाडो हुन्छ मनमा जुरा गुम्माएर बस्न,
सुकाएर फिरनी आफ्नै मनलाई काट्यौ कि ।

सुपाकोट

विशेष ध्वजा टाँगेर हिँडिन्छ। यो ध्वजा वर्तमान राष्ट्रिय झण्डाको पुरानो रूप जोडस्तो देखिन्छ। जिनभने त्यो दुई त्रिकोणमस्तो फरी काटिएको हुन्छ र त्यसमा सूर्य चन्द्र पनि अङ्कित गरिएको हुन्छ। त्यसैले सराएँ जाँच एकीकरण अभियानको मुद्रा वा विजयवानमध्ये कुनै एकको परम्परा हुन सक्छ।

- पृथ्वीनारायण शाहको समयतिर विजय वाममा शक्तिकी प्रतीक देवीको जयजयकारसहित अघि बढ्ने चलन थियो। सैनिकहरूमा 'जय गोरखकाली' को नारा आजसम्म पनि प्रचलित छ। 'आलम' शब्द अरबी वा उर्दुतिर ईश्वरवाचक हो। अर्घाखाँची खिदिममा आलमदेवीको स्थान छ। यसबाट आलमदेवीको प्रतीक झण्डा उठाई अघि बढेको सम्भावना देखिन्छ।
- सराएँमा पृथ्वीनारायण शाह र रणबहादुर शाहले रचना गरेको सप्तकडी भाषाका गीतहरू मालश्रीको रूपमा गाउँदै फूलपातीको डोलीलाई अगर पछ्र हम्कने गरिन्छ।
- सराएँमा पश्चिमाञ्चलका बाहुन, क्षेत्री, मगर, गुरुङ, लामी, दमाई लगायतका सबै जातजातिका मानिस सामूहिकरूपले विजय वा विजयेच्छुक मुद्रामा एकै लयमा जोशसाथ एउटै नारामा नाचिरहेका र उफ्रिरहेका देखिन्छन्। सबैका हातमा हतियार हुने र बाजागाजा हतियार बोकेको सबै जातजातिको सहयात्रा एकीकरण अभियानमा नै भएको थियो।
- त्रै ताम् पश्चिमाञ्चलका कतिपय जिल्ला बाहेक सम्पूर्ण नेपालीका सराएँ नाँच, खेल वा जात्रा जर्सा र उत्सुकताको विषय रहेको छ। त्यसलाई सार्वजनिक रूपले राजधानीको सुनामन्चमा प्रदर्शन गर्ने क्रम सम्स्कृतिको राष्ट्रियकरणका दृष्टिले ज्यादै महत्वपूर्ण विजय हो। (शेषित पूर्ववत्)।

जनश्रुति अनुसार "बादशाह गयासुद्दिन तुगलक सिसौदत अक्रत पारेका समयमा हिन्दुहरू भागाभाग भएका थिए। त्यस समयमा सिसौदनका राजा जिल्ला राईले गुरु पुरेत रामभक्त रिजबालाई देवता बोकेर अघाँतिर लगेका थिए। अर्घाका तत्कालीन गुरुङ जातिका अत्याचारी राजालाई लडाईमा हराएका थिए। त्यसपछि अर्घाराज्यका शासनको बागडोर आफ्नो हातमा लिएका थिए। त्यसैको खुसियालीमा सराएँ नाच्नको सुरुवात भएको थियो भन्ने जनश्रुति पाइन्छ। त्यसैले सराएँको प्रचलन सर्वप्रथम अर्घाखाँचीको अर्घाबाट भएको हो। वि.स. १८३१ मा 'अर्घा' मन्दिर स्थापना भएपछि नियमित रूपमा पूजाआजा गर्ने र बजारमाको पूर्णिमाको दिन र चैतदशैंमा धुमधामसाथ सराएँ खेलिन्छ। सराएँमा शक्तिकी देवी दुर्गाको वीरताको वर्णन गर्ने गीत गाइन्छ। यस्तो गीत सामूहिक स्वरमै पुरुषहरूद्वारा भट्याउने र 'बाल्ली' 'हो' भन्ने गरिन्छ। बजारमाको दिनदेखि कोजागत पूर्णिमासम्म अर्घाखाँचीका विभिन्न मन्दिरमा सराएँ खेलिन्छ। यो सराएँ बिलारी छिमेकी जिल्ला र नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा पनि फैलिन थालेको छ" (जीवनारायण भुसाल, अर्घामन्दिर व्यवस्थापन समितिका सभापति २०६८।११।१६ बाट प्राप्त जानकारी अनुसार)। अर्घाखाँचीमा पहिलेदेखि चलेको भए पनि समय लोकगीतमा बसको चर्चा दुई-तीन ठाउँमा मात्र गरिएको छ। त्यसैले बसलाई समय नेपाली लोकगीतमा नयाँगीतको रूपमा लिन सकिन्छ।

सराएँ विभिन्न नामका देवीका मन्दिरहरूमा मात्र खेलिन्छ। त्यहाँका मन्दिरहरूमा मगर, क्षेत्री वा बाहुनजातका पुजारी हुने चलन छ जनुसुकै जातका पुजारी र बाहुन्य भए पनि दसै वा सराएँ उत्तिकै जोश र उत्साहसाथ मनाइन्छ। यस खेल वा नाँचमा सबैजातका मानिस सामेल हुन्छन्। नाचको अगाडि परम्परा अनुसार ग्रामरूपमा दमाहरूले नै बाजा बजाउँछन्। तर सराएँ नाँचेको बेला भयाली र ढोलक आजजातका मानिसले पनि बजाउँछन्। बाजाको पछाडि सराएँ नाच्ने वा खेल्ने बुढा, युवा, केटा हाल आएर केटीहरूको पनि आफ्ना हातमा तरवार, बुँडा, बहुन, ध्वजा-पताका बोकेका निशानका लिइन वा सही लिएकै हुनुपर्छ। ती सबै जुनै पनि नसमाउने मानिसहरू सराएँ जुलुसमा प्रायः सामेल हुँदैनन्।

सराएँमा पहिले पहिले महिलाहरू सहभागी नभए पनि हाल नाचमा सहभागी हुन थालेको पाइन्छ।

देवकोटा शतवार्षिकीका सन्दर्भमा

गान्धी र दुई महान् कविद्वय लेखनाथ र लक्ष्मीप्रसाद

✍ डा.खेमनाथ कोइराला

मैला धमिला खोला हजारौं जो आइपर्छन् ती सबै
सम्झेर साथै राखी उद्धारमा बापू अहो धमिलो नभै
उनी रहेको त्यो पूर्ण सागर कुन दिन्छ शिक्षा वास्तव ? (लेखनाथ २००८:रत्नौक ४०)

\+ + +

अहह अब कहाँ त्यो भारत की अकल्प (देवकोटा युगवाणी २००४)

१. पृष्ठभूमि

डा. गोविन्दराज भट्टराईले कान्तिपुर २०६५ कार्तिक २ मा 'विश्वविद्यालयका आँगनमा गान्धी' लेखे- मेरो आँसु झसेन। तीन दशक नाघे, यो गान्धी भवन २०२९ मा निर्मित भएको थियो। तर आज उपहास केन्द्रका सपना मात्र उपहास केन्द्र तैपनि ठडिएकै छ- कसरी अभै ढल्न नसकेको होला ?

विश्वभर अहिंसावादी महामानवको अहिंसा, सत्याग्रहको महत्व रहिरहेको छ। गान्धीको आजका स्मृतिका सन्दर्भमा म आज गान्धीका बारे लेखिएका दुई कृतिहरू चर्चा गर्न गइरहेको छु, ती हुन् लेखनाथद्वारा लेखिएको अमरसत्य स्मृति र देवकोटाको बापू समेत।

गान्धी सशक्त युगीन पुरुष थिए- जो विश्वमा आजसम्म सत्य, अहिंसा प्रवक्ताको रूपमा परिचित छन्।

विश्वभर अहिंसावादी, सत्यका प्रवक्ता महामानवको सम्झना भइरहेको छ।

भट्टराईले लेखे- विश्वविद्यालयको आँगनमा गान्धी भवन निर्माण भएको हो। आज तीन दशक पूर्वको यो भवन उपहासको केन्द्र बनेको छ। ढल्न लागेको छ, कसरी अभै ढल्न नसकेको होला ? भट्टराईले थपे- देशको विश्वविद्यालयको प्राङ्गणमा गान्धीको प्रतीक गान्धी भवनको गति यस्तो भएपछि नेपालले गान्धीको गीत गाउनु व्यर्थ छ। द्रवीभूत हुँदै उनी भन्छन्- नेपाल भारत सम्बन्धका सबै कुरा काल्पनिक गाथा लाग्दछ।

कान्तिपुर ०६५ कार्तिक २ को त्यो चित्र सहितको लेख पढेपछि मलाई लाग्यो, गान्धी उपहासका केन्द्र बनेकै हुन्, तर म भन्छु-

तिमी भन्छौ लड्छ भवन
म भन्छु लड्दैन भवन,
गान्धी भवन
एवम् प्रतीक मात्र हो
गान्धी स्वयम् विश्वभवन हुन्
जो कहिल्यै लड्दैनन्।
उनी विचार हुन्, दर्शन हुन्, चिन्तन हुन्
किनकि विचार कहिल्यै लड्दैन
दर्शन कहिल्यै मर्दैन
आस्था सधैं रहन्छ,
हो, भवनमा भूकम्प आला
तर दर्शन, आस्था मजबूत रहन्छ
अनन्तसम्म फैलिइरहन्छ।

(कोइराला, खेम २०६५, गान्धी दिवस)

गान्धी भवनको जगमा उभिएर डा.भट्टराईले प्रश्न उठाएका छन्, गान्धीको नाममा खडा भएको भवन कतै ध्वस्त भएर नामोनिशान हुने त होइन ?

भट्टराईको यो आशङ्का मलाई शङ्का मात्र लाग्छ। गान्धीको मृत्यु भएको ६० वर्षपछि पनि गान्धीको विचार सशक्त छन्। गान्धी अमर छन्- विश्वभरका मानव मात्रका मन र मस्तिष्कमा छन्। यू.एन.ओ अर्थात् विश्वसंस्थाले प्रत्येक वर्ष गान्धीको अमर स्मृतिमा शान्ति दिवसको जुन प्रस्ताव पास गरेको छ- त्यो आज पनि ताजै छ- अहिंसा, सत्यका रूपमा।

गान्धी बारम्बार सत्यपथमा अविचलित भएर उभिन्छन् । उनी बोल्छन्–सत्यले प्रत्येक मानवहृदयमा बास गर्छ । ..... भारतले सत्यको बलिदानीमा स्वतन्त्रता प्राप्त गर्नुभन्दा बरू म चाहन्छु, यो धरती होओस् ।

विश्व स्तब्ध भयो, मर्माहत भयो । सारा शोकमा डुबे, कति आँसु भरे । विश्वभरकै सष्टा र चिन्तकले त्यो अपराधीको निन्दा गरे । यी महामानवको आदर्श र गुणको गीत गाए ।

सन् १९४८ जनवरी ३० बापूलाई समर्पेर उनले एक अमर **'शोककाव्य'** रचे । बापू अंग्रेजी भाषामा रचित यस्तो प्रथमसङ्ग्रह हो, जसले विश्वसाहित्यमै महत्वपूर्ण स्थान राख्छ । तर पचासवटा सनेट (चौध हरफे कविता) **बापू** ती दिनमा छापिएन । कलकत्ताको एउटा प्रेसमा पुगेको पाण्डुलिपि हराओ, कसरी कुन रूपमा प्राप्त भयो र मुद्रित भयो भन्ने कुरा **रामहरि जोशीले** सङ्केत गरेका छन्, डा. **पद्मप्रसाद देवकोटाले** विस्तारमा बोलेका छन् ।

हाम्रा महाकविले ती महात्माको शोकमा कत्रो अमर गीत गाएका रहेछन्–आश्चर्य लाग्छ ।

शोक सम्पूर्ण नेपालीले अनुभूत गरेका व्यक्त गर्न नसकेका वाणी र भावना हुन् । महाकवि भक्त टङ्कारी सुनिन्छन् । त्यहाँ एक मानवतावादीले देखेका महात्मासाई कति उच्च प्रेम र श्रद्धाले हेरेका छन् । शक्तिशाली काव्यले बाँधेका छन् । समर्पित सनेट रचे उद्देश्य यसरी स्पष्ट पारेका छन्– म एक कवि हुँ आज सुनौला अक्षरमा अविनाशी शब्द लेख्न चाहन्छु, ती अक्षर जो बोल्न सकून् । **बापूमा** तिनै सुनौला अक्षर छन् । आज ती बोल्दैछन्, टन्किँदैछन् । महाकविले लेखे– तिम्रो रक्तले बगेको पवित्र नदीमा सम्पूर्ण विश्व कम्पित गरायो । यो विश्वकै सारा हृदय आँसुमा डुबायो । लोभन्दा ठूलो प्रलय कहिल्यै आएको थिएन । ठूलाठूला व्यक्ति आज गम्भीर छन् किनभने सबैले आफ्ना पिता गुमाएका छन्, लोभन्दा जँघारो दिन मानव जातिले कहिल्यै भोगेन होला ।

तिमीले मानवजातिलाई मुक्ति दिलायौ, आफै विजयी, गौरान्वित र सङ्लो भएर डोंभगौ । सधैं निर्भीक उभिएर सत्यको सामुन्ने मुस्कुराइरहने हे प्रभिथस ! अर्ध–बुद्ध ! तिमीले सारा सङ्घर्ष गरायौ ।

तिम्रो पितातुल्य अनुहारमा सुकरातीय सौन्दर्य भरिएको, तिम्रो साबरमती धर्म र दर्शनको **जीवन्त** पाठशाला थियो । हो महात्मा, कृष्ण नै सत्य हुन्, यो आत्मा भन्दछ, यो सबैको सर्वशक्तिमान् आकर्षण हो । तिम्रो अहिंसा कुनै मृतकानून होइन, यो एक जीवन्त शक्ति हो ।

म जसरी आफ्ना देशवासीलाई प्रेम गर्दछु, त्यसैगरी म सारा मानवजातिलाई प्रेम गर्दछु, किनकि प्रत्येक मानवको हृदयमा ईश्वरको बास हुन्छ । महाकवि यिनै विश्वमानवतावादीको प्रार्थना र शोकमा थिए– उनी पनि ईश्वरवादी, विश्वमानतावादी एक विराट् चेतना थिए । बापू पद्य लाख–**अंग्रेजी भाषामा अझै पनि यति शक्तिशाली नेपाली कविता देखिएको छैन** । पेट्रार्कको सनेट, शेक्सपियरको सनेट, अंग्रेजी साहित्यका महान् कविहरूको सम्झना हुन्छ, जसको पाल्लामा सनेटले उच्चता पाएको थियो । महाकविको वाणी र विचार बोक्ने नेपाल आइपुगेको एक अविष्कार । छाती गौरव लाग्छ, यो प्राचीन कलामा आधुनिक युगको एउटा अमरगीत गाइएको सुन्दा ।

गान्धी र देवकोटाले आआफ्ना देशका निरङ्कुशताविरुद्ध लडेका थिए, विचारले भावनाले, शब्दले, कर्मले ।

महाकवि नेपाल साहित्यलाई विश्वतिर लैजान चाहन्थे । विश्वचेतना यता ल्याउन चाहन्थे । उनको लागकन्य वक्तव्यमा तिनै उच्च आकाङ्क्षातिर सङ्केत गर्दछन् । आज पनि हामी महाकविले छोडेभन्दा धेरै टाढा पुग्न सकेका छैनौं । आधा शताब्दी बित, उनैलाई सतोदिन सम्झिरहेछौं । आज महाकवि भान्भक्त टुप्पा र विराट् लाग्दछन्, एक अलग्न भविष्य द्रष्टा लाग्छन् ।

(गोविन्दराज भट्टराई, कान्तिपुर २०६५, कार्तिक ९)

२. देवकोटा र लेखनाथ

देवकोटाको शतवार्षिकीको सन्दर्भमा देवकोटा र उनका अग्रज लेखनाथका निम्न कविताहरूमा उद्धरणबाट गाम्भीर्यले गो लेख अंग बढाउँछु :-

'अहह अब कहाँ त्यो भारत श्री अकन्य ?

(देवकोटा, युगवाणी २००४)

बसरी अर्धाङ्गीकाको समय नेपाली भाषाका लोकगीतहरूलाई विशेष र सामान्य गरी दुई किसिमले वर्गीकरण गरिएको छ । विशेष गीत जुन लोकजीवनका विशेष अवसरमा मात्र गाउन मिल्छ भने सामान्य गीत जुनसुकै अवसरमा पनि गाउन सकिन्छ । भजन, कीर्तन, आरती धर्म प्राप्तिका कामनाले गर्ने भएकाले धार्मिक गीत अन्तर्गत राखिएको छ । जीवनका विशेष क्रममा गैला ब्रतबन्ध र विवाहमा गाइने मागल/सगुन र रसौली/ जिउँती संस्कार गीत हुन् । तीज ऐंसे, तिहार, फागुनजस्ता पर्वका अवसरमा गाइने गीतलाई पर्वगीत भनिएको छ । त्यस्तै विशेष कामकाज रोपाई, दाई र केटाकेटी झुलाउँदा गाइने गीत कर्मगीत अन्तर्गत समावेश गरिएको छ । सामान्य गीत अन्तर्गत सामान्य महत्व र सामान्य अवसरमा पनि गाइन मिल्ने गीतलाई राखिएको छ । जस्तै भजाइँरे, दोहोरी, राजनीतिक गीत बाल गीत, गम्भव गीत र अन्य उपर्युक्त जस्तोसुकै किसिमका गीतहरूले मानवको समग्र जीवनको दुःख-सुख हर्ष-विस्मात, आशा निराशा र चालचलन आदिको अभिव्यक्ति दिएका हुन्छन् । त्यसका साथै सुधारका लागि समेत सुझाव सम्प्रेषण गर्दछन् ।

सराएँ नृत्यगीत एक चर्चा:

ऐतिहासिक र वीरतापूर्ण लोकनृत्य गीत सराएँ हो । यो अर्धाङ्गीमा गाइने विभिन्न प्रकारका गीतहरू मध्येको विशेष गीत हो । विजयादशमी र चैतेदसैको अवसरमा मात्र विभिन्न ठाउँका भगवतीका मन्दिरहरूमा नाच्दै गाइने भएकाले यो त्यहाँको विशेष गीत मध्येको पनि पर्वगीत हो । त्यस्तो नाच नाच्दा देवीको प्रतीकको रूपमा ३-४-७ वटा आलम बोकिएको हुन्छ । ती आलम वरिपरि हातमा खुँडा, तरवार, लट्ठी र भाला लिएर नौमती बाजाका तालमा वीरता र जोशपूर्ण तरिकाले नाच्दै गाउने गीतलाई सराएँ गीत भनिन्छ ।

सराएँ शब्दको सन्दर्भमा अर्थ खोज्दै जाँदा नेपाली बृहद् शब्दकोषले 'सराए' भन्दै यसलाई विशेष पर्वका दिन मन्दिरभित्रका खुकुरी, तरवार, खुँडा, लट्ठी आदि हतियार हातमा लिएर नर्चाउँदै र नचाउँदै बाजाका तालमा नाच्दै देखाइने नर्धाङ्गीको जिल्लाको प्रसिद्ध जात्रा भन्ने उल्लेख भएको छ । (पौड्येल बालकृष्ण र अन्य, २०४० :३३६) । तर त्यहाँ यसलाई सराएँ नै भनिन्छ । सराएँ बाजाका तालमा गाउँदै र नाच्दै गरे पनि यसलाई सराएँ खेल्ने पनि भनिन्छ त्यसो भनिए तापनि सराएँ खेल्दा बीच-बीचमा केही-केहीले लयात्मक धारले भट्याउँदै र अरू सबैले 'वाऽखै हो' भन्दै नाच्दा नृत्य-गीत भन्न सकिन्छ ।

जनश्रुति अनुसार यो नृत्यगीतको सुरुवात धेरै पहिलेदेखि भए पनि यसको विस्तार, विस्तृत अध्ययन र अनुसन्धानको भने अझै पनि अभाव रहेको छ । यसै सम्बन्धमा साहित्यकार मोदनाथ प्रश्नितद्वारा सोधखोज गरी सङ्कलित राय उनकै अनुभाव निम्नानुसार रहेको पाइएको छ ।

मोदनाथ 'प्रश्नित' का अनुसार-

'वाऽखै' र 'हो' भन्ने शब्द कुन भाषाका हुन् र यिनको अर्थ के हो ? अहिलेसम्म कसैलाई थाहा छैन । मेरो ख्यालमा यी शब्द या त खस (प्राचीन नेपाली) भाषाका हुनुपर्छ या मगर भाषाका । मैले पश्चिम खसान र मगरातका धुरै बुद्धापाका र विद्वान्हरूलाग सोधें । उनीहरूले पनि अर्थ बताउन सकेनन् । 'हो' भन्ने शब्द खास अर्थमा नेपालीमा प्रचलित छ तर 'वाऽखै' शब्द शब्दकोशमा पनि छैन र बसन्तकुमार शर्माको हाले प्रकाशित नेपाली शब्दसागरमा पनि छैन । त्यसैले धेरै मानिसलाई जोखमाएर छप्टीसम्म नचाउने र शताब्दीऔंदेखि चलेर आएको यस्तो चाहिलो शब्दको अर्थ थाहा नहुनु र थाहै नभएर पनि सबैले जोश साथ भट्याउँदै आउनु अचम्मैको कुरा हो । यदि यस शब्दको वास्तविक अर्थ फेला पऱ्यो भने 'सराएँ' सस्कृतिका धेरै कुरा उद्घाटित हुनेछन् (प्रश्नितको अनुसार-

सराएँ जात्रा नेपालको एकीकरण अभियानको समयबाटै चलेको हुनुपर्छ । त्यसको सङ्केत निम्न कुराले दिन सक्छ

- सराएँको बेला बाँसको लिङ्गोमा 'आलम देवी' भनेर प्रतीकको रूपमा राखी या लेखी राख्नको

अर्को नेपाली लोकसाहित्यका अध्येता टेकबहादुर खबीले नेपाली लोकगीतलाई गाउने समय पर्व र रसको आधारमा सात वर्गमा बाँडेका छन् । जस्तै

१. वीर रस र करुण रसका लोकगीत
२. घटनाप्रधान लोकगीत
३. चाडपर्वका लोकगीत
४. विवाहपर्वमा गाइने लोकगीत
५. नृत्यगीतहरू
६. भजनका रूपमा लोकगीत
७. दोहोरी लोकगीत -धाँसिगीत र असारे इत्यादि

(खबी टेकबहादुर २०३४:१७)

धर्मराज थापा र हरिपुर सुबेदीले पनि नेपाली लोकगीतलाई निम्नानुसार वर्गीकरण गरेका छन् १. सामान्य गीत, २. संस्कार गीत, ३. ऋतु वा वृतसम्बन्धी गीत, ४. कर्मगीत, ५. पर्वगीत ६. लोकनृत्य गीत ७. विविध (थापा र सुबेदी इब, २०४९: ८२) ।

लोकसाहित्यकार कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतलाई त्यसको आयाम, प्रस्तुति क्षेत्रीय, जातीय, विद्वतीय एवं स्वरूप अवस्था र कार्यका आधारमा वर्गीकरण गर्नुका साथै लोकगीत टुक्राकै चिनिने वर्गीकरण गर्नु आवश्यक छ भन्दै लोकगीतको विषयात्मक वर्गीकरण वर्षचक्रीय र जीवनचक्रीय आधारमा गरेका छन् (पराजुली कृष्णप्रसाद, २०५७ १४६-१४९) ।

कृष्णप्रसाद घिमिरेद्वारा नेपाली लोकगीतको वर्गीकरण संरचना वा विषयवस्तु, गायन आदिका आधारमा गरिएको पाइन्छ (घिमिरे कृष्णप्रसाद कुञ्जिनी, २०४४: ८७) ।

त्यस्तै अर्को प्रसिद्ध लोकसाहित्यकार चूडामणि बन्धुका अनुसार नेपाली लोकगीत सामान्य र विशेष गरी दुई प्रकारका छन् (बन्धु चूडामणि, २०५८: १२४) । जसअनुसार सामान्य गीत अन्तर्गत बाँडिएका गाउन मिल्ने, विभिन्न उमेर अवस्थाका व्यक्तिले गाउन मिल्ने विविध भावका गीतहरू राखिएका छन् । विशेष अन्तर्गत (चाडपर्व वा संस्कार कर्ममा) मात्र गाइने गीतहरू विशेष गीत हुन् भनिएको छ ।

त्यस्तै लोकसाहित्यका अर्को अध्येता कृष्णप्रसाद घिमिरेले संरचना र सकयनका आधारमा अर्थाधीका नेपाली लोकगीतलाई निम्नानुसार वर्गीकरण गरेका छन् ।

१. सांस्कृतिक गीत २. राजनीतिक गीत, ३. आर्थिक गीत, ४. सामाजिक गीत ५. विविध गीत (घिमिरे, कृष्णप्रसाद, पाणिनी २०५३ पृ-५

यसरी नेपाली लोकगीत भाव्यभूमी उपर्युक्त वर्गीकरण र अर्थाधीमा गाइने लोकगीत प्रवृत्तिका आधारमा यसैका लोकगीतलाई पनि मुख्यतः विशेष र सामान्य गरी निम्नानुसार दुई प्रकारमा विषयात्मक वर्गीकरण गर्न सकिन्छ



गान्धीलाई २००४ साल माघ १७ गते नाथुराम गोड्सेले क्रूरतापूर्ण रूपमा हत्या गऱ्यो, तर गान्धी विश्वभरका करोडौं करोडौं व्यक्तिहरूका लागि प्रेरणाप्रद रहेका छन् । देवकोटाका शब्दमा गान्धी र कृष्ण, राम र बुद्धका संगम हुन् । उनी आफ्ना स्वकार्यद्वारा संसारलाई नै प्रभावित पार्छन्, संसारमा अनुसरणीय छन् । संसारका पिता तुल्य महामानव गान्धीबाट विश्व सदैव ऋणी भएको गान्धी ठान्छन् ।

देवकोटा गान्धीबाट अत्यन्त प्रभावित भएका छन् । उनी गान्धी सम्बन्ध आफ्नो उद्गार 'बापू' कवितामा व्यक्त गर्छन् ।

'बापू' कविता

Kohinoor of our Indian crown, O saintly man
(page 3)

\+ + + +

Bapu, our fathers are in Heaven
\+ + + +
(page 12)

In Bharat, purest land of God Suprime
(page 13)

\+ + + +

Non Violence is a force a working power
\+ + + +

It is the souls direction to a land
(page 16)

\+ + + +

I'm the maker of the Heaven you know. The race's Heaven to a holy law
(page 17)

\+ + + +

Religion is the way to truth and good,
The way to universe good, the healing balm
(page 10)

\+ + + +

Teach me to child my child women my heart weep as they weep, cry as they cry in pain
(page 19)

\+ + + +

work, work- it is not mean your work is life work in your God..... in labous dignity
(page 21)

\+ + + +

Humanity is beauty..... real pride
is low its meekness makes us truly great.
(page 22)

माथुराम गोड्सेले बापू अर्थात् गान्धीलाई हिन्दू जातिको उत्थानको निम्ति बाधक र मुस्लिमहरू प्रति झुकाव भएको भनी गान्धीको हत्या गरेको कार्य क्रूरतापूर्ण हत्याका रूपमा निंदि मानवतावादी देवकोटाले गान्धीका अहिंसा, सत्य, जस्ता मन्त्रका आधारमा बापू (BAPOO) लेखे, जुन देवकोटाको तात्कालीन आशुकवित्वको प्रतीकको रूपमा थियो ।

गान्धीबारे कवि शिरोमणि लेखनाथ 'अमर ज्योतिको सत्यस्मृति' (प्रकाशन २००८ काव्य, लेखन २००४) लेख्छन् :-

सत्यानुरागी त्यो सत्यवादी तपस्वी सुगा नभमा उड्दो
निःस्वार्थ-सेवा-शिकी पखरको दैवले बीचमा चुँड्दो
उसले कसैको जीर्णाशिथिलजर गाम्भीर्य मुद्रा-मुद्रित
विद्वत्भवनमा श्री रामधुनमा मैथो कडै थिर नीदित

(लेखनाथ २००८:श्लोक २२)

छैं छैं दुर्दुर पुण्य हो वा बन्धुत्व वैभव पुण्य हो ?
हे मान्य मानव ! आफ्नै त छूट्या कुन पूर्ण हो
कुन शून्य हो ?

(श्लोक ३९)

आकाश रोयो नक्षत्र तारा रोए सबै पिम्पिल गरी
रोइन् शशिरी, रोयो हवा त्यो रोए दिशा र विभावरी
त्यो रोदनको छायाँ अँधारो पर्दा कडै यमुना पनी
बग्दिन् सँदै भन् विस्तार गानी मानु हवस सलिली बनी ।

(श्लोक २३, लेखनाथ पौड्याल, २००८)

उस प्रेमको जो संसार भरमा व्यापक बनाकन बान्दछ
त्यो विश्वसेवा विश्वेशको नै सेवा भनीकन ठान्दछ
हे मान्य ! मानवपनाको वै हो मुटु वास्तव ।

(लेखनाथ २००८:श्लोक ४४)

गोड्सेले भने अनुसार:-

गान्धीजीले देशलाई टुक्याएर जनतालाई टुका पारे

दुर्भाग्यवश कुनै पनि समझदार हिन्दुले गान्धीजीको 'सत्य र अहिंसा' को नारालाई खराब मान्न सकिरहेका थिएनन् । वास्तविकतामा आफ्नो कर्तव्य पालन गर्न, आफ्नो अस्तित्व र आत्मसम्मानको रक्षा गर्न, राष्ट्रिय अखण्डता कायम गर्नका निमित्त विशेष अवस्था वा परिस्थितिमा अहिंसाको मार्ग पनि त्याग गर्नुपर्ने हुन्छ भन्ने कुरा कसैले सम्झन सकेनन् ।

\+ + +

गान्धीजीको 'अहिंसावादी' को अति प्रचारको कारण हिन्दुजातिलाई अत्यन्तै निर्बल बनाइदिएको थियो त्यसबेला । उनैको आदेश अनुसार अल्पमत मुसलमानहरूलाई 'गौ-हत्या' लगायत अन्य विषयमा छैनभन्दा धेरै सुविधा दिंदै गयो, जसले गर्दा हिन्दुहरूको अधिकार र अस्मितामाथि नै हानी हुंदै गइरहेको थियो ।

गान्धीजीले भारतको एक तिहाइ भू-भागलाई अलग देश मानेर 'जिन्ना' लाई सुम्पिए जसलाई (पाकिस्तान) मुस्लिम देश भनियो तर बाँकी रहेको भू-भाग भारतलाई भने हिन्दुदेश मान्न गान्धीजी कदापि तयार भएनन्... किन ?

\+ \+ \+

हिन्दुहरूलाई ज्यादती गरियो, लुटपाट मच्चाइयो र बाध्य पारेर भारत पार्नेइयो । यसको प्रतिशोध स्वरूप भारतमा पनि हिन्दुहरूले मुसलमानहरूलाई अमानवीय व्यवहार गरे, जसको प्रतिउत्तरमा गान्धीजीले भने- "भारत हिन्दुहरूको मात्र देश हैन, यो सबैको हुनुपर्दछ । मुसलमानहरूको संरक्षण हुनुपर्दछ भनै निर्वासित हिन्दु र सिखहरूले जतिसुकै कष्ट भोग्नु किन नपरोस् ।"

भिनै तर्कका आधारमा गोड्सेले गान्धी हत्या गऱ्यो ।

गोड्सेको यो दुरसाहसी सङ्कीर्ण विचारप्रति लेखनाथ पौड्याल प्रतिवाद स्वरूप गान्धीको महानतालाई चित्रण गर्दै भन्छन् :-

अपशोच ! त्यस्तो बुरा चीजता त्यो कस्तो विकट दुर्घटना कसो भयङ्कर छोड्या दगा या कस्तो जघन्य राक्षसपना जुन घोर पापी राक्षसपनाले त्यस्तो पुरुषको छातीमा गोली चलाई ध्वस्त लगायौ सम्पूर्ण हिन्दू जातिमा

(लेखनाथ २००८:श्लोक ८)

श्रीराम, शङ्कर, बुद्ध भन् वा ईशा तँ भन् बड्ढा बुधा
जो भन्छन् भन् एकै छ ज्योति, भन्दैन त्यो कहिलै जुदा

(लेखनाथ २००८:श्लोक १५)

त्यो साम्प्रदायिक त्यो राजनैतिक उच्च आर्थिक दोषले दूषित गरेको तेरो मनजमा अच्छा नमायो जोराले त्यसैले तलाई निरुपद्र अन्धो पागल बनायो वास्तव

(लेखनाथ २००८:श्लोक २२)

यो लेखनाथको आध्यात्मिक नवोन्मेषको मानवता अभिव्यक्ति हो । (त्रिपाठी २०३४, पृ. २३०)

३. उपसंहार

कवि शिरोमणि लेखनाथ र महाकवि नेपाली काव्य परम्परामा आफ्नै पृष्ठभूमि बोकेका महान् व्यक्तिहरू युगपुरुष हुन् । यी दुवैले मान्यताका प्रतीक गान्धीका प्रति अमर श्रद्धाञ्जली दिएका छन् ।

सन्दर्भग्रन्थ सूची :

अधिकारी, सूर्यमणि -आधुनिक विश्वको संक्षिप्त इतिहास ।
अधिकारी, सूर्यमणि -नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास, नयाँदिल्ली, निराला पब्लिकेशन, सन् १९९८ ।
गाथी, एम.के. -सत्य के प्रयोग अथवा आत्मकथा अनुवादक, नवजीवन प्रकाशन मन्दिर, २००८ सन् ।
त्रिपाठी, वासुदेव -लेखनाथ पौड्यालको कविताको विश्लेषण तथा मूल्याङ्कन, काठमाडौं, पा.वि.के. २०३४ ।
देवकोटा, लक्ष्मीप्रसाद -बापू एण्ड अदर सोनेट्स, काठमाडौं, देवकोटा-स्टडी सेन्टर, सन् २००६ ।
दुवे, अमरकुमार -विश्वप्रसिद्ध क्रान्तिहरू, (अनु प्रकाश थापा) काठमाडौं, विविध पुस्तक भण्डार २०६५ ।
नेहरू, जवाहरलाल -सम्पूर्ण अफ्र वर्ल्ड हिस्ट्री ।
पौड्याल, लेखनाथ -अमर ज्योतिको सत्यस्मृति, काठमाडौं, २००८ ।
बाइपर, सी.एल. -पोलिटिकल थट, न्यू देल्ही, सी.एल. पब्लिकेशन १९७९ ।
भौडारी, ईश्वरीराज -नेपालमा जनआन्दोलनका आयामहरू, भरतपुर, सुविधा शर्मा, २०६३ ।
मुखेरी, रामराजा -नेपालको संक्षिप्त इतिहास, काठमाडौं, साझा प्रकाशन २०५१ ।

पत्रपत्रिका :

अन्तर्राष्ट्रिय मञ्च, अन्नपूर्ण पोष्ट, क्रान्तिपुर, काठमाडौं पोष्ट, गोप ।

ooo

संस्कृति

अर्घाखाँचीका लोकगीतको वर्गीकरण र सराएँ: एक चर्चा

लक्ष्मी पौडेल (कोकिला)

विषय प्रवेश:

मानिसले आफ्ना सुखदुख, हर्ष-विस्मात, विरक्ति, चिन्ता उल्लास आदिका क्षणमा मनका भावलहरीलाई सुरिलो गला र मीठो स्वरमा व्यक्त गर्न थाल्यो । युगौंदेखि त्यसै गर्दै आएको लोकले आँखेलम्म समयको अन्तराल पनि धेरै पार गरिसकेको छ । यसै क्रममा धेरै गीतहरू पनि गाइसकिएका छन् । मानिसले जीवनका विविध पक्षलाई छोएर गाएका गीतहरू पनि धेरै प्रकारका हुने नै भए । त्यसैले नेपाली भाषाका लोकगीतहरूमा पनि विभिन्न प्रकारहरू देखिएका छन् । अन्तर्राष्ट्रिय स्तरमा लोकसाहित्य र त्यस अन्तर्गतको लोकगीतका बारेमा विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धान र वर्गीकरण भइसके तापनि नेपाली लोकसाहित्यमा त्यो समस्या अझैपनि छँदैछ । भारतीय लोकसाहित्य र नेपाली लोकसाहित्यका लगभग समान किसिमका विशेषता हुने भएकाले नेपाली लोकगीतका अध्येताहरूले पनि भारतीय लोकगीतको वर्गीकरणलाई आधार मानेर नेपाली लोकगीतको वर्गीकरण गर्ने गरेको पाइन्छ । नेपाली लोकगीतका धेरैजसो विशेषता अर्घाखाँचीका लोकगीतले पनि बोकेको हुँदा यहाँका लोकगीतको वर्गीकरण सोही आधारमा गर्न सकिन्छ ।

लोकगीतको वर्गीकरण:

अर्घाखाँचीका लोकगीतको वर्गीकरण गर्नुभन्दा पहिले यहाँ लोकसाहित्यका विभिन्न अध्येताहरूले गरेका लोकगीत सम्बन्धी वर्गीकरणहरूलाई उल्लेख गर्नु सान्दर्भिक हुन जाउँछ । भारतीय लोकसाहित्यका अध्येता डा.कृष्णदेव उपाध्यायले लोकगीतको वर्गीकरण निम्नानुसार गरेका छन् । १. संस्कारसम्बन्धीगीत, २. ऋतुसम्बन्धी गीत, ३. व्रतसम्बन्धी गीत, ४. जातिसम्बन्धी गीत, ५. धर्मसम्बन्धी गीत र ६. विविध गीत (उपाध्याय, कृष्णदेव सन् १९९८ : ६२-६३) अर्को भारतीय लोकसाहित्यकै विद्वान् सत्येन्द्रले लोकसाहित्यको वर्गीकरण १. साधारण, २. अनुष्ठानिक, ३. भावनासम्बन्धी र ४. लेखसम्बन्धी (सत्येन्द्र, सन १९७१, ३३५) गरी चार किसिमले गरेका छन् ।

नेपाली लोकसाहित्यमा दिनै भए पनि लोकसाहित्यका विद्वान्हरूले लोकगीतको वर्गीकरण तथा विश्लेषण सक्रियतापूर्वक गर्दै आइरहेका छन् । यस क्रममा सत्यमोहन जोशीले नेपाली लोकगीतलाई निम्न आठ बुँदामा देखाएका छन् ।

१. भजनका रूपमा गाइने लोकगीत (चुड्का, बालन)
२. नृत्यसँग उठिएका लोकगीत (सोरठी, मारुनी, घाटु)
३. प्रेमभय जीवनसँग गाँसिएका लोकगीत (सोरठी)
४. चाडबाडसँग समन्वय भएका लोकगीत (सामिनी, देउसीरे)
५. सामयिक लोकगीत (मालसिरी, दाईगीत)
६. युद्धक्षेत्रमा प्राण सञ्चार गर्ने लोकगीत (ऊर्जा)
७. कथा गाँसिएका लोकगीत (चरित)
८. उत्सवमा किकिने लोकगीत (चरित, रत्नौली) (जोशी सत्यमोहन, २०१४ : १४५) । नेपाली लोकसाहित्यकै अर्को अध्येता ज्ञानीभक्त पन्तले नेपाली लोकगीतलाई जम्माजम्मी ९ किसिमले बाँडेका छन् । ती निम्नानुसार छन्

१. राष्ट्रस्तरीय गीत, २. जिल्लास्तरीय गीत, ३. गाउँस्तरीय गीत, ४. जातिस्तरीय गीत, ५. भाषास्तरीय गीत, ६. पर्वस्तरीय गीत, ७. लोकनाटकस्तरीय गीत, ८. ऊर्जास्तरीय गीत ९. ऋतुसरीय गीत (पन्त ज्ञानीभक्त, २०१८ : १४८-१५०)

झगडाका गुंड

✍ कृष्ण बजगाई

नेपालको एउटा याचीले धर्मग्रन्थ फिकेर पढ्न थाल्यो। हेर्दाहेर्दै उसको मुखाकृति क्रुद्ध बन्यो।

अर्को याचीले राजनीतिशास्त्रको किताबको पाना पल्टाउन थाल्यो। छिल्मै उसको मुखाकृतिमा हिसाको रेखा दौडिन थाल्यो।

रेलको डिब्बाको एउटा सानो बालकले परिकथा पढ्दै थियो। एकाएक उसको अनुहारमा खुशीको लहर देखापर्न्यो।

डिब्बाभित्रका अन्य मानिसहरू आ-आफ्नै धुनमा मस्त थिए।

धर्मग्रन्थ पढ्दै गरेको मान्छे एकाएक किताब बन्द गरेर प्रार्थना गर्न थाल्यो।

त्यसले प्रार्थना गर्न थालेपछि राजनीतिक किताब पढ्दै गरेको मान्छेले विरोध गऱ्यो।

उसले विरोध गरेपछि उसले विवाद गर्न थाले। विवाद पछेर मारपीटसम्म पुग्यो। हेर्दाहेर्दै सिट्टी रेलमा आगो लगाइयो। आगो लाग्ने बित्तिकै रेलबाट झगडाका गुंड खुप्पुक उत्रे। अनिपर पुगेपछि दुवै जंगानो मारेर जाँदै थिए।

डसेल्स, बेल्जियम

तुच्छ जीवन

✍ इन्द्रकुमार थेङ

फुलेको छ लाली म हेर्न कसोरी
मसाई छ प्यारो नहेर्न कसोरी
नुकाऊ न लाली कतै भाग कतो
म बोले रिसाई तिमी गर्नु गाली।

नसाए न टीका नचोरे कपालै
नुहाएर कतो धसिन् तेल चिल्लै
नहाँसे नि हुन्थ्यो मुटु चिर्छ मुस्कान
कसैको नभाको फुलेको छ जीवन।

भनै सम्झी हेरें भनै तिर्मनामा
तिमै ढुक्क हुन्थ्यो तिमी बिर्सदामा

जसै खोजिहेरें तिमी बिर्सिजान
अभै बढ्छ तृष्णा गला सासमम्म।

गुनेगुन् छ तिमी मसाई रुवाई
गयौ फर्किएरै घरैसम्म आई
नआऊ न भैगो म पर्खी बसौंला
परानी घिसारी खरानी घसौंला।

दियो चोट जल्ने उसैलाई माया
अभै मर्नपर्न भनी भन्छ यो मन्
इमान्दार भए यो कुनै काम लाग्थ्यो
मयालू भएरै भयो तुच्छ जीवन

कमलाकुन्ज, बोखलडुङ्गा

गणतन्त्र

✍ सरस्वती चिमोरिया

गणतन्त्र पीर किन खालो छोप्ने टालोजस्तो
भोक पालेर बस्नेहरूको खान जाने पालोजस्तो
कसैको त नेऊन हजुर कसैको त सालोजस्तो
गणतन्त्रमा नुहाभाइहरूको दिन किई भन्थे
बोलिला बस्तीहरूमा उषा छिई भन्थे
यहाँ त मान्छेलाई किनेर जमात बढाउन पाइने भयो
एउटालाई झारेर अर्कोलाई चढाउन पाइने भयो
बसिनो खाएर मसिनो भएकाहरूलाई
नुनतेलका रिसा बढा भएर आयो
लालीहरूलाई छुरा भएर आयो
पसिना बगाउनेहरूलाई पेच कसेरै तर्साउने भयो
तिमी त , गणतन्त्र अदृश्य बार भयौं
स्वतन्त्रताले चाटोमा चेतनालाई बाध्ने तार भयौं
दुईचार जनाको लागि मात्र चिन्ता कर भयौं
कम्पवृक्ष बोपेका चिर्यौं
बेकामे भार भयौं
गणतन्त्रको सौगात स्वरूपको स्वतन्त्रता
औकात बाहिर गएको छ।
सोले स्वास्नी बीचको पर्दा भयौं
कसिला मस्तिष्कको लागि जर्दा भयौं
देखा झलक झल्किए पनि गणतन्त्र
खालो छोपेको टाली जस्तो
भोक पालेर बस्नेहरूको लागि मात्र
खान जाने पालोजस्तो
कसाहरू बाघोजस्तो
प्रभाव छेउ लागेजस्तो
बुद्ध बन्न खोज्नेहरू समाधि लगाउनाटै भागेजस्तो
गणतन्त्र आज यहाँ
गोल छोप राखेको सुन्दर खोलजस्तो
चौटायो आसमा बसेको लागि मात्र
जीवनी भोलजस्तो।

अद्भुत सृष्टाको खोजी

✍ ब्रह्मप्रिय प्रेमस्वरूप

जहाँ जहाँ पाइरहेछु म
कसैले पछ्याइरहेछ
जे जे गरिरहेछु म
कसैले निगालिरहेछ
ठीक बेठीक जवाफ दिवैन
तर नगर केही भन्दैन
विचित्र स्वभाव छ उसको
टुलुटुलु हेरिरहन्छ
काम बिगिए पनि ओहो ! बिगियो भन्दैन
काम सकिए पनि स्वाबासी दिंदैन
टुलुटुलु हेरिरहन्छ
बालीभावना बनिरहन्छ
नभाग्ना म भने
उसको लीला बुझ्न सकिन
चाम्हाल म भने
उसको महिमा जान्न सकिन
केका खातिर सृष्टि गर्छ !
केका खातिर दृष्टि गर्छ !
चराचर जगतभरि
ऊ स्वयं उपस्थित भन्छ
ऊ बाहेक कोही हैन भन्छ
म भने यो जगत केयारो देख्छु
ऊ जगतलाई प्रकाशवान भन्छ
म परा, प्रकृति र पुरुष देख्छु
ऊ अद्वैत भन्छ
शायद म अलग छु
ऊ सर्वज्ञ छ।
त्यो सर्वज्ञलाई म निरन्तर खोजिरहेछु
म देखिन
ऊ देखिरहेछु भन्छ
म चिनिन
ऊ चिनिरहेको छु भन्छ
त्यो अद्भुत इष्टालाई म
निरन्तर खोजिरहेछु
त्यो विचित्र सृष्टालाई
भेट्ने प्रयास गरिरहेछु।

लेख / निबन्ध

घोडेजात्रा

✍ गोकुलप्रसाद शर्मा

घोडादौडको प्रसिद्ध जात्रालाई 'घोडेजात्रा' भनिन्छन् । यो जात्रा काठमाडौंको सदर ट्रेडिङ्गेलमा सार्वजनिक प्रदर्शनका उद्देश्यले देखाइन्छ । यो जात्रा चैत महिनाको कुनै निश्चित गते भित्र पर्न जाउँदैन । बसेंती चैत कृष्णचतुर्दशीका दिन यो जात्रा मनाइन्छ । घोडेजात्रा हेर्न प्रधानमन्त्री र मन्त्रीमण्डल सम्मिलित हुन्छन् । ट्रेडिङ्गेलका वरिपरि भेला भएर विशाल जनसमूहले घोडेजात्राको रमिता हेर्छन् ।

घोडेजात्रासित पिशाच चतुर्दशी अर्थात् भाताचाहे चाड सम्बन्धित छ । काठमाडौं उपत्यका निवासीहरूमध्ये धेरैजसोले घोडेजात्रा चाड दशैं र तिहारका चाडजतिकै हर्षोल्लासले मनाउँछन् । यो दिन बिहानै उठेर नुहाइधुवाइ गरी बाल, युवा, वृद्ध महाकाली, श्वेतकाली, सुमडी रक्तकाली, भद्रकेश्वरी आदि पीठका देवीहरूका साथै गणेश र भैरवको दर्शन गर्न मन्दिरतिर जान्छन् । कोही मानिसहरू भने यो चाडका बखत नायखिचा नाउँको बाजा बजाउँदै देवदेवीहरूका झट्टयात्राका साथ शहरको परिक्रमा गर्दछन् । यो दिन मानिसहरू साँझतिरमा नवरस मध्येको एक करुण रसले ओतप्रोत भएको छातु नामको राग गाउँदै हिँड्छन् ।

सोही दिन बेलुकादेखि आधा रातसम्म जागा भई मानिसहरू शिवजीको एउटा रूप 'लुकुमहाद्यो' लाई लगायी भोजन -जाँड, रक्सी, लसुन, मासुका विभिन्न परिकार चढाएर उनको पूजा गर्दछन् । कोही कोही टन्न रक्सी छोकेर जङ्गबहादुरको घोडा किन्ने भन्दै बेसुरमा चिच्याउन थान्छन् । एकजना जंङ्गहायाले जङ्गबहादुरको घोडाको लगाम समातेर सोधेछ- 'तिम्रो यो घोडाको मोल कति हो ?' आज यो जंङ्गहायाले धेरै जाँड पिएर होसहवास् गुमाएछ भन्ने बुझी जङ्गबहादुरले हाँसी उत्तर दिएछन् - 'भोलि मेरो दरबार आऊ अनि त्यसै बेला घोडाको मोल भन्नुला ।' भोलिपल्ट त्यो मानिसलाई जङ्गबहादुरको उपस्थित गराइयो । त्यस बखत उसमा लागेको जाँडको नशा हराइसकेको थियो । भयभीतहुँदै आफ्नो धृष्टताका लागि उसले माफी मागेछ । त्यहाँ उपस्थित व्यक्तिहरू खित्का छाडेर हाँसिछन् ।

घोडेजात्रासित सम्बन्धित अर्को घटना यस प्रकारको छ - उहिले गुरुमापा नामको एउटा राक्षस ट्रेडिङ्गेल कुरेर बस्टीरहेछ । केटाकेटीहरू रुन थाल्दा ऊ गुरुमापा आयो भनेर उनीहरूलाई तर्साइन्छ । गुरुमापा भन्ने नाम सुन्नसाथ केटाकेटीहरू रुन छाड्छन् । एकपल्ट गुरुमापाले काठमाडौंमा इद्मबहालको केशचन्द नामको बनियालाई ठूलो मुन लगाएछ । केशचन्दले गुरुमापा गुठी स्थापित गरिदिएछन् । सो गुठीका गुठियारहरू फागुपूर्णिमाको रात एउटा भिङ्गी रसिको मास पकाएर गुरुमापालाई कुल्याई उहून नसकेको गरी त्यसलाई सताइराख्दथे भन्ने मानिसहरूको धारणा छ । भनिन्छ कि ट्रेडिङ्गेलमा रहेको गुरुमापाको ढङ्गलाई डान्स भनी बत्तरी लिई आँध सरेको मानिस आफैं उठेर नाचेछ ।

लुकुमहाद्यो सित सम्बन्धित धारणा यस प्रकारको छ- एउटा देख्ने शिवजीको कठोर तपस्या गरेछ । शिवजी प्रसन्न भई स वर माग भनेर भनेछन् । त्यो देख्ने भनेछ- ज-जसको शिरमा म हात राख्छु, उनीहरू तत्कालै भस्म भइजाऊन् । शिवजीले 'तथास्तु' भनेछन् । त्यस वरको परीक्षा गर्न त्यो देख्ने सबभन्दा पहिले शिवजीको शिरमा हात राख्ने इच्छा प्रकट गरेछ । शिवजीलाई पन्यो फसाद । उनी कतै लुक्न भनी भागे । देख्ने उनलाई लखेट्न थान्यो । शिवजी एउटा रछनमा लुकेर बसे । अन्तर्यामी भगवान् विष्णुलाई यी कुरो थाहा हुनासाथ 'लौ, जस्तो भएकी छ । उक्त आगन्तुक घरीतिर नै आइरहेछ । अब घरमुनीको खोल्सामा पस्यो । टुप्पुक्क आँगनमा आइपुग्छ भन्ने सोचाई गोमाको छ । हुन त यस्तो धेरै पटक भइसक्यो । एकपटक गोमाकी सासू भुक्किएकी थिइन् । ऊ हेर त मेरो गोपाल, मेरो छोरो मेरो राजा, आइपुग्यो । उसको हिँडाइले नै चिनें, हातले गर्दै देखाउँदै छ । आफ्नो छोरो पनि चिन्दिन । कतै आँखाले फरक खान्छ । भन्दाभन्दै खोल्सोतिर पसेको मान्छे एकैपटक उपस्थित गाउँमा दौडिएको थियो । त्यसदिनदेखि गोपालकी आमा पागल जस्ती भएकी थिइन् । दुई वर्ष अगाडि छोराकै चिन्ताले थितिन्, गोपालका बाबु त छिनोतिर काम खोजी जाँदा मरेका थिए । उनको पनि खबरमात्र आएको थियो ।

गोमा, गोपाल गएको दिनदेखि आजसम्म प्रतीक्षामै छे । कुनै दिन राती पाहुना आउँदा टकटक आवाज सुनिन भने ऊ बल्न आए निष्ठुरी भन्न पुग्छे । राती सरको छानोमा मुसा दौडे पनि गोमा भनेर बोलाउँछन् कि भन्ने आशा लाग्छ । एक पटक आफ्नो आँगनमा सेतो सर्ट र नीलो पाइट लगाएको मान्छे उभिएको थियो । ऊ पौडेबाट पानी बोकेर आउँदै थिए । खुसीले आएको त ऊ नै मान्छे रहेछ । उसको प्रतीक्षा प्रतीक्षामै रह्यो । त्यसै त्यसै आँखा भरिएर आए । अचाइब भएका आँसु बगेर भुइँको धुला भिज्यो ।

गोपाल सोलु कब्जा गर्ने क्रममा मरिसकेको छ । उसको लास प्रष्ट देख्ने त कोही छैन, तर घटना घटेको तीन महिनापछि पाँचखलमा गाउँकै एकजनाले देखेका थिए । फोटो पनि थियो । गोपाल पती म्याङ्जा गाउँ सबै सेकेको तर धरमा दुई जिउकी धीमती बुढ आमा, बिहान बेलुकी छाक टान्न मुस्किल । त्यो अवस्था उनले त्यो खबर सुनाउन चाहेनन् । समय बिते गयो गोमाकी प्रतीक्षाको घडी सकिएको छैन । खोल्सामा पसेका त्यो बटुवा कै कता गयो ? थाहा भएन । चुनावको सारि आएको नयाँ मान्छे हुनसक्छ । गोपाल भए घरभुलियो त्यो सानो खोल्सा हिँडेर आइपुग्ने बेला भयो । अब हरेक बाएकी गोमा दिनभर काउँकी छोटी जम्मा गर्न थाली । ऊ..... हेरिन अनैकरे बाटो ! मन सम्झान्न कोसिस गरी । तर उसको चित्ति मनसे भनिरहेको छ एक दिन उनी आउँछन्, आउँछन्.....।

❖❖❖

गजल

✍ धनराज गिरी

कन्नानी नै चुँडालेर लड्दा गयौ किन ?
लाग्न थाल्यो अभिनय पूरै कलाहीन ।

एकान्तमा सोधिहेर आफ्नै आत्मासित
सबै सम्झी आफैंलाई लाग्न सक्छ धीन ।

तिमी जस्ते कलाकार हुँदा शीर्षासिर
आएन है यो देशमा गरिबको दिन ।

के भनुँ सै ? आजभोलि द्विविधामा छु म
भगत मान्छे हाम्रा लागि पूँजी हौ कि रिन ?

हठवाद, अहङ्कार तिम्रा सहयात्री
केही हुन्न तिमीबाट ! एक, दुई, तीन ।

दिक्क पार्छौ उता गए सारा देखलाई
सकारण काल पनि आउँदैन लिन ।

सकेनन् है मौत अस्त प्यारा भन्नयजी
तिमीलाई मात गर्न उनी गए चीन ।

आऊ तिमी बनारसै या त जोगबनी
हैन भने फटाफट सारा मुद्दा छिन ।

गाविसको अध्यक्षमा फिट हुनुहोस् अरे
कति हेर्नु जनताले रङ्गहीन सीन ।

बझौली, चितवन ।

कथा

प्रतीक्षामा अल्केको मन

✍ गीता नामिछाने

रौंदीखोलाको किनारैकिनार कोही आइरहेको देखेपछि बारीमा कोदो टिप्दै गरेकी गोमा झस्क भइ। आफ्नो शरीर पूरै हेरी। उसको मुटुको धुक्धुकी चर्कोसंग चल्न थाल्यो। हातहरू रोकिए। के थी गाता थुरु, थी गाती सारी, जुन मैले लगाइरहेकी छु साच्चीकै म बिधवा छैन त ! मेरो मनको विश्वास पूरा भएकै हो त त्यो खोलाको किनारैकिनार आउँदै गरेका त छोरीका बा नै होइनन् र हं ? उनलाई आफैंले आफूलाई चिमोट्नुजस्तो भयो। कोही मान्छे खोलाको बगर सकेर किनारैकिनार उसको परतिर आइरहेको छ। ऊ ठ्याक्कै गोपालजस्तो छ। पाछि सानो भोला पनि छ। झन् पछि झन् चकित परी गोमा। आफ्ना आँखा मिचेर हेरी, वर्षौंदेखि रौंदीको उनका आँखा कमजोर भए अथवा उस्तै हिंडाइ उस्तै अनुहार दुम्ल स्वरूप भएको जरू नै हो कि भगवान्ले गोमाको मिन्दर जतनसंग राखिदिनुभएको थियो। आज पाँच वर्षपछि गोपाल आउँदै त छैन !

गोपाल, म एक हप्तामा आउँछु। गोमा बारीको पाँस गोडेर गाई दुहून्। बाछालाई म्याउला काटेर भुप्पाइदिनू भनेर निस्केको थियो। ऊ केही वर्षदेखि नै त्यसरी घर छोडेर निस्कने गरेको थियो, कहिले भनेकै भाकामा बाइपुग्थ्यो कहिले एक महिनामै पनि हिला गर्थ्यो। गोमाले सोध्ने गर्थी-होइन तपाई कहाँ जानुहुन्छ ? ऊ मुसुक्क हाँस्यो केही बोल्दैनथ्यो। एक दुई पटक चार/पाँच जना साथीहरू समेत लिएर आयो। तिनीहरू को हुन् ? किन आए ? गोमाले पत्तो पाइन। तिनीहरू दिनभर घरभित्र बस्थे। राती बाहिर निस्कन्थे। ऊ ज्यानो हुने बेलामा मात्र आइपुग्थे। एक दिन गोमालाई अलि रिस पनि उठ्यो सधैं घरको धन्धा एकै गर्नुपर्ने, अलि छाँकिएर सोधौं होइन तपाईंले के उपदी गर्नुभएको र हं ? गोपालले चुपचापको इशारा गऱ्यो तर गोमाको रिस नरोकिएपछि भनेको थियो-गोमा ! तँ नरिसा न, म एउटा बाबामा लागेको छु, जुन दिइँदै सफल हुँदैछ। त्यसपछि बाबा पाउँदैछन् यदि मेरो काम सफल हुन मात्र दे, यसपछि हाम्रो गाउँमा नयाँ बिहानी आउँदैछ। हाम्रो उन्नतिको बाटो खुल्नेछ। हामी भयेले त्यसपछि साथ आफ्नो देशको सहाय बुझ्नेछौं। हामीले पेटभर खान र रोजगारको पनि दुःख हुँदैन। आजकल जसो चारवटा सुकांमा खेती गऱ्यो, त्यो पनि साहुले भऱ्यारी भर्छन्। आफूले पटुका कसेर बस्नुपरेको छ। दुःख तँलाई। फुर्सदमा सबै भन्छु। तँ दुई जीउकी छस् र मात्रै हो, नत्र मैंसे लिएर जाने थिएं। तँजस्ता बैनीहरू कति लागेन छन्। त्यसपछि ऊ चुप लागेकी थिइं।

गोपालले घर छोडेपछि जन्मिएकी छोरी पनि अब चार वर्षकी भई। यसपटक माइत जाँदा गोमाको भाइले भनेकी थियो -दिदी देश विदेशमा पुगामा परेका राजदूतहरू प्रमा आउँदैछन् हामा भिसाजु पनि त आउनुहोला ? गोमाले टाउको हल्लाएकी थिइं। त्यो कुरा पनि सम्झी एक तमासले हेरिरहेकी थिइं। साँझै खेल्दै गरेकी छोरी दौडेर आइपुगी। आफ्नी छोरीलाई गालामा म्वाइ खाँदै भानी ! तिम्रो बाबा भन्नै खोजी, तर ओठमा आएर बाहिर निस्कनै लागेको बोली पनि आफैंले बन्द गरी र छोरीको अनुहार हेरी मनभनै भनी के यी छोरीको भाग्यमा बाबुको छहारी लेखेकै छ त ! हं भगवान्, यसले के बिगारेकी छ र यसको बाबु घरमा नआउन् ! यस्तै विभिन्न तरङ्गहरू उसको मनभरि सल्बलाउन थाले।

रौंदीखोलामा फनक्क घुमेको त्यो गाउँमा गुजुम्ब घरहरू छन्। कार्तिकको महिना हुनाले कतै धानका बालाहरू झुलेका छन्, कतै कोदो लटरम्म ढलेको छ। गाउँलेहरू आफ्नो चटारोमा ओहोरी दोहोरी गरिरहेछन्। गोमाको मनले चाहि निर्क्यौल गरिसकेको छ। खुसीको खबर कसलाई सुनाऊँ कसलाई सुनाऊँ

विश्वास पऱ्यो भनेर उनले मनभनै गर्मे। उनले आफ्नो मायावी रूपबाट नारायण एउटी परम सुन्दरी नर्तकीको रूप धारण गरी उनलाई त्यो दैत्यतिर पठाए। उसको हावभाव र कटाक्ष देखेर त्यो दैत्य मोहित भयो अनि उसलाई नर्तकीका साथ आफू पनि नाचूनाचूं भनेजस्तो भयो। नाच्नाताथ्दै नर्तकीले आफ्नो शिरमा हात राखी। त्यो दैत्यले त्यसको नक्कल गर्दै उसले पनि आफ्नो हात आफ्नो शिरमा राख्यो। अनि त त्यो दैत्य त्यसैबेला भस्म भयो। भगवान् विष्णु मोहिनी रूप त्यागेर आफ्नो धाममा गए। शिवजी लुकेको ठाउँबाट बाहिर आए। सो दिन वैकुण्ठ चिराश चतुर्दशीको तिथि परेको रहेछ। सो तिथिका दिन बसेंगी मानिसहरू रक्षाको फोहोरमैला फाल्ने त्यसलाई सफासुथर तुल्याई भक्तिभावका साथ शिवजीको पूजाआजा गर्ने गर्दछन्। त्यसैको सम्झनामा मानिसहरू आफ्ना छोरीबेटी, नाताकुटुम्ब र इष्टमित्रलाई ढाकी घामाछाँड बा घाटाँखेको बाट धुमधामका साथ मनाउँछन्। सुकुम्बासी ताम्बा शिवलिङ्गलाई खाल्टाहरूमा स्थापित गरी माटोले पुरेर राख्छन्। शिवरात्रि र चिराश चतुर्दशी (घामाछाँड) चाहिँ एकएक दिन खाल्टाहरूमा राखेको माटो झिकी सुकुम्बासीको पूजा गर्ने चलन चलेको छ।

शास्त्रमा लेखिए अनुसार घोडेजात्रा एउटा घोडा मात्र दौडाउने प्रथा भएको कुरोको वर्णन छ। तर व्यवहारमा के हुँदैरहेछ भने घोडेजात्रामा अनेक घोडाहरूलाई दगुराएर पुरुषार्थ देखाउने, साइकलबाजहरूका बीच प्रतिस्पर्धा गराउने, नाच्ने, अनेक प्रकारका शारीरिक व्यायाम गर्ने र अन्तिम मनोरञ्जनका लागि नाचगान र प्रहसन प्रदर्शनसमेत गरिन्छ। भनिन्छ कि बेलायत जाबामाट स्वदेश फर्किआएपछि स्वर्गीय जङ्गबहादुर राणाले यस प्रकारको प्रथा चलाएर दर्शकहरूलाई मनोरञ्जनको पर्याप्त खुराक दिएका हुन्। उपत्यकाका विभिन्न टोलटोलहरूमा सुकुम्बासीको रहेका ठाउँमा सस्ताना केटाकेटीहरूलाई पनि पूजा गरी 'मन जा खुवाउने' भनेर भात र विभिन्न परिकार खुवाइन्छ।

चाडबाड मनाउने प्रथा हामीजस्तो विकासशील मुलुकमा मात्र होइन, विकसित मुलुकहरूमा समेत चलिआएको छ। यस वैज्ञानिक युगमा विभिन्न चाडबाडहरूलाई परम्परागत रूपमै मनाउने काम नगरी तिनलाई युगसुहाउँदो बर्तमान व्यवस्थाको रङ्गमा रँगाएर बढी लाभप्रद र मनोरञ्जक पुऱ्याउने विधि अपनाइएको छ। चाडबाडमा र अरू बेलासमेत राती खानपिनपछि मुल्ले बेलामा हनुआमाहरूले आफ्ना सन्तानलाई भेला गरी कथा-कथुइयी सुनाउने चलन प्राय: घरघरमा चलिआएको छ। त्यस्ता कथाहरू सुनेर राष्ट्रका भावी कर्णधारहरू सन्मार्गको अवलम्बन गर्न उत्प्रेरित हुन्छन्।

❖❖❖

केही हाइकुहरू

✍ जीवनपानी

१) मोह-मोहिइ
जुनकीरी उड्दा नि
आनन्द मान्यो !

२) शिक्षक भएर !
भगवानले फेरि
सराप दिए !

३) हुँदैन राम्रो
सोधी बसेको घर
भासेको फूर्ति !

४) आँसुया हात
गाँजीभित्र धुसाई
गरीब मासे !

५) मौका हेर्दैछु
एकान्तमा लुकेर
डेडु बादर !

६) तरुनी छोरी
मनको अस्पतालमा
जवानी जाँचे !

७) शाम मुर्झिंदा
सपनामा गरेर
हजारौं बाटा !

८) अन्तो विरानो
दुइको अंधि-अंधि
एम्बुसमा शान्ति !

सात सुर नै त हुन् यी सब....

✍ अगिब बनेपाली

पर शब्दीबाट सुरिलो शहनाई सुनिरह्यो
एक हुल शिर्मबाजा बजाउँदै
कतै ट्याम्का र डम्फु ठोक्दै
पञ्चेबाजाको परम्परागत सङ्गीत
भनन भनें झरना झर्ने सुरिलो छ
आमा ! यै मैले त स्वस्तो मनीठो आवाज सुनिन
सात सुर नै त हुन् यी
कसैले ज्वलन्त भन्सान् कसैले नमस्कार
कसैको सलाम आलेकुम जति कसैले सेरूवा इत्यादि
स्वीकारिएकै छ यी माटोमा
यी सब त सम्प्रभुताका आवाज हुन्
मलिक्षेर
देश जुनाकाप्पासम्म भिन्न बोलेका छ
उन्मुख छन् सम्स्कृतिको संरक्षणमा
उठेका छन् चेतनाको संवाहक बन्न
बगेका छन् छताछुल्ल भाषा बनेर
यै आमा !
यी त सब तिमै आँगनमै भौसाएका हुन्
संसारी हुकेका हुन्
आतुर छन् आफ्नो परिचय दिन
सालगिरा छन् समान रूपमा जीवन
उन्मुक्ति चाहेका छन् सदियौंदेखिको प्रताडनाबाट
अबका दिनमा
सम्स्कृति, भाषाले देशको सानिध्यता खोजेको छ
आमा, यै कता देखियो त विगत अघाड सबसे प्रगति ?
गिरीलेको छ यसै बरीगरी
साँपिका छ मीठो सपना देशले
बस्
हेर्ने आँखा फूलको हुनुपर्‍यो, न कि झाँडाको
सात सुरकै उपज हो यी सब....
मिश्रपङ्खनका आवाज हीडनन् ।

सविदन म

✍ कृष्ण कुसुम

दिन प्रति अँध्यारो हुन्छ
धुम्म डाकिएपछि
मनको आकाश !
म बाँचिरहेछु ग्रामीण जीवन
लिएर जिन्दगीका रमाम/रङ्गेत सपनाहरू
मसँग छ त केवल
बैसालु परिवेश र माया गर्ने मन ।
म सविदन बाँच्न-
तिमीसँ चाहेजस्तो
'पोष्टमोडेर्निजम' युग
मनि, मोबाइल र मोटरबाइक 'थ्री एम'का साथ
भविष्यका रङ्गीन सपना सजाएर
म मायाको सागर बगाउन चाहन्छु हृदयमा
र, बनाउन सोच्छु तरङ्ग
नदीले बनाएजस्तै,

भो नखोज मसँग
बनावटी मायाका फुलहरू
बिनीमजका वस्तु पनि
साटासाट गर्न मिल्ने-ऐस आरामको जिन्दगीसँग
मैले पढेको छु
मालतीमङ्गलमा,
मुनामदन र
कुमुन्द इन्दिराको प्रेम,
सुनेको छु तैंसा मजनूको कहानी
र, त बुझ्दछु
प्रेमको विशाल गहिराई ।

हो म सविदन पूरा गर्न
तिमीले देखे रङ्गीन सपना
छैनन् मसँग तिमा चाहनाका 'चीजम'
मसँग छ त केवल
बैसालु परिवेश र
माथ माया गर्ने मन !

लघुकथा

अवस्थिति

✍ कलाधर काफले

एक दिन घुम्दै घुम्दै म एउटा तलाउको नजिक पुगें । एकछिन म त्यहाँ घोरिएर केही हेरिरहें ।

त्यहाँ एउटा गोही सन्ध्याझैंमा बसेले पानीमाथि उकेर केही हेर्ने र कहिले आफ्नो शरीरलाई पूरै पानीभित्र डुबाउने गरिरहेको देखिन्थ्यो । अर्कोतर्फ तालको छेउबाट जलगैंडाले गोहीको क्रियाकलाप राम्रोसँग निगालिरहेको थियो ।

यदि यदि एउटा मृग तालको छेउमा पुग्यो, सतर्कतापूर्वक टाउको उठाउँदै उसले वता-उता आँखा नचायो । आफूलाई खतरा केही नदेखेपछि उसले पानी खाने सुर कस्यो । पानी मुनि आफ्नो सम्पूर्ण शरीर लुकाएर एउटा हिंसक जन्तु पर्खिरहेको उसलाई पत्तै भएन । मृगले पानीमा मुख के गाडेको थियो, गोहीले उसलाई झम्टिहाल्यो । गोहीको मुखमा परिसकेको निरीह प्राणीले कता कता एउटा आक्रोश पोखेजस्तो लाग्यो-

'ए ! हिंसक जनावर ! तं बस तलाउको पानीमा पौडी खेल्न पाउने, मैले यसको एकमुठी पानी खान पनि नपाउने ?'

गोहीसे मृगलाई पानीभित्र डुबाउने प्रयास गर्दै निर्दयतापूर्वक बुकेको आभास मिल्यो-

'मूर्ख प्राणी ! तलाउ मैले हड़पिसकेको क्षेत्र हो । यसमा प्रवेश गर्नेले बस्ने तिमती भोगुपर्छ, भनेर तैंसे थाहा पाउनुपर्दैन ?'

गोहीको बुकाई बुझेर होला सायद, जलगैंडा हुँदैदै गोहीनेर आइपुग्यो । गोही र मृग दुवै एकैपटक उसको मुखभित्र अटाउने गरी मुख बाये । सायद उसको डरलाग्दा दाढा देखेर होला, गोहीले मृगलाई चटक्क छाडिदियो, थाइते मृग फुत्क्यो र तलाउमाथिको चौरमा गएर पछ्यारियो, ती भीज्यो । गोही सुरुक्क पानीभित्र दबियो । शाकाहारी जलगैंडा पनि साबिक ठाउँमा नै फर्क्यो ।

यो दृश्यले एक पटक त मलाई झस्याक पार्‍यो । तर गौर गर्दा मैले त्यहाँ स्वाभाविक सन्तुलन देखें । अनायास म मुस्कुराएँ । मेरो देशको अवस्थिति मलाई मोठक लागेन ।

बानेश्वर, काठमाडौं

गीत

✍ ललिता 'दोषी'

कति बसन्त आए गए
थाहा नै भएन मलाई
हिँडिरहें एकै-एकै
माथ देह जलाई ।
कति.....

छल गिएन, कपट गिएन
केवल माया दिएँ
जहाँ जान्थें, जता जान्थें
तिमै छाया दिएँ ।
कति .....

पत्तै भएन मलाई
आफू टुँकिएको
तिमी खुसी रच्दा-रच्दै
हृदय खोकिएको ।
कति.....

छुन्छु भन्थें शिखर
गन्तव्य नै भुलेँछु
तिमी बैशाखी फूल हुँदा
म डालीबाटै झरेँछु ।
कति .....

बुद्धबर काठमाडौं

त्यही गर्छु । यस्तै विचार गरेर म चउरमा बताउता गरिरहें । फर्म मनैहल्ले सबै कुराहरू थाहा पाएर पनि केही बोल्न सक्दैनथे । जति पैसा भने पनि खुरुखुरु दिएर जान्थे । मानौं कोही विरोधको भाषा बोल्न सक्ने थिए । त्यसैले त पछि परेका थिए । अन्याय सहेका थिए । माँउका ठुला भनाउँदाहरूले उनीहरूको भ्रम शोषण गरिरहेका थिए । तर म अलि विद्रोही स्वभावको थिएँ । तर विद्रोही भाषा बोल्नुअघि बुबासँग सल्लाह लिन्थें । उहाँले जे भन्नुहुन्थ्यो त्यही गर्थें । सहनशीलता उत्तम व्यक्तिको पहिचान हो, त्यसैले उहाँको मस कुरालाई म नकार्न सक्दिनथें ।

म टोलाइरहेको एकजना लामा दाइलाई धिल बुझेछु । उनले सबै कुरा थाहा पाएछन् । उनले 'तु लेख्छस् भने यो कलम ला, तुईले रामो काम गर ।' मैले तुम्लै कलम लिएँ र रु १०/- मा एक प्याट फुलिस्कप किनेर ल्याएँ । ती लामा दाइको नाम मलाई याद भएन । त्यसपछि उनलाई मैले भेटेको पनि छैन । तर मलाई उत्साहित गर्ने ती लामा दाइलाई म साँरै सम्झिरहन्थें । मैले फारम नभए पनि निवेदन लेख्ने काम गर्थें । फारम उनीहरूले नै किनेर ल्याउँथे म भरिदिन्थें । त्यसबापत कुनै पैसा लिइन । तीन/चार घण्टापछि आजका लागि नागरिकता बनाउन बन्द भयो । सबै घरतिर लाग्न थाले । बुबा पनि त्यहाँ आइसक्नुभएको थियो । मैले घर्म भरेको हेर्दै हुनुहुन्थ्यो । हामी ओभागाडिको बाटोहुँदै घरतिर लाग्यौं । मैले बाटोमा सबै कुरा बुबालाई बताएँ र बाँकी रहेको रु. १९०/- बुबालाई दिएँ । बुबाले मलाई बधाइन् आशु भन्दै छाप मानुभयो । त्यो क्षण म अति नै खुसी भएँ । मेरा दुवै आँखा रसाए । त्यसदिन म अतिनै खुसी भएँ । बर्षेका दुई दिन पाँच मैले विभापैसा निवेदन लेखिदिएँ । मेरो बुबाबाट क्याबासी पनि पाउँदै गएँ ।

मेथिनकोट-२, काभे

◇◇◇

सिर्जना-तिर्सना

✍ जीबलाल सापकोटा

मेरा आँखा भव जस्तोधका हेर्दछन् दूर ताकी,
छेक्छन् बाटा तम-पटमसे मुक्तिको द्वार ढाकी ।
हेर्न उस्तै छ दिन मिछिने पोरको सासजस्तै
तृष्णा मेरो क्षति रहिरहयो स्वप्नको फूलजस्तै ॥

(१)

आफू चिन्ने पृथुल मनको एक मेरो इरादा,
कैसे होला अपितु धिनिनी नै गयी जन्म आधा ।
आयो लायो दिन ढलिसक्यो मृत्युले साँघ आफ्नो,
लग्ता जैले वदन रहला तिर्सना मात्र आफ्नो ॥

(२)

भर्ना खोलासित पर बाटी छुसका साथ खेनी,
आऊन् चौता अमरपुरका स्वर्गका द्वार खोली ।
मेरो छाती अमरपुरको दिव्य चौटा टिका हो,
छोडो पोखे रसिक कविको सिर्जना-घाटिका हो ॥

(३)

मैले आफ्ना अमर - दिलका सिर्जना फेर्न पाऊँ,
पर्दा पीडाकुल समयको तिर्सना केम पाऊँ ।
बाँकी राखीकन नसकिने पीडिका गीत गाऊँ,
आफ्नो छुँदै सरस मनसे जिन्दगी मेट्न पाऊँ ॥

(४)

मान्छे भइकी अति पनि कुन् तृप्तता पो कहाँ छ ?
पाएकै छन् अति नइ-नदी अम्बु कैले कहाँ छ ?
भोका नै छन् अमर-तपसी सिन्धुको के कुरा र,
फेर्छन् पोखी मनुज जुनिको प्राण-भन्दी अघार ॥

(५)

आफ्नै छायासित जब सधैं देख्छु मैले मदेश,
आफै डर्छ्या, अदि म हुँ भने, के कहाँ देख-देख ।
मैले हेरीकन पनि उही हेर्न बाँकी छुटन्थ्यो,
तृष्णा लेखूँ अति पनि अभै मेरा बाँकी छुटन्थे ॥

(६)

मैराबा

समीक्षा

केही कृति : पाठक अनुभूति

✍ माधव भट्टराई

१. 'समय रक्तस्नान गरिरहेछ' कवितासङ्ग्रह

'जब विषयले छुन्छ, लेख्छु । म जे देख्छु, त्यही लेख्छु । शून्य पढ्छु । शून्य बाँच्छु ।' जीवन बाँच्ने क्रममा भोगेका, देखेका र पढेका कुराहरूबाट अनुभूत यथार्थ लेख्न रुचाउने कवि दिनेशविक्रम थापाका अभिव्यक्ति हुन् यी । जुभुङ्ग-२, गुल्मीमा जन्मेका दिनेशविक्रम थापा अर्थशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरी राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत छन् । मनोभाव, श्रमिक सन्देश, गुञ्जन, जनचेतनाजस्ता पत्रपत्रिकाहरूमार्फत आफ्नो थापा 'समय रक्तस्नान गरिरहेछ' शीर्षकको कवितासङ्ग्रहमार्फत् सार्वजनिक भएका छन् ।

प्रस्तुत सङ्ग्रहमा जम्माजम्मी ५२ वटा विभिन्न शीर्षकका कविताहरू सङ्कलित छन् । सङ्ग्रहकै पहिलो शीर्षक 'स्वतन्त्रताको युद्ध' ले कविको स्वतन्त्रताप्रतिको अनुराग र त्यसको प्राप्तिमा उल्लसित मनलाई अभिव्यक्त गरेको छ । कवितामा तानाशाह विरुद्धको सशक्त आवाज मुखरित भएको छ । रगतको झरीले रुझेका जीवनका कविता लेख्छन् । कवि-थापा । रत्नपार्क मेरो गाउँ, बेगीबजार, तानसेन, दुन्नु र पिँडयाखानाका कविता लेख्ने थापाले पदम न्यौपाने र विनय रावलप्रतिको निकटता र सम्मानलाई पनि अभिव्यक्त गर्न भ्याएका छन् । समाजमा व्याप्त पीडा, अभाव, छटपटी र विसङ्गतिलाई शब्दभावमा पोखे कविले कविताहरूमा वसन्तको खोजी गरेका छन् । शान्ति कैद भएको उनलाई मन पर्दैन । हिमाल र मान्छे, मुत समय, प्रवन्धका पहाडहरू, हराएका नानीहरू, मात्र होइन अनुभूतिका छिकोहरूमा कान्छी तामाङका सपनाहरू उन्न सकेका कविले मनहरूको जुलुसमा शान्तिको खोजी गरिरहेका छन् । शान्ति हराएको समाजमा दुइजो अघार रोपी भन्छन् उनी । उनका कवितामा हर्कबहादुरले स्वतन्त्रताका निम्ति सहादत प्राप्त गर्दाको यथार्थ कथा अभिव्यञ्जित छ । आगोसँग नजिकका मान्छेहरूलाई आग्रह गर्ने कविले हत्केलाभरि गुरांस बोकेर माटोको कथा सुनाइरहेका भेटिन्छन् । 'समय रक्तस्नान गरिरहेछ' नेपाली जनजीवनका अठ्ठेरा गल्छिँडाहुँदै फराकिला शान्ति मार्ग निर्माणमा सरिक हुन आह्वान गरिरहेको कवितासङ्ग्रह हो, जसमा प्रकृतिको अनुपम सौन्दर्यलाई मान्छेका स्वतन्त्रता र समृद्धिसँग एकाकार गर्ने प्रयत्न गरिएको छ । जहाँ हिंसा, आशान्ति र विध्वंशको परित्याग गरी स्नेह र सद्भावले सिंगारिएको समाज होस्, त्यस्तो आकाङ्क्षा सँगालिएको छ । छुट स्वभावका नेताहरू होइन, त्यागी र भविष्यद्रष्टा नेताहरू चाहिएको छ-देशलाई । सरल भाषा, निर्भीक अभिव्यक्ति, नेपाली माटो र मुटुप्रतिको अगाध आस्था, वर्तमान नेपाली समाजले भोगेका आरोह र अवरोह, शान्ति र स्वतन्त्रताको स्थापना लगायतका विविध सन्दर्भहरू सङ्ग्रहका मूल पक्ष हुन् । शान्त, स्वतन्त्र र समृद्ध नेपालको स्थापना, कवि थापाको अभीष्ट हो ।

मालिका प्रकाशनको प्रस्तुति 'समय रक्तस्नान गरिरहेछ' काव्यकृतिमा साहित्यकार दामोदर पुडासैनी 'किशोर' हा डी.पी. भण्डारी र स्वयम् कविका कविताप्रतिका मत-अभिमत समेटिएका छन् । कविता साधना हो । साधनाले नै कवितालाई अझ सुन्दर र मर्मस्पर्शी बनाउँछ । कवि दिनेशविक्रम थापाको काव्यिक जीवन अझ उज्यालो हुने प्रशस्त सम्भावनाहरू यस सङ्ग्रहमा स्पष्ट देखिएका छन् ।

२. 'निर्मला' खण्डकाव्य

शम्भुकुमार मिसन नेपाली गीतसङ्गीत, कविता र मञ्चका क्षेत्रमा स्थापित नाउँ हो । वि.सं. २००६ सालको मङ्सिर महिनामा काठमाडौंको बतीसपुतलीमा सुमित्रा रेग्मी र गोविन्दप्रसाद रेग्मीका

सुपुत्रका रूपमा जन्मेका मिसनले २०३० सालको 'रूपरेखा' पत्रिकामा प्रकाशित पहिलो कविता 'नौलो विहान' मार्फत् साहित्यमा पदार्पण गरेका हुन् । सौगात (गीतसङ्ग्रह २०३८), यात्रा (कवितासङ्ग्रह, २०४३), झोंको (कवितासङ्ग्रह, २०४४), अस्तित्व (गीतसङ्ग्रह, २०४८), तिम्रो सहरमा (गजलसङ्ग्रह, २०४९), जिजीविषा (कवितासङ्ग्रह, २०६१) जस्ता आधारजग कृति प्रकाशन गरिसकेका मिसनको पछिल्लो कृति हो 'निर्मला' खण्डकाव्य । मितेरी सम्मान, प्रबल गोरखादक्षिणबाहु चौथा, रमा ठकुरी समाज सेवा गुठीद्वारा सम्मान, रेडियो प्रसार सेवा विकास समितिद्वारा कदरपत्र आदिबाट सम्मानित शम्भुकुमार मिसन रेडियो नेपालका संगीत-संयोजक एवं वरिष्ठ गायक हुनुसँ उनको बहुआयामिक व्यक्तित्वलाई उजागर गर्दछ ।

प्रस्तुत खण्डकाव्य 'निर्मला' जम्माजम्मी पाँच खण्डमा विभाजित छ । सुमन र निर्मला यस काव्यका नायक र नायिका हुन् । यथार्थमा खण्डकाव्य पढिसकेपछि शम्भुकुमार मिसनलाई मजिजबाट चिन्ने र जान्ने जोकसैले पनि सुमन नै मिसन हुन् भन्ने जान्दछ । यसरी आफ्नो यथार्थ जीवनलाई काव्यमाफत् अभिव्यक्त गर्न खोज्नु र गर्न सक्नु स्वयमा महत्वपूर्ण कार्य हो भन्ने लाग्दछ । निर्मला खण्डकाव्य समर्पण र निष्ठाको काव्य हो । एक असल सहयात्री जोडीको प्रेमपूर्ण अभिव्यक्ति बनेको कृति हो यो । यस अर्थमा 'निर्मला' वैयक्तिक जीवनचित्रभन्दा अझ माथि उठेर व्यापक बनेको छ । शैलेश, निर्जनसरगवलका अन्य केही पात्रहरू उपस्थित छन् - काव्यमा । विवाहपछिका प्रसङ्ग, विवाह-प्रसङ्ग र विवाहपछिका प्रसङ्ग गरी यी निश्चित मूल प्रसङ्गमा काव्यको कथावस्तुले गति प्राप्त गरेको छ । सीकछन्दमा सरचित प्रस्तुत खण्डकाव्यले लोग्ने र श्रीमतीबीचको आकर्षक सह-सम्बन्धलाई अभिव्यक्त गर्न खोजेको छ । निःस्वार्थ प्रेम, त्याग, सहयोग र समर्पणजस्ता कुराहरूले काव्यको केन्द्रलाई स्पर्श गरेका छन् भने यिनै प्रसङ्गले प्राप्त जीवनका अभीष्टको उन्नेस्व र कृतिको उद्देश्य हो भन्ने बुझ्न सकिन्छ । अत्यन्त सरल र हृदय संवेद भाषाको प्रयोग, रोचक घटनाविन्यास एवम् लेखकीय इमानदारीले काव्य जीवन्त बनेको छ ।

निर्मला रेम्मीद्वारा प्रकाशित प्रस्तुत कृतिमा दैवज्ञराज न्यौपान, चेतन काफ्ले, देवी नेपाल, लेखक स्वयम् र प्रकाशिका समेतका कृतिकारेका अभिव्यक्ति समेटिएका छन् । २०६४ चैतमा प्रकाशित प्रस्तुत कृतिका सन्दर्भमा दैवज्ञराज न्यौपाने लेख्छन् - 'यो काव्यप्रसङ्गले शम्भुकुमार मिसनलाई कविताकाव्यको एक श्रेष्ठी उचाल्ने काम गरेको छ ।' शम्भुकुमार मिसनको अझ उच्चर काव्यिक जीवनको कामना गर्दछु ।

३. 'फूल रोएपछि' कवितासङ्ग्रह

म स्थिर, अडिग र अविचलित
नदी किनाराको एउटा डुङ्गो
जगडख ईर्ष्यालु खालहरू आउँछन्
र टुक्याउन खोज्छन् मेरो अस्तित्व
जसङ्ख आरिमे रेतहरू आउँछन्
र चोइट्याउन खोज्छन् मेरो अखण्डता ।
(म नदी किनारको डुङ्गो, पृष्ठ : ३०)

प्रतिभासम्पन्न कवि रीता खड़ीका काव्यिक हरफहरू हुन् यी । आफ्नो स्वार्थसिद्ध गर्न खोजेहरूले कसैको अस्तित्वसँग कहाँ सरोकार राख्छन् र ? स्वार्थले दुष्ट आजको समाजमा मान्छेले भोगुपरेका विसङ्गति र उकुलमुकुलसाई शब्दभावले सशक्ततासाथ व्यक्त गर्न कवि हुन् -रीता खड़ी कोशी अन्चलको भोजपुर, देढ़रानी-७ मा जन्मेकी रीताको पारम्भिक कविता साधनाथल विराटनगर हो । विभिन्न पत्रपत्रिकामा कविता, गजल, मुक्तक र कथा प्रकाशन गर्ने रीताको पुस्तकाकार कृति हो -'फूल रोएपछि' (कवितासङ्ग्रह) ।

जम्माजम्मी चालीसपटा फुटकर गद्य कविताहरूको सङ्ग्रह हो - 'फूल रोएपछि' । जीवन सङ्घर्ष हो । अनन्त सपनाहरू हुन्छन् जीवनका, जो कहिल्यै साकार हुँदैनन् । सङ्ग्रहको पहिलो कविता 'जीवन, सपना र आफन्त' मा कविको जीवनलाई हेर्ने दृष्टिकोण पसरी अभिव्यञ्जित छ । समाजका अन्धविश्वास किसाकसाप, बिसङ्गति, आडम्बरजस्ता कुराहरूप्रति उनको तीव्र आक्रोश व्यक्त भएको छ । शान्तिको चाहना र युद्धप्रतिको विरुपण कविताका प्रस्तुत भएको छ । देशप्रेमीहरूप्रति निर्मम प्रहार गर्न कविताहरू पछि परेका छैनन् । भोक, रोग र अभावग्रस्त जीवन बाँच्नेहरूप्रति सहानुभूति पोखिएको

पैसा दिनछन् त्यतिमै चित्त बुझाउँन पार्ने । मैले त्यसो किन गरें भने, एक त आफ्नै गाउँ, अर्को खुड्डामा बच्चा छैन, फाटेका लुगाहरू लगाएका छन्, त्यसलाँगे के पैसा असुल्ने ?

त्यसमा पनि म पैसाको पछि नदौड़ने मान्छे । अझ तिनीहरूलाई किन दुःख दिने । तिनीहरूको फर्म भरेबापत पैसै लिएको पैसाले म कति धनी बन्न सकुंला भन्ने सोच मलाई आयो । यो कुरा मलाई बुबाकै दैवलाले गर्दा नै आज म त्यस्तो अवस्थामा बस्तो निर्णय लिन पुगें, जो मेरो लागि उत्तम थियो । वास्तवमा त्यसबेला हामीलाई हुर्कंदन बुबाले असाध्य दुःख गर्नुभो । त्यो दुःख सन्तानले थाहा नपाउन् भनेर यहाँ केही नभएको जस्तो अनुभव गर्नुहुन्थ्यो । उहाँको त्यही सहनशक्तिले गर्दा नै हामीले उहाँबाट धेरै कुराहरू सिक्यौं । म बुबालाई कुनै कुरा लुकाउँदै गर्दिनथें । सानोभन्दा सानो कुरा पनि म बुबाको सल्लाह बिना गर्दिनथें । उहाँ भलेगर्नुहुन्थ्यो, सर्पको खुट्टा सर्पले नै देख्छ । दुःखीको दुःख धनीले देख्दैन । केवल दुःखीले मात्र देख्छ । त्यसैले कसैको कुम्तो नचिताउनु । सकेसम्म एकमुठी दान नगरी कहिल्यै नखानु । हो, उहाँका यस्तै यस्तै कुराहरूबाट म प्रभावित हुने गर्दथें । केही समय फुर्सद भयो कि उहाँसँग बस्ता कुराहरू सुन्न म तल्लिनथें । भाइहरू सानै थिए । दाजुहरू अति प्रभावित भए मलाई झारा छैन तर म उहाँका हरेक शब्दहरूलाई बड़ो सचिका साथ सुन्ने गर्दथें । र, आफूले अति सकिन्छ त्यति समाजमा लागू होओस् भन्ने चाहन्थें ।

चउरमा अरू धुपे मान्छेहरू पनि फर्म भर्न बसेका थिए । मैले फर्म भर्न थालेपछि एक छाक दुई छाक मैदान भनेजसै म बस्ने ठाउँमा धेरै भीड भेसकेको रहेछ । म आफ्नै धुनमा फर्म भर्दै थिएं । नागरिकता बनाउने टोलीहरू खाना खान गएछन् । तै पनि फर्म भर्न त केही फरक पर्दैन सबै आ-आफ्नै सुरमा फर्म भर्दै थिए । कोही बताउता टोलाउँदै थिए । मानौं त्यही टुटी मेला लागेको छ । सौ बढ़ाका मान्छेहरू त्यसमा पनि बुढ़ाबुढ़ी सबै आएका थिए । त्यहाँको तीनदिने व्यापार पनि राम्रैसँग चलेको थियो । ती टोलीहरू जहाँ जहाँ गयो ती व्यापार गर्नेहरू पनि संगै जाँदारहेछन् । र, केही लेखन्दासहरू जोडेका फर्म भर्ने जिम्माचाहिँ बढ़ाकै व्यक्तिमार्फत् उनीहरूसँ मान्छे खटाउने र मनपरि रकम असुल्ने गर्दा रहेछन् । हुनत यो चलनको अन्त्य अझै भएको छैन । धुस खाने प्रचलनले गरिब र पावर नहुने मान्छे यहाँ बीच्न् नपर्ने स्थिति भएको छ । आज मुलुक जुन तल्लिन गए पनि सङ्क्रमणकालको फाइदा उठाउनेहरू सन्चलाइरहेको अवस्था छ । त्यसको निवारणतिर पनि हामीले कदम चालनुपर्ने स्थिति छ । हामी नै चलाखी बन्नुपर्ने बेला आएको छ । हुनत यानको भञ्जारीमा पसीका मुसाहरू झुन्याहिँ चोखा होलान् । तैपनि हामीले भञ्जारी नजिक मुसाहरू आन नसकने व्यवस्था बनाउन सकुपर्छ ।

मेरो फोलस्केप र फर्म सबै सिद्धियो । पुनः मार्गे मैले । फर्म भर्ने ठाउँमा बढ़ाको भीडले म उत्साहित बनें र फर्म भर्दै गएं । अरू सबै ठाउँमा खाली भएको देखेर म डड़ परें । किन मेरोमा मात्रै भीड होला भन्ने लाग्यो । मन गद्गद भयो । अफ्नो काम गर्दै गएं । तर केही बेरमै मेरा उत्साह पिल्लायो । मैले फर्म भरेको दाजुले हेरिरहेका रहेछन् । त्यो दृश्य मेरा दाजुलाई असह्य भयो । मलाई दाजुले डाक्नुए । अरूहरू पनि नजिकै आए के भयो भन्दै । मैले कुनै उत्तर दिइन । कलम फुलिस्केपहरू सबै दाजुसँ गयो । 'अब तैंले फर्म भर्नुपर्दैन, घर जा' भने । तिमी रेट बिगार्ने भन्दै एकजना लेखन्दास बोले । मैले उनलाई भनें - 'कुनै निश्चित रेट भए पो बिगार्ने ? आफ्नै बढ़ाका दाजुभाइहरूलाई किन ठग्ने ?'

अब यसैंग कागज कलम थिएन । कसरी काम गर्ने ? मैले केही सोच्न सकिन । केही बेर पीरिएर बसें । पैसा गर्ने र २००/- भएछ । खल्तीमा राखें । दाजुसँ चानचुन पैसा मागेका थिए, मैले दिइन । छैन भनिदिएं । मेरो जीवनमा त्यो प्रथम कमाई थियो । यसको हकदार मेरा बुबा हुनुहन्छ भन्ने मलाई लाग्यो । जे पनो भरे बुबा आउनुहुन्छ, सबै कुरा उहाँलाई बताउनेछु । उहाँसँ जे भन्नुहुन्छ

संस्मरण

दुईसय रुपैया कमाउँदा

✍ छविरमण खिलवाल

कुरा ४०-४१ सालको हुनुपर्दछ । जोतबेला नागरिकता टोली नागरिकता बनाउन गाउँ-गाउँ पुगेका थिए । म त साधारण किसानको छोरा, बुबा सिधासाधा कसैको अहित नचाहने । म पनि अति दुखी परिवारमा हुर्केको हुनाले अरूको दुख देख्न नचाहने । मलाई के थाहा कि ? नागरिकता बनाउन फर्म भर्नुपर्छ । कसैले नागरिकता बनाएको भए पो ? गाविस भवनमा नागरिकता टोली आएका छन् , त्यहाँ फर्म भर्नुपर्छ, खाना खाएर छिटो आइज भन्ने कसर दाइ हिँडिहाले । म पनि के कम, खाना खाइबरी भर्दै बेसीतिर र सीधै हानिएँ गाविस भवन रामबहादुरको घरतर्फ । किनभनेदेखि त्यहाँ नागरिकता बनाउनेको भुइँको सागिरकेको रहेछ । बीसकिलोमिटर धुलिखेल सदरमुकाम आएर नागरिकता बनाउन गाडी थियो । त्यतिखेर हिटर आउनुपर्ने, एकै दिनमा हुन गाडी थियो । खर्च धेरै लाग्ने । अहिलेको जस्तो सुविधा कहाँ हुन् । जसोतसो खरमुनी र सोमे मान्छेहरू त धुलिखेल आएर भए पनि नागरिकता बनाउँथे । आइमाईहरूको त केको कुरा ? त्यसैले त्यसबेलाको सरकारलाई के भोक चलेछ कुनी नागरिकता बनाउने टोली नै गाउँ-गाउँ पठाइएछन् ।

बिहानको अटारोले घरमा कसैलाई फुर्सद थिएन । सी नागरिकता टोली आएका छन्, तीन दिन हाकी गाविसमा बस्ने भरे । धुरीखोरो खबर गर्दै हिँडे थिए एकजना । नागरिकता बनाउन चौ चौ गाउँभरि पस्यो । कस्तो फर्म भर्ने होला ? भन्दै मनमा अनेक कुराहरू गर्दै बालसुलभ मन कुतूहलताले भरेको मन लिएर म साथी कर्दै गाविस भवनतर्फ । त्यसबेला अहिलेजस्तो बेसीमा कसोबास थिएन । सबैजना गाउँमा नै बस्दथे । गाउँ बेसी गएर पनि सबैजना सँगै हिँड्दाको मजा अर्कै हुन्थ्यो । कसैले पनि कसैले डाउरा, पराल बोकेर उकालो लाग्दथे । बेसी भएर आवश्यक सामग्रीसँगै कम्पोष्टमलको डोकाहरू बोकेर भर्नुपर्दथ्यो । त्यो हामी विशेषता नै हो, किनभने एकचोटि बेसी भएर एक डोको मल गाउँछ भने तीसपटक बेसी भएर तीस डोका हुन्छ । त्यसैले हामी किसानले कतीन्दै खालीजात खतवारीमा जानुहुन्न भनेर सधैं बुबासे हामीलाई भन्ने गर्नुहुन्थ्यो । बुबाकै आज्ञा शिरोपर गर्दै म पनि सधैं त्यसै गर्दथें । एक डोको मल बोकेर पिन्ने खोलामा पुगें । मलको डोको त्यहीं राखेर आगि चारीचाहिं रामबहादुरको घरतर्फ । मान्छेहरूको भीड झमरा बढ्दै थियो । गाउँका गन्धमान्य भलाउँमाहरूको फुर्तिफार्ति हेर्नलायक थियो । आ-आफ्ना मान्छेहरूलाई फर्म भराउँदै थिए । खासै मेरी त के काम त्यहाँ ? मै पनि डाउरे फर्म भर्न नबोल्दाका भए त रमाइलो मात्र हेर्ने न हो ।

म त्यहाँ पुगेर रमाइलो हेर्दै थिएँ । डाउरे बति लिन्ना आएको भन्दै भोकिएर । म केही नबोली बसें । उनले मलाई फुलस्केप एक प्याड कार्बन र डटपेन थमाइदिए । अनि फर्म भर्ने तरिकाहरू पनि सिकाइदिए । त्यसैअनुरूप म अटारको एक छेउमा बसें । मलाई भनेजस्तो थिए डाउरे - फर्मको रु १०/- भरेको रु २०/- फुलिस्कैपको रु ५/- । मैले भन्दाभन्दै पैसाले रुपियामा एउटा फर्म भर्न सकिनेरहेछ । फर्मको नमूना भने एक प्याड थियो । त्यो छाप्दिएकै थियो । त्यो फर्म त रु २/- मा पाइने । त्यो पनि राजस्वमा दाखिला हुनुपर्ने । अर्को कुरा टिकट पनि टाँस्नुपर्ने । रु २/- को टिकट किनेपछि फर्म पनि पाइन्छ । त्यो कुरा मैले पहिले थाहा पाएँ । मलाई त जे कुरा भनेको छ त्यहीं न गर्ने हो । केही मान्छेहरू फर्म भर्न आए । मैले पैसाको कुरा गरिन । फर्म भर्दै जतीहरूले जति छ । मान्छेको जीवन पाएर पनि यसको महत्तालाई बुझन नसक्नेहरू यहीं समाजमा छन् । आफूमाथि बोझ खोक्ने र अरूप्रति षड्यन्त्र गर्नेहरू पनि यसै समाजभित्र छन् समयमा भन्नुपर्दा यसैयस्तासे भरिएको पीडित समाजमा यस्ता लाश्य रहँ हामी ।

कवि रीता खबीको कवितामा शक्ति छ, शब्दमा तीव्र भाव छ । सरल भइकन पनि सहृदयका कविताहरूले समय र सन्दर्भका मार्मिक अभिव्यक्ति बोकेका छन् । निर्मम समयको विषीमिषीभित्र पराजित सपनाहरू निरन्तर आँसु बगिरहेछन् । व्यवधानरहित स्वतन्त्र, शान्तिपूर्ण र अस्तित्वले युक्त समाजको परिकल्पनाले कविताहरू ओतप्रोत छन् । सहृदयका अधिकतम कविताहरू समाजको अव्यवस्थाबारेको टिप्पणीमा केन्द्रित छन् । जीवन भोगाइका प्रतिबिम्ब बनेका केही कविताहरू उत्कृष्ट छन् । पुरुषप्रधान समाजको विषीमिषीमा पिल्लिएका नारीमनका आहत अभिव्यक्त भएका कविताहरू सशक्त छन् । तर पनि पुरुषको अतिवादिताप्रति नारी-हृदय खबीले अभिव्यक्ति टङ्कारो पाइन्छ । 'लोन्लेमान्छे' शीर्षकको कविता यसै कोटीमा पर्दछ । जीवन र मृत्यु, प्रेम र घृणा, शान्ति र युद्धजस्ता विषयमा कविताहरू केन्द्रित छन् । सहृदयको शीर्षक 'फूल रोएपछि' स्वयम्मा प्रतीकात्मक छ । सरल भाषा, सहज प्रवाह शैली, यथार्थ विषयवस्तु, प्रभावपूर्ण अभिव्यक्ति, बिम्ब - प्रतीकको कुशल सयोजन समायलका विशेषता नै कवि रीता खबीका काव्यिक प्राप्ति हुन् । पहिली कवितासङ्ग्रहद्वारा सशक्त हुनुले खबीको कवितासामर्थ्यलाई पुष्टि गर्दछ ।

भानु प्रकाशनद्वारा २०६४ मा प्रकाशित प्रस्तुत कृतिमा प्र.डा.डी.पी. भण्डारी, डा. गोविन्दराज भट्टराई, विद्या पौडेल, एवम् कवि र नवलीप्रसाद घिमिरेका मन्तव्य समेटिएका छन् । समग्रमा, 'फूल रोएपछि' सार्थक कृति प्रमाणित भएको छ । अझ जीवन्त कृतिको आशा गर्नुबाञ्छनीय देखिन्छ । शुभकामना !

४. 'हिउँमा रुझेको गीत' कवितासङ्ग्रह

'हिउँमा रुझेको गीत' शीर्षकको गद्य-कवितासङ्ग्रह भवन भण्डारी 'किरण' द्वारा सिर्जना गरिएको कृति हो । बुबा हरिप्रसाद भण्डारी र आमा मीना भण्डारीका सुपुत्र पवनको जन्म वि.सं. २०४५ फागुन ४ गते गुल्मीमा भएको । बीस वर्षको कलिलो उमेरमै कविताहरू तयार गर्ने युवाकवि पवनले विभिन्न स्थान र समयमा सिर्जना गरेका ४४ वटा कविताहरू प्रस्तुत कृतिमा समेटिएका छन् । विद्यालयीय जीवनदेखिका कवितासमेत परिपक्वतासा लाग्ने पवनका कवितामा देशको अवस्थाका यथार्थ चित्र सल्बलाएको पाइन्छ । यी कविताहरूमा दुराग्रहता पोखिएको छ । सरल भाषामा भावगाम्भीर्य कविताको प्रस्फुटन नै 'हिउँमा रुझेका गीत' कवितावृतिको परिचय हो भन्ने लाग्दछ ।

सहृदयको पहिलो कविता 'देउता' भित्र नदेखिएका देउताप्रतिको अभिव्यक्ति छ । पवनको युवा मन श्रमशील जीवन बाँच्न चाहन्छ र युग फूल फुलाउने आशा सञ्चिछ । पवनका कवितामा दृढ विचार र युवाजोश छरिएको छ । जीवनको ध्येयलाई सङ्घर्ष र एकताको पर्याय मान्ने कविले नेपाली समाजका लोयारा-अप्ठेराहरू, विसङ्गति-विकृतिहरूका विरुद्धमा आफूलाई उभ्याउने चेष्टा गरेका छन् । शोषित-पीडित र अभावग्रस्तहरूका पक्षमा त्यसैगरी कविले बकालत गरेका छन् । कङ्गालीको डायरी सेल्ले पवनले कोहा, औंसी, गरिब , निस्सी खोला, कठमाडौं, सानसानी र निर्दोष भरियाजस्ता कविता पनि लेखेका छन् । आयातीत संस्कृतिको सिकेलाई फ्याट गर्ने 'ग्रेससीहरू', सहरको मार्मिक अभिव्यक्ति बोकेको 'सहिदगेट', प्राकृतिक बिम्ब-प्रतीकमा उनिएको 'हिउँफूल' सेल्ले कविले बसपार्क र बुढी आमै अनि आफ्नै कथा लेखेका छन् । जिउँदा बाबा खाने अजिङरहरू, इम्पाराफ मुटु भिरेकाहरू, र बाबाको बुर्कोको यथार्थ भाव होइन न्यूयोर्कका गल्लीहरूमा आमालाई सम्झेर नर्मा नेपालको जून टिप्ने हातहरूबारे पनि लेख्न भ्याएका छन्-कविले । अभिशप्त जीवनका भोगाइको अनुभूत यथार्थ अभिव्यञ्जित अधिकतम कविताहरू सुन्दर प्रस्तुति बनेका छन् । शब्द जति सरल छन्, त्यति नै सशक्त भाव बोकेर छन् - कविताहरूले । नेपाली मन, नेपाली समाज र संस्कृतिका कलेजन फाटा उधार्न सक्षम कवि-कलमको प्रशंसा गर्नै पर्दछ । सुन्दर शान्त र समृद्ध नेपालको निर्माण कवि-मनको उत्कट चाहना हो । उमेरको युवा बिसौनिमा माटोसँगको कविको यो प्रगाढ सम्बन्ध नै सर्वाधिक महत्वको कुरा हो-तलिबेला ।

भुँडीपुराण प्रकाशनद्वारा २०६५ भाद्रमा प्रकाशित प्रस्तुत कृतिमा डा. जगदीशचन्द्र भण्डारी, अनिल पौडेल र स्वयम् कविका अभिव्यक्ति समेटिएका छन् । साहित्यकार पिताको सिर्जन-संस्कारको प्रभाव कवि पवनमा आएको कुरालाई स्वीकार गर्न सकिन्छ, नै । प्रस्तुतिमा कलात्मकता र विषयको चयनमा परिपक्वता कृतिका प्राप्ति हुन् । पवनको सिर्जन-यात्राले शिखर छुओस्-शुभकामना ।

५. आकाशवाणीबाट गजलहरू (गजलसङ्ग्रह)

मोहनबहादुर कायस्थ नेपाली साहित्यमा परिचित नाउँ हो । वि.सं. २०४१ सालदेखि नै प्रकाशनका क्षेत्रमा आफ्नो उपस्थिति जनाइसकेकु भएका कायस्थले वि.स. २०४५ सालदेखि नै साहित्यिक प्रकाशन गर्न थालु भएको देखिन्छ । 'मेरो कविता' शीर्षकमा शुद्धसाबद्ध कविता-कृति सार्वजनिक गर्नुभएका उहाँका 'चिपस जिन्दगी' । उपन्यास, 'रोडीधर' (गीतसङ्ग्रह २०६०), 'आलिस फन्को' (आत्मसंस्मरण २०६१), 'तरेली' (हाइकुसङ्ग्रह २०६१), 'भावना' (कथासङ्ग्रह २०६२), 'शब्दजाल' (उपन्यास २०६२), 'बिस्कुन' (हाइकासङ्ग्रह २०६३),'मोहनबहादुर कायस्थका मुक्तकहरू' । २०६३), 'पीपलबोट' (संयुक्त चोकासङ्ग्रह २०६३) लगायतका कृतिहरूले प्रकाशनको अवसर पाएका छन् । 'आकाशवाणीबाट गजलहरू' सर्जक मोहनबहादुर कायस्थको २०६४ सालमा प्रकाशित पोइलो कृति हो । सन् १९४४ अप्रिल १५ मा ततहुँको बन्दीपुरमा जन्मनुभएका कायस्थ विभिन्न सङ्घसंस्थामा आबद्ध हुनुहुन्छ ।

'आकाशवाणीबाट गजलहरू' जम्माजम्मी २०० वटा गजलहरूको सङ्ग्रह हो । अरबी, फारसी, हिन्दी हुँदै नेपाली साहित्यफाँटमा प्रयोग हुन आइपुगेकी गजलसे यतिबेला तीव्रतम्रूपमा विस्तारित हुने अवसर प्राप्त गरेको छ । मोतीराम भट्टबाट सुरु भएको गजलसेइनको परम्पराले सम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगरहरू हुँदै बुद्ध सत्ता, डा. घनश्याम न्यौपाने 'परिधानी', मनु ब्राजाकी, आनुवाकर पौडेल, सलिजन राजलसगायतका स्रष्टाहरूलाई निर्यक उभ्याइएको छ-गजलपरामा । यही शृङ्खलाको पछिल्लो क्रममा देखा परेका गजल-सर्जक हुनुहुन्छ - मोहनबहादुर कायस्थ ।

मूलतः गजल प्रेमविषयक हुन्छ भनिने अवस्था एकातिर छ भने आज विविध विषयमा संरचित गजलको प्रकाशनले गजलमा देखा परेको विषयगत प्रयोगलाई दर्शाउँछ नै । यिनै प्रयोगका सन्दर्भहरूमा कायस्थका गजलहरू उपस्थित छन् - हाम्रा सामु ।

कायस्थका गजलमा प्रियासँगका मुक्तामारीहरू छन् । त्यतिमात्र होइन, कतै राजनीतिको दुर्गन्धले देश आक्रान्त भएकामा आक्रोश पोखिएको छ त कहीं सामाजिक विसङ्गतिप्रति सर्जकको असहमति व्यक्त भएको पाइन्छ । नेपाली जनताले वर्तमानमा भोगिरहेको अभावका पीडा सङ्गठका गजलमा पढ्न पाइन्छ । देशमा व्याप्त अन्योल, अशान्ति, अभ्यौरो र ममगमा अव्यवस्थापतिका शब्द-बिन्यासले गजलकारको समाज-चेतनासाई अभिव्यक्त गरेको छ । नेपाली ग्रामीण जनजीवनका झोकीहरू, नारी अधिकार, नैपाली प्रकृति, विदेशी मुलुक घुम्दाको सन्दर्भ, शोषण लगायतका भिन्न विषयमा स्रष्टाको कलम केन्द्रित रहेको छ । विषयवस्तुका दृष्टिले गजलहरूमार्फत् गजलकार कायस्थको चेतनशील-नागरिक दृढ देखिन्छ । कतिपय गजलहरूले स्वदेश र विदेशका यात्राहरूको स्मरण गराउँछन् । निम्मया कायस्थद्वारा प्रकाशित प्रस्तुत कृतिमा मदनमोहन जोशी, रामनाथ शर्मा र आकाशवाणी मोहन (गजलकार स्वयम्) का भनाइलाई समावेश गरिएको छ । गजलको आफ्नै छन्द र आफ्नै संरचना पक्ष हुन्छ । गजलकार कायस्थले गजलको संरचनाशिल्पलाई अझ छरिती बनाउँदै यस यात्राको गन्तव्यसम्म पुग्न सक्नुलाई कुरामा विश्वस्त हुन सकिन्छ ।

६. 'ओजु र डाँफे' बालकाव्य

कविता लेख्नु सजिलो कार्य होइन, अझ बालकविता लेख्नु त झनै सजिलो हुँदैन । बालकाव्यिकाहरूका निम्ति साहित्य सिर्जना गर्नु महत्वपूर्ण कर्म हो । यस्तो कर्ममा 'ओजु र डाँफे' बालकाव्यमार्फत् देखा परेको नाउँ हो -गंगा पौडेल । वि.स. २०११ भदौ २० गते स्याङ्जाको दाँसिङ दहचुममा जन्मेकी गंगा पौडेलले पृथ्वीनारायण क्याम्पस भोटचाँडि मधुर मुस्कानसहित भन्दै थियो- 'साथी ! हाम्रो यति लामो साथ एकै झट्कोमा कसरी छुट्यो ? तिम्रो र मेरो सम्बन्ध त प्रगाढ थो थियो त । अभै पनि म तिम्रो साथका लागि लालायित छु । आऊ अब हामी मिलेर बाचा गरौं ।'

म झोल्न सक्दिन । निरुत्तर भएँ । मोहको आकर्षणले अझै मलाई छोडेको थिएन । एक मन मोहवाति आकर्षित थियो भने अर्को मन आदर्शको मजबुत अँगालोबाट छुट्न चाहिरहेको थिएन । सायद मेरो मनस्थिति बुझेर होला, आदर्शले मलाई सान्त्वना भावले हेर्दै उनीहरूसँग भन्न लाग्यो - बिन्ति ! अहिले उसलाई धेरै दुःख नदेऊ । हेर त ! उसको के बियोग भएको छ अहिले । उ एकलो छ । भुँमरीमा घेरिएको छ । सबै दोष उसको मात्र पनि त छैन । तिमीहरूले उसको गल्तीमा पनि साथ नदिएकी भए आज यस्तो हुने थिएन । जुन बेलादेखि उसले मेरो साथ छाड्यो, मलाई थाहा थियो परिणाम यहीं हुन्छ भन्ने । उसको हितका लागि म साथै उसको अघि पछि हिँडिरहन्थें । म छायाँ बनेर उसको साथैमा थिएँ । उ उन्मादीतिर मोहित भयो । म उसको पाइतालामा लम्सार परें । त्यसैले उसका प्रत्येक पाइलामा म थिचिएँ । उसको गुण-दोष मलाई थाहा छ । तिमीहरूले आफूले आफैलाई एकपल निधान त ठाउँ-कुठाउँ कहाँ उसको साथ दिएँ भनेर । के त्यो तिमीहरूको पनि गल्ती थिएन ?'

आदर्शका ती कुराले सबैको शिर झुक्यो । सबै निरुत्तरित भए । बाँचीहरूको कोलाहल पनि शान्त भयो । आफ्नो बोलीको प्रभाव देखेर आदर्श फेरि भन्न लाग्यो - मोह अवदेखि तिमीले उसलाई सद्भावना- सद्बुद्धि र नैतिकतासँग मात्र सङ्गत गराऊ । नत्र म उसको हितैषी भएर नाताले उसलाई तिमीबाट अलग्याइदिन्छु । अति मनस्थिति तिमीले अहिले उसलाई खुस्याइ भन्न सुहाउँछ ? तिमीसे आफ्नो वासस्थानमा आगो लगायौ । त्यसैको रापले आज आत्मबल पछिल्लिएको छ । के तिम्रो कुनै दोष छैन त ? तिमीले आफ्नो स्वाभिमान कहाँ छोड्यो खोज छिटो । नत्र तिमी पनि मृत्युसैय्यामा पुग्नेछौ । आऊ स्वाभिमानलाई सेराऊ र सद्विचारको घर बनाऊ । अनि आत्मबलसाई तङ्गयाऊ । अब सबै मिलेर पुष्ट बनाउनुपर्छ उसलाई । आत्मबल भन्यो भने सबैको अस्तित्व समाप्त हुन्छ ।

अनि आदर्शले बाँचीतिर हेऱ्यो । चिलिपिलाउँदा थिए तिनीहरू । मायाको रेलो उड्यो आदर्शलाई उनीहरूप्रति । लाग्यो उद्धारयो लागि गुहार मागेछन् । आदर्शले मलाई सहारा दिँदै बाँचीहरूलाई अनुशासन सिकायो र भन्यो- 'हेर तिमीहरूले आफै आफ्नो महत्व बुझ । आफ्नो मुल्याङ्कन गर । तिमीहरू अनमोल छौ । कसैको तिमीहरू अरब-खरब धन सकछौ, कसैको ज्ञान । संसारलाई नै तिमीहरूले उजालपुञ्ज पार्न सकछौ भने शान्त पनि पार्न सकछौ । छरपष्ट भएर सीमा नाघ्दै अन्तरिक्षमा विलीन हुनुभन्दा व्यवस्थित भएर सबैको हृदयलाई भङ्कृत गर । सबै तिमै चिन्तनमा डुबून् । भुण्डा गरेर तिमी बाटो लगाकुन कसैले धन । आऊ सबैजना मसँग हात मिलाऊ ।'

आदर्शका कुराले सबैको चित्त छोइसकेको थियो । सबैजना उसको साहारा खोजिरहेका थिए । आदर्श सबैलाई हेर्दै भन्दै थियो- 'आऊ मेरो नजिक । म साथै तिमीहरूको हितैषी थिएँ - छु र साथै-साथै रहनेछु । आऊ अब साथै हामी एक अर्काका परिपूरक बनौं । आऊ अब हामीसँगै बाचा गरौं एउटा सधैं सलामित ।

यतिन्जेलसम्म मेरो आत्मबल अनि तड़पिइसकेको थियो । मैले पनि सबैको सहारा पाइसकेको थिएँ । अहिले मैले आफूलाई आफ्नो मनदर्पणमा निहालें । बल्ल पो म साथी बन्दै थिएँ ।

आज मैले अनुभूति गरें । अहिलेसम्म त मृगतृष्णामै भट्किरहेको पो रहेछु । बल्ल पो मैले प्यास मेट्न मुहान भेटें । लाग्यो आज म तृप्त भएँ ।

तर.....

जीवन रहुन्जेल कहाँ तृप्ति पाइँदोरहछ र ! मया फेरि प्यास बढ्दैछ । तर मैले तिम्रोउँदाको पानी भेटिसकें । आहा ! कति मीठो तिम्रोउँदाको पानी ? आज झोलि मेरो प्यास माया- प्रेमसे भेटिने गछ । साचट यही जीवन होला । त्यसैले म हरेक क्षण तृप्तिभित्र पनि प्यासको अनुभूति गर्छु .....।

❖❖❖

खुँच्छ ? मेरो अपराध ? एउटा प्रश्न उठ्छ मनमा। मनस्थिति जवाफ दिँदैन। ऊ गम्भीर छ। ऊ पनि बेसहारा भएको छ। व्याकुल देखिन्छ ऊ।

उत्तरको खोजीमा म अलि अगाडि बढ्छु। अम्काभेट आत्मवलसँग हुन्छ। म अलमल्ल पर्छु उसको पहेलिएको अनुहार देखेर। शब्द छैनन् मसँग सहकेलमा प्रश्न राख्छु। ऊ पिलपिलाउँदो स्वरमा भन्छ - 'म आफै भौतारिइरहेको छु। तिमीले गर्दा निर्वासित जीवन भाग्दै छु।'

मेरो नजरमा अघि झुन्डै थियो। प्रश्नहरू लछार मछार गर्दै थिए। म समाधान गरिदिने कसैलाई खोजी थिएँ। मभन्दा अलिपर मलाई नै टुलुटुलु हेरेर बसेको आदर्शलाई देखें। म झुक्किएँ ऊ देखेर। मैले न उसको सङ्गत पहिल्ने छोडिसकेको थिएँ। तर ऊ मेरो किन नजिक छ ? म खुम्चिदै थिएँ। ऊ मुस्कुराउँदै मेरो नजिक गर्दै थियो। उसको मुस्कानले मेरो कद थिचेकी भान भयो। म थकिदै गएँ। आफ्नो नजरमा म बामपुङ्कै भएँ। जाबाट पर भाग्न कोसिस गरें। मेरा पाइला गङ्गुंगदै गए। भाग्न सकिरहेको थिइन। मेरो सोच शून्यतिर लम्कदै थियो। अगाडिको बाटा मेरो लागि ज्यादै कठिन भैरहेको थियो।

म आफूभित्र नै यायावर थिएँ। यात्राकै क्रममा मेरो पेटि भेट भोहसँग हुन्छ। मेरो निरीह आँखामा हेर्दै उसले माधुर्य छर्दै भन्यो- 'नडराऊ म तिमी माथमा छु।' विश्वास गर्न सक्दिन म, किनकी दुश्मन उसले मेरो साथ छोडेको थियो। म सशङ्कित हुन्छु। तर उसको मधुर मुस्कानले मलाई नठमाउँछ। अलिकति भरोसाको अनुभूति त हुन्छ तर उसको हात समाउने जाँगर हुँदैन। होस् आज म एकै हिँड्छु। उसले मेरो प्रश्नको सही उत्तर माग्दै देला। सही सहयात्रीको खोजीमा छु म आज।

बाबा अलबरत छ। म लखतरान भैरहें। पाइला चाल्न साह्रो भैरहेको थियो। भाउन्न भैरहेको थियो। चारैतिर अन्धाकार देखि थिएँ। कुन बाटो कति मोड कोरेर यहाँसम्म आएँ कुनि। म रनभुल्लमा परें। आँखा मिच्दै आफ्नो धरातल नियालें। म चौबाटोमा पुगेछु। सुनसान चौबाटो म एक्ली बाटी। आतिएँ अनि एक्कासी भुमरी उठेको जस्तो भयो। त्यो भुमरीले मलाई तान्न खोज्दै थियो। आफूलाई रोक्ने भरमग्दुर प्रयास गर्दागर्दै पनि म होमिदै थिएँ त्यहाँ। म हताश भएँ।

चारैतिर नजर घुमाएँ सहाराको खोजिमा। पर एउटा बाटोबाट मनस्थिति मरन्चर्यासे आत्मबललाई घिसार्दै मतिर आउँदैरहेछ।

मैले हात पसारें आधारका लागि। उनीहरूका पाइला निम्न लागेको दियोभैं पिलपिलाउँदा थिए। थै, थैमे आइपुगे मसम्म। भुमरीले मलाई आफूतिर तान्दै थियो।

मैले कोलाहल सुनें। मेरो ध्यान त्यतै तानियो। अर्को बाटो आइरहेका रहेछन्। अलिकति आस पलायो मेरो मनमा सहाराको। भुमरितिर खिचिएका पाइला अलिकति तानें।

अर्को बाटोबाट मोह आउँदै थियो मधुर मुस्कान छर्दै। म त्यतै आकृष्ट भएँ। ऊ बढ्दै थियो म भएतिर। म तर्सिदै थिएँ। उसको माधुर्यमा। मलाई लाग्यो -मलाई ठूलो सहारा मिल्यो। मैले ऊतिर हात बढाएँ। मोहनका मलाई आफ्नो अगाडिको भुँमरीसम्म पनि सुद्धि रहेन। म डलपसिएँ।

एक्कासी मलाई कसैले तान्यो। म झस्किएँ। फुस्कन खोजें उसका पाखुरीबाट। ऊ कस्दै थियो मलाई आफ्नो अँगालोमा। सान्त्वनाको हर्तेन्लाले मलाई सुमसुमाउँदै थियो। राहतको अनुभूति भयो मलाई। लाग्यो अब म सुरक्षित हातमा छु। चित्ते प्रयास गरें। मोहको जालोले मेरा आँखा ढाकेको थियो। उसको त्यो जासो पन्छाउँदै मलाई माया गर्थ्यो। म तरल भएँ। सुकसुकाउँदै मैले उसलाई हेरें। ऊ आदर्श रहेछ। म अस्पटाएँ उसको अँगालोमा। उसले मलाई छोडेन। म निरीहभैं उसको छातीमा टाँसिए।

मलाई च्यापेर ऊ भुमरी शान्त पार्ने कोसिसमा थियो। त्यतैबेला त्यही बाटोबाट सबैजना त्यहीं आइपुगे। एक्कासी मनस्थिति च्याँइको हेर !!!!! तेरो आत्मबलको गति ! धुकधुकी मात्र बाँकी छ। अन्तिम बेग्यामा पुगिसक्यो !'

एकातिर बाणीहरू कोलाहल गर्दै थिए- 'हामीलाई छाडा किन छाडिस् ! तैंले जन्माएपछि संस्कार दिने काम तेरो हो। सबैले हामीलाई हेला गर्छन्। अब हामी कहाँ जाने ?'

पोखराबाट स्नातक उत्तीर्ण गरी हाल शान्ति बालिका छात्रावास मण्डीखटार, काठमाडौंमा सेवा प्रदान गरिरहेको देखिन्छ। वि.सं. २०६३ मा 'गंगाका केही छालहरू' एवम् २०६३ मा 'ज्योतिलोकको सम्झना' शीर्षकका दुई कवितासङ्ग्रहहरू यसअघि नै प्रकाशित देखिन्छन्। विभिन्न समयमा पुरस्कार प्राप्त पौडेलको विभिन्न सङ्घसंस्थासँग आबद्धता देखिन्छ।

प्रस्तुत 'ओजु र डाँफे बालकाव्यकृति आमा, छोरी, ओजु र डाँफेका बीचको संवादको शैलीमा रचना गरिएका छ। ओजु, डाँफेचरा हेर्ने उत्कट चाहना अनुरूप आमासँग छुट्टीका दिन चिडियाघर जानिछन्। चिडियाघरमा विभिन्न किसिमका चराचुङ्गी र जनावर देखेर ओजु दङ्ग पर्छिन्। त्यहाँ ओजुका विभिन्न जिज्ञासा प्रश्नहरू ओइरिन्छन् र आमाले ती सबै प्रश्नका उत्तर दिन्छिन्। काव्यको अन्तिममा डाँफेको चिडियाका साथै ओजु र डाँफेबीचको संवाद प्रस्तुत गरिएको छ। डाँफेचराको पूर्ववत् स्वतन्त्रताका लागि ओजुले जन्मेमा कैद गरी राखिएको जालीको ताल्चा खोलिन् र डाँफेचरा खुसी हुँदै स्वतन्त्र आकाशमा उड्दछ। यसरी स्वतन्त्रताका पक्षमा वकालत गरिएको काव्यप्रसङ्ग प्रशंसनीय रहेको छ। सरल भाषा, सहज शैली, बालमनोवैज्ञानिक अभिव्यक्तिमा प्रस्तुत गरिएको कृतिले बालबालिकाहरूलाई स्वाभाविक प्रभाव प्रदान गर्ने विश्वास गर्न सकिन्छ। एकातिर कृतिले पशुपक्षी र जनावरको स्वतन्त्रतालाई केन्द्रमा राखेको छ भने अर्कोतिर बालमनोभावनाको कदरलाई उच्च प्राथमिकता दिइएकाले कृतिको महत्व बढेको अनुभव हुन्छ। जम्माजम्मी ४० पृष्ठमा सरचित प्रस्तुत काव्यलाई बालबालिकाले रमाएर पढ्नेछन्। कैद गरिएको डाँफेलाई देखेपछि उसको पनि आफ्नोजस्तै घुम्ने चाहना हुँदा सानी डाँफीलाई त्यसबाट मुक्त गर्ने इच्छा ओजुमा जाग्दछ। लोकलय र सबाई छन्दलाई आधार बनाएर लेखिएको यो काव्यले बालबालिकाहरू निष्कपट, स्वच्छ र कोमल मनका हुन्छन् भन्ने कुरालाई प्रमाणित गरेको छ। काव्य नैतिक आदर्शले भरिएको छ।

नागार्जुन साहित्यिक प्रतिष्ठानद्वारा प्रकाशित प्रस्तुत कृतिमा दैवराज खीचाने, रमेश शुभेच्छु, सुशिला डकाल, कवि गंगा पौडेल र प्रकाशकका तर्फबाट प्रकाश सिलवालका मन्तव्य राखिएका छन्। समग्रमा पहिलो बालकृति नै सुन्दर रूपमा प्रकाशन गर्ने कवि पौडेललाई साधुवाद भन्नै गर्छ। बयस्कहरूका लागिमन्दा बढी बालबालिकाहरूका लागि साहित्यको खाँचो अझै देखिन्छ। सानै उमेरबाट तिनलाई नैतिक आदर्श सिकाउन सके भोलिका दिनमा नेपाली समाजको रूप सुन्दर बन्ने कुरामा दुक्क हुन सकिन्थ्यो कि ! कृतिकारबाट अझ राम्रोका बालकाव्यको आशा गर्ने प्रशस्त ठाउँ देखिन्छ। शुभकामना !

भैरहवा (हाल - शङ्खमूल, काठमाडौं)

ढढेलो (कवितासङ्ग्रह)

प्रमिला उप्रेतीलाई नारीस्रष्टा भनेर परिचय गराउन पर्दैन। किनकि उनी नारीस्रष्टा भनेर सम्बोधन गर्दा उनको परिचय सीमित्रिन सक्छ। उनी त नेपाली साहित्यमा उदाइसकेकी एक नक्षत्र नै हुन्। प्रमिलाको ढढेलो (कवितासङ्ग्रह) २०६२ सालमा प्रकाशित भएको छ। यस सङ्ग्रहभित्र प्रमिलाले लेखेका उन्नाइस कविताहरू रहेका छन्। काठमाडौं सहर शीर्षकको कविताले काठमाडौंले कस्तोमाडौंलाई देख्न छोडिसकेको छ, तथापि म र मजस्ते काठमाडौं।आउने गरेका छौं भनेर आफ्नो भावना, विद्रोह, मायापेम र पीडा बोकेका सशक्त कविताहरू मेरुल सफल भएकी छन्।

प्रमिलाका कवितानारी चेतनाले उन्मुख छन्। नारी साहित्यकार भन्ने उद्देश्य लिएर कविताहरू लेख्ने गएर आफ्नो साहित्यमायासाई ढुंगो शिखरमा पुऱ्याइसकेकी प्रमिला साहित्यमात्र नभएर समाजसेवा र रेडियो नेपालको समाचार वाचकको रूपमा समेत संलग्न भएकी छन्। ढढेलो कवितासङ्ग्रहभित्र उनका बालावस्थादेखिका वा भनु आफू भन्ने गाहा पाएदेखिका सुख, दुख, आँसु र हाँसोका अभिव्यक्तिहरू छन्। प्रमिला उप्रेती समकालीन पुस्ताकी चर्चित नाम हो। त्यतिबेला उनले खास गरेर विराटनगर भेकमा कविता लेखनबाट प्रसिद्धि कमाएर अगाडि आएको देखिन्छ।

अरूण 'नदी'

अनुवाद निबन्ध

मेरो घाँटी मेरो परिचय

✍ नरुगलप्रसाद स्वस्थः

मेरो परिचय मेरो घाँटीले दिइरहेको छ। मेरो घाँटीले मेरो टाउको बोकिनराखेको भए मेरो परिचय नै हुँदैन थियो। टाउको, अनुहार नभएको शरीरको परिचय के होला ? टाउको र शरीरको सम्बन्ध नै घाँटी मात्रको टाउको, अनुहार हरेरै हो, मेरो टाउको नभएको शरीरले मात्र मेरो परिचय दिन सक्दैन। त्यसरी नै तपाईको परिचयलाई पनि तपाईको टाउको, अनुहार भएको शरीर आफ्नुछ। टाउको नभएको मुर्दा शरीर कसैको पनि परिचय हुँदैन। त्यसैले, टाउको र शरीरको सम्बन्ध घाँटीले गर्दा सानिसलाकका आ-आफ्नो परिचय भएका छन। टाउको नभएको शरीर छिन्नमस्ता भगवतीको रूपविहीन शरीरजस्तै मात्र हुन्छ, पूर्णता पनि हुँदैन, परिचय पनि हुँदैन।

घाँटी मानिसको परिचय हो भने व्यक्तित्व प्रदर्शन गर्ने माध्यम पनि हो। मानिस हात-खुट्टा नभइकन बाँच्न सक्छ, घाँटी नभइकन बाँच्न सक्दैन। तपाईको दिमागले गरिरहेको विवेक,संकल्प देखिरहेको, कानले सुनिरहेको, नाकले सास फेरिरहेको, मुखले खाइपिइरहेको-बोलिरहेको, त्यसरी नै तपाईको शरीर हात-खुट्टाको सञ्चालनको सम्पूर्ण सारसङ्क्षेप घाँटीमा हुन्छ। तपाईको शरीरबाट तपाईको घाँटी एउटा निकिदिनोस्, यानि भनिएको तपाईको शरीरको सञ्चालन सबै ठप्प रोकिन्छ। तपाईं जाँचिरहेको मन्तु नै तपाईको घाँटीले गर्दा हो। हाम्रो शरीर र टाउकाका अनेक तंसाहरू घाँटीको माध्यमबाट सम्बन्धित भएर हाम्रो शरीरको सञ्चालन भइरहेको छ। शुक्रराज र धर्मभक्तलाई त्यही घाँटीमा डरोल बाँधी फुन्डाई मारे। कैतिपयलाई घाँटीमा छुराको काटेर मारिदिएका छन्। त्यसैले, हाम्रो शरीरमा घाँटी एउटा यस्तो अङ्ग हो, जसले हाम्रो जीवन र मृत्युसाई छुट्याइदिन्छ। घाँटीभित्र रहेका अनेक तंसाहरूको सञ्चालनबाट गर्दासि बाँचिरहन्छ, तो नहाहरूको सञ्चालन नहुँदा मानिसको मृत्यु हुन्छ।

घाँटी तपाईको शरीरको ठूलो संवेदनशील अङ्ग भएर पनि तपाईको व्यक्तित्व प्रदर्शन गर्ने माध्यम हो। तपाईको घाँटीमा झुण्डयाउने सुनको सिकी, नेकलेस, घाँटीमा बाँधे टाई, त्यसरी नै विभिन्न अलङ्कारका माध्यमले सबै घाँटीको माध्यमबाट व्यक्तित्व देखाउने प्रयास हो। तपाईको व्यक्तित्वलाई अभिव्यक्तिको माध्यम पनि तपाईको घाँटी नै हो। तपाईं कसै सभामा वा कसैलाई सम्मान गर्न घाँटीमा नै फुलमाला, खादा पहिराई दिन्छ। तपाईको स्वयम्बर घाँटीमा नै फुलमाला, सिकी पहिराएर गरिन्छ-नोम्नेस्वामी गोइन्छ। त्यसरी नै विवाहपश्चात पनि होम्नेस्वामी बाफुमै रमाइरहेसित घाँटीमा मेरिएर नै दाम्पत्य जीवनको अनुभूति गरिरहन्छन्। घाँटीको संवेदनशीलताको अनुभव र अनुभूति पनि हाम्रो जीवनसे राम्रो गरिरहेको छ।

शुभ-अशुभ विचार गर्दा घाँटी तपाईको व्याख्या हो, तपाईलाई जिन्ने माध्यम हो, तपाईको परिचय, तपाईको अभिव्यक्ति, व्यक्तित्व सम्पूर्ण हो, मान-सम्मान तपाईको जीवन भर घाँटी नै हो। हाम्रो शरीरको सानो अङ्ग घाँटीलाई लिएर साने लेख तपाईले अगाडि अभिव्यक्ति गरौं। सानो भएर तपाईलाई चित्त बुझ्नुला, गुन तपाईको अभिव्यक्तिको होला तपाईलाई, विपत्ति तर विजयको रूप व यस्तै हुन्छ। जे-जस्तो भए पनि मेरो विजय मेरो परिचय समान पछिरेनुभयो, तपाईलाई धेरै हृदयदेखि धन्यवाद दिन्छु। मैले तपाईलाई घाँटी निहुरेर नमस्कार गरिरहेको छु।

नेवारी भाषाबाट अनुवाद: रासा

कथा

तृप्तिमित्रको प्यास

✍ सुधा बस्नेत

वाणी यात्रा गर्छु भन्छ। ऊ विहिन खोज्छ अवसरमा। म अत्यन्त हैन अनन्त बनेर। निरङ्कुशता चाहने ऊ। म भित्र सङ्घर्षरत छु। अनि ऊ रमलिन्छ मैमिन्च। माटो खोज्दा खान्दै ऊ मेरो मनआकाशमा डल्लालिन्छ चङ्गाझैं। म उसको धागो समाएर गर्वित छु।

म ! म ! म !

म को ? प्रश्न गर्छु म आफैं सँग। जवाफ पनि आफैं दिन्छु 'म मै हुँ साथी 'म'। ' म तानाबाना बुन्न थाल्छु। आफ्नै मनभित्रका भावहरू केनाउन थाल्छु। म भित्र वाणीहरू उकुस-मुकुस छन्। वाणी मलाई प्रसवपीडा दिन खोज्दैछ। जन्मन खोज्छ ऊ मबाट। वाणीलाई आफ्नो हातको कठपुतली ठानेर म अझै चुनिन्छु, आफैंले आफूसाई विशिष्टता प्रदान गरेर। म झैंझैं गएको देखेर मोहले मेरो हात समातछ। मलाई सहारा दिनो थाल्छ। मेरा पाइला शिखरतिर सञ्चिन थान्छन।

मेरो शिखर यात्रा देखेर वाणी प्रफुल्लित भयो। ऊ जुम्रुराउन थाल्यो। म हर्षले उछैंदै अघि बढिरहेको थिएँ। उचिंदा म भान्ने अंगिएँ। मेरो हर्षले सीमा नाघ्यो। पुलियो हर्ष अंगसँगै घमण्ड। म प्रफुल्लित भएँ। मलाई मात लाग्नाजस्तै भयो, अनि मैले वाणीलाई काटी दिएँ।

वाणी काटो पाएर प्रफुल्लित थियो। ऊ निर्भिक थाल्यो अध्यवस्थित आफ्ने। उसले न समय हेर्यो न स्थान। सुसुप्तिमा रहेका उसका रहरहरू हरेकका खानहुँदै गुणात्मा परिणतहुँदै निस्कन थाले। उसको दाबा बढी कमसे अनन्ततिर उन्मुख थियो। अलिले ऊ उन्मत्त छ आफ्नो लक्ष्य भेटेर।

म पनि उन्मत्त छु शब्दका चङ्गा उडाएर। म खाली छोड्दै छु। ऊ आकाशिंदै छ। हामी दुवै यात्रारत छौं, आफ्नै उन्मादमा। उसले अनन्त चाहन्थ्यो मैले जरूलाई चाहन्थें।

एकासी म झस्किएँ ऊ डल्लाल भएको देखेर। मैले समेटून खोजें उसलाई। हाम्रा विपरीत पानी पियो हुरिको रूपमा। चङ्गा कराउ खाँदै थियो। हावा-हुरीले चङ्गासँगै मलाई पनि असर गर्दै थियो। म शिखरमा थिएँ। सहँ भने एकैचोटी खोँचमा पुग्थें। म आफ्नो पाइलालालाई जमाउने कोसिसमा थिएँ। मोह पनि झटकाइरहेको थियो।

मैले आफूले आफैंलाई सम्हाल्न सकिन। कुन सक्यो मेरो हातबाट धागो फुस्किइसकेछ। मैले एक नजर चङ्गालाई हेरें, ऊ डल्लाल गर्दै थियो। मैले आफ्नो होस गुमाएँ। मेरा ती वाणीहरूको के हालत भयो होला सै कुन्नि !

केही बेरको निश्चेष्टतापछि होस आउँदै थियो मलाई। मभा चेतना फैलिंदै थियो। निरिह 'म' पुनर्पुनरित थियो। मैले आफ्नो धरातललाई नियालें। शिखरको पिंध थियो। म खोँचमा थिएँ। त्यहींबाट हेरें, सबै यात्रारत थिए शिखरतिर। मैले चिच्याएर बहुत भाने प्रयास गरें। तर सै मेरा वाणी ? कठै ! म त रित्तो पो छु त। मायाको रेखी उठ्यो आफैंप्रति। यसो छामिहेरें आफूभित्र एकाध शब्द भेटिन्छन् कि ? आहाँ। म निशब्द थिएँ। गुहारको लागि पनि मैले शब्द भेटिन। सम्झें मोहनाई, ऊ त अवश्य भर्सगै हुनुपर्छ। किनकी ऊ त मेरो सबैभन्दा नजिक थियो। म खरा अवश्य ऊ पनि बसेको हुनुपर्छ। उसले चिनजान गराएका एकएकलाई सम्झें उकालो चढ्दा तेरो साथ छोडिन्ये छोड्दिन भन्नेहरू पनि मेरो यस्तो अवस्था देखेर भागेछन्। कठै ! म ?

बिस्तारै उठ्छु, आफ्ना निलडाम र टुटन्जोलाई सुमसुम्याउँछु। अनि भीतारिन्छु सहाराको खोजीमा। पहिलो भेट आफ्नै मर्मस्थलीसँग हुन्छ। सहाराको आशामा ऊतिर हेर्छु। उसले छाती बजाउँदै भन्छ- 'चुप्पिछ !

मैले भोक खाएं

✍ खड्गबहादुर बाचाराई

भुम्म परेका गाउँहरूमा
टाढा.....टाढा बस्तीहरूमा
सुनसान बाटाहरू पार गर्दै
बाध्यताको जिञ्जिरमा
शिथिल शरीर लिएर सुत्ने बेलामा
भोकमाथ खाएर सुतेको छु
सायद त्यसैले होला
सुनसान रातमा पनि झुम्मिरहेको हुन्छु
कामले कहीं कतै टाढा जाँदा
मेरो गरीब थाली रिसिंदा
दुई मुठी चुरा पानीमा तिल पार्दा
मीठो मीठो स्वाद पाएको हुन्छु
स्वाद त मैले जिब्रोमा टाँसेको हुन्छ
किनकि मैले भोक खाएको हुन्छ
मेकुवा रोट र तास
चुल्हीको तालोर्सग
बिछिएका नरम कपासमा खेल्नेहरूले
इमान्दारको उपहास र बकवास गर्दै
केही खान्छन्, केही फाल्छन्
छेरै खानामा धेरै स्वाद लिन्छन्
वा त खाना फाल्नेको उपहास गर्छन्
किनकि तिनले खाना त खाएका छन्
भोकको स्वादबाट टाढा भएका छन्
स्वाद कहाँ हुन्छ ?

खानामा ? बजारीमा ? वा भोकमा ?
होइन,
पक्कस स्वाद त भोकमा हुन्छ
पक्का स्वाद त जिब्रोमा टाँसिएको हुन्छ
त्यसैले त,
एक डल्ली बिँडो,
मकैका आखाको भात
एक बटुको तरकारी
एक बटुको मोही
अलिकति गुन्दुकको अचारमा
सतकौं व्यञ्जनको स्वाद पाएको हुन्छु
किनकि मैले भोक खाएको छु
मीठो स्वाद पाएको छु
तर यहाँ यस दुनियामा
आफूलाई महान् भनाउन खोज्नेहरूले
अर्काको पसिनामा सोख सयम चाहनेहरूले
एकपछि अर्को स्वाद खोजी खोजी हिँड्नेहरूले
आफूलाई घृणाको पात्र बनाइरहेकोमा
कता कता घृणामिश्रित दया जागेर आउँछ
कठोर परिश्रमको शीतलतामा
पछति आफै मीठो हुन्छ भन्न पाउँदा
गर्वले शीर ठाडो पार्दै
किनकि मैले भोक खाएं ।

बाँबारी- १०

मुक्तक

✍ मधुररोदन भट्टराई

अस्ताचलमै अस्ताइगए सहरहरू एकैसाथ
अस्तित्वको प्रश्न गर्छन् सहरहरू एकैसाथ
जिउनुको जिजीविषा होला कतै क्षतिभिन्न
त्यसैले त भोगिरन्छु कहरहरू एकैसाथ

कसैलाई ती प्रेमतीरले हान्दैन यो जिन्दगी
संसार तुच्छ भन्छ केही छान्दैन यो जिन्दगी
कराउँदा कराउँदै थाँटी सुकी मर्न सार्दै
जे भनेनी मैले केही मान्दैन यो जिन्दगी ।

बाँबारास - ५, नवचिसती

केही साइकुहरू

✍ मुकुन्द पथिक

१. भरेको आँसु
बैसालु अनुहार
आँखिको मुना ।

२. पुरानो साथी
हृदयको झङ्कार
अपूर्व हाँसो ।

३. बैसालु मन
उडेको उडेयै हुन्छ
थाम्ने कोसी ?

४. अपना हाँसु
मोहन हुन्छ धनी
अपार शक्ति

५. दुःखमा हुन्छ
जोसीहरूको मन
देखेर फूल

६. दुःखि सुख
बेचैन मनलाई
हाई सयम ।

७. देखेर भीड़
उडेका सारछ छिन ?
उराठ दिन ।

८. हुँदैन मस्ती
सुन्दरीको जोवन
हीराको मोल ।

९. बनि रहिस्ते
भामालुको मुस्कान
साँचेर राख्छु ।

१०. रोएको दिन
देखेर त्यो समस्या
ढकाड धनी ।

अभिलाषा

✍ दिल्लीराम ढकाल

कलीगङ्गा कलकल गरी स्वच्छ पानी बगोस्
कोयली मीठो कुहुकुहु गरी गीत गाई रोओस्
मानौं बच्चा छुमुमु गरी प्यार हाँसी छरेको
धाइ मैले नजर नजिकै राष्ट्र बाँधी उठेको ।

बाम्बा जूदै मनुजहरूमा मित्रता जन्मिएको
श्रद्धा उन्दै गरिब धरमा दिव्यता फैलिएको
नेपालीका मनमुद भरि सम्पन्न हुँकिएको
च.ऊ मैले नूबनारिन्या मस्तता लैसिएको ।

साधुन् पानी सकिटहलमा राष्ट्र लातिमा पाइ
रम्दै जाऊन् प्रतिदिनमा स्वप्न साकार छाई
धर्ती होसुन् भमर धड़ीमा शान्तिको दीप बाली
मान्छे जाऊन् प्रगति पथमा रम्य छाटी अँघाली ।

चम्कून् तारा चमचम गरी दिव्य सौन्दर्य छर्दै
नाचुन् पृथ्वी छमाछम गरी प्रेममुस्कान भर्दै
होसुन् बामा मनुजहरूका पूर्ण माया मँगाल्दै
राखून् मनका प्रेमवरसले हर्षसार्थै अँगाल्दै ।

बाटा छोल्दै नव किरणका सीप जागून् बुगौवा
भोका बस्ती अति तरसेमा तृप्ति बाँडून् मभौला
नेपालीका हृदयभरिमा राष्ट्रसम्मान बाँचोस्
वैरी सारा पराधर हुने उच्च हुङ्कार जागोस् ।

तुलसीभन्ज्याङ, स्याङ्जा

कथा

तेस्रो युद्ध

✍ प्रकाशमणि ढकाल

ग्यालरीका भित्तामा घेरै चित्र टाँगिएका थिए र चित्र हेर्ने पारखीको भीड पनि कुनै थियो । प्रायः सबै चित्रका सामुन्ने दुई-चार देखि दश-बाह्र पारखीको झुन्ड अवश्यै थियो । कलीकाँ छलफल, अर्थ-अर्थान्तर, मत-मतान्तर पनि भैरहेको थियो । फूल, यौवना, भूदृश्य, जनावर, चराचुरुङ्गी, सूर्योदय, सूर्यास्त, दीन-दुखी, युद्ध-सङ्घर्ष, बालकहरू लगायत कतिपय अमूर्त लाग्ने प्रायः सबै चित्रमा दर्शकहरू रुचि लिइरहेका थिए । तर एउटा चित्र भने दर्शकविहीन थियो, बहिष्कृत वा विस्मृतजस्तै । 'तेस्रो युद्ध' नामक त्यो चित्र पूरै तिरष्कृत लाग्यो ।

चित्र हेर्दै जाने क्रममा सबै पुग्ने मोडमा रहेको त्यस चित्रमा तर कोही अडिँदैनथे एक-दुई झलक हेर्नबाहेक ।

उसलाई लाग्यो त्यस चित्रमा पनि सर्जकले कुनै भाव, सन्देश वा विषय प्रक्षेपित गरेकै हुनुपर्छ । रङ, रेखा, ध्वनि, आकार इत्यादिका माध्यमबाट केही बताएकै हुनुपर्छ । उसले मिहिनेत लगाएकै हुनुपर्छ । त्यसका चेपचेपमा, त्यसबाट उचाइ र गहिराइमा, गाढा र फिका रङमा लुकाएर कुनै विशेष भाव प्रस्तुत गरेकै हुनुपर्छ । जस्तो प्रायः सुन्दरीहरू गने गर्छन्, देखाउन मन लागेको कुरा लुकाएरमात्र देखाउँछन् अथवा देखिने गरी लुकाउँछन् । भनौं पाता पाउने गरी लुकाउँछन् वा लुकाएर पाता दिन्छन् । केसविन्यास, वस्त्र, अलङ्कार, शृङ्गार र भाव-भङ्गिमा, भाषाको छुटअर्थ इत्यादिका पर्दामा लुकाएर देखाउँछन् बताउँछन् । एउटा कवि पनि लुकाएरै प्रस्तुत गर्छ आफ्नो सन्देश– छन्द, शब्द-अर्थ अलङ्कार, पङ्क्तिहरूका लामा छोटा लम्बाइ, एकोक्ति-पुनरोक्ति इत्यादिको भुनोटभित्र कोइ-म्यासेजजस्तै पारेर अथवा भनौं जसरी पिउ लुकाइ राख्छ दहीले आफूभित्रै छिपाएर । सांच्चै सीमै हुँदैन यसरी मुख्य कुरा लुकाउने सीप वा कलिगढीको । जति सिपालु कलाकार उति नै गहिरोसँग लुकाइएको हुन्छ भाव तर उतिकै थाहा पाइने मेसो पनि मिलाएर, खोजिएसम्म सूत्र पनि छोडिराख्ने । जस्तो लोकगीतको पङ्क्ति "कहाँ जान इन्केका लाहुरे/बाह्रमासे फुल टिप्न पल्केको ?" मा लुकाइएको हुन्छ लाहुरे र फूलको वास्तविक परिचय तथा त्यसलाई टिप्नु र पल्किनुको वास्तविक अर्थ ।

अनि एउटा पारखीका लागि पनि लुकाएको सो भाव भेट्टाउनु नै सबभन्दा अभीष्ट हुन्छ, आनन्द र जीत हुन्छ । त्यही हुन्छ उसका बुझाइको तीक्ष्णता, परखको क्षमता, र सफलताको सन्तुष्टि– एउटा चित्र पोलीको अर्थ खुलाउँदाको, एउटा गणितीय समस्या समाधान गर्दाको अथवा एउटी सुन्दरीको भाव-भङ्गिमा वा कूटभाषाको अर्थ बुझ्दाको मजाजस्तै । जसरी हरपातिरकमा 'यूरेका' भन्दै आर्किमेडिज कुदेको थियो खुशी लाउनै बिर्सिएर ।

त्यसैले उ चित्रअघि थियो त्यस चित्रमा पनि कुनै गूढ अर्थ, कुनै विशेष सन्देश हुनैपर्थ्यो र उ अधीर भैरहेको थियो त्यो रहस्य पत्ता लगाउन र त्यसलाई पत्ता लगाएको आनन्द अनुभूत गर्न ।

त्यसैले भ्याप्सबाट आएको सोझो प्रकाशका कारण केही टल्किएको त्यस चित्रलाई निकालेर उसले अर्को कुनाको थाप्ली किलामा झुन्ड्याएर र आफ्नो दृष्टि केन्द्रित गऱ्यो ।

उसले त्यसरी आत्मविस्मृत भएर चित्रमा आँखा गाडेको देखेर होला, केही दर्शक आकर्षित भए केही हिँडे पनि । अर्थात् उसका साथीको कोही भएन् ।

समीक्षा

परिचयात्मक लेखहरूको सङ्ग्रह सिर्जनाका लहरहरू

✍ विजय सापकोटा

साहित्यका समालोचना, समीक्षा अथवा टिप्पणी गर्ने कार्य कठिन कार्य हो । किनभने समालोचक वा समीक्षकमा बहुआयामिक गुण हुनु जरूरी हुन्छ । समालोचक एकातिर सिर्जनात्मक लेखनसँग पूर्णरूपमा परिचित हुनु आवश्यक छ भने अर्कातिर सामान्य पाठकीय स्वभावभन्दा पृथक् विधिसमको विश्लेषणात्मक वा समीक्षात्मक पठन क्षमता पनि उसँग हुनु जरूरी ठहरेछ । यसअर्थमा समालोचक वा समीक्षकसँग सिर्जनात्मक र विश्लेषणात्मक दुवै विधिसमकै क्षमता हुनुपर्दछ भनिएको हो । हामीकहाँ यस्ता समालोचक वा समीक्षकहरू निकै कम पाइन्छन् । समालोचनामा पनि एकथरी आलोचनामात्र गर्ने, अनि अर्कोथरी प्रशंसामात्र गर्ने भेटिन्छन् । पुष्पकवि एवं लेखक छविरमण सिलवालले भने यही धरम्राराम्रा नै तर अलिक छुट्टै स्वाद दिने एउटा कृति प्रकाशमा ल्याएका छन्- 'सिर्जनाका लहरहरू' नाम दिएर । सिलवालको यो कृति समीक्षा वा समालोचनाभन्दा पनि विभिन्न साहित्यकार र तिनका कृतिहरूका बारेमा जानकारी खुलाउने विधिसमको परिचयात्मक कृतिका रूपमा देखापरेको छ ।

'सिर्जनाका लहरहरू' लाई लेखक सिलवालले भने 'विविध' भनेर लेखकीय इमान्दारी देखाएका छन् । आफ्ना परिचयात्मक बढी र समीक्षात्मक गुण कम भएका रचनाहरूलाई 'समालोचना' भनेका छिनन् उनले । सङ्ग्रहमा सिलवालले विभिन्न समयमा लेखी पत्रपत्रिकाहरूमा प्रकाशित गराएका साहित्यकारहरूका व्यक्तित्व र तिनका कृतिहरूको परिचय, भन्नाकुनारी आदिलाई समेटेका छन् । सङ्ग्रहमा सङ्ग्रहीत विभिन्न ३३ वटा लेखमध्ये व्यक्तित्व परिचय १५ वटा, कृतित्व ११ वटा र विभिन्न साहित्यिक व्यक्तित्वहरूसँग लिइएका ७ वटा अन्तर्वार्तालाई राखेका छन् ।

लेखक सिलवालले समकालीन नेपाली साहित्यमा परेका साहित्यकारहरूको व्यक्तित्वका बारेमा परिचय र आफ्ना अनुभूतिलाई प्रस्तुत गरेका छन् । सिलवालको छोटोमा राष्ट्रियस्तरमा राम्रो स्थान पाएका वरिष्ठ लेखक, साहित्यकारहरूदेखि साहित्यमा योगदान दिएर पनि औझेलमा परेका र उदाउँदा प्रतिभाहरू परेका छन् । त्यसैगरी कृतित्वको चर्चा गर्ने पनि उनले स्थापितदेखि नवप्रतिभासमेतका कृतिहरू लिएका छन् । साहित्यकार व्यक्तित्वहरूको चर्चा गर्दा सिलवालले आफूले छनोट गरेका व्यक्तिको परिचय सकेसम्म खुल्नेगरी दिने प्रयत्न गरेका छन् । संगसँगै व्यक्तिगतरूपमा आफूमा परेको प्रभाव र आफ्नो अनुभूतिलाई पनि सिलवालले प्रस्तुत गरेका छन् । यही शैलीलाई उनले कृतिको चर्चा गर्ने क्रममा पनि पछ्याएका छन् । कृतिको सामान्य परिचय, त्यसको विषयवस्तु, संरचना र विधाका बारेमा यस सङ्ग्रहका लेखले जानकारी प्रदान गर्दछन् । लगभग सबैजसो नेपाली साहित्यमा प्रचलित विधा यिनको छनोटमा परेका छन् । अन्तर्वार्ताका लागि चुनिएका साहित्यकारहरूमा पनि वरिष्ठदेखि पछिल्लो पुस्ता समेतलाई समेटिएको छ । अन्तर्वार्ताका लागि गरिएका प्रश्नहरूको प्रकृतिलाई हेर्दा सिलवालले सैद्धान्तिक वा कृतिगतभन्दा पनि समसामयिक र व्यावहारिक प्रश्नलाई बढी ध्यान दिएको देखिन्छ ।

यसरी एउटै कृतिभित्र नयाँ र पुराना साहित्यिक व्यक्तित्वको परिचय, तिनका भावना र तिनको कृतित्वलाई यस 'सिर्जनाका लहरहरू' पुस्तकमा स्थान दिइनु सराहनीय कार्य हो । यति हुँदाहुँदै पनि यसलाई परिचयात्मक पुस्तकका रूपमा मात्र सीमित नराखेर समालोचनात्मक एवं अन्वेषणात्मक बनाइनतर्फ लेखक सिलवालको ध्यान जान सकेको भए 'सुनमा सुगन्ध' हुने थियो । आशा छ, आगामी दिनमा लेखक सिलवालको कलम त्यो दिशातिर पनि अग्रसर हुनेछ ।

❖❖❖

जन्मदा हाँस्नेहरू निरन्तर मृत्यु बाँचिरहन्छन्

✍ मणिराज सिंह

जन्मदै रुनेहरूलाई देखेर
हाँस्दै आनन्दित हुनेहरू
जीवनचक्र अन्त्योर
जीवनभर रुँदै तड़पिन्छन्
अनि आनन्दकै खोजीमा
भौतारिइरहन्छन् जीवनभर
हातको नइगाहरू छियाउँदै
पसिनासे सिंचेर आफ्नै उपेक्षा
मर्यादाका सीमाहरू भित्तेर
राटपिइसरी फनफनी घुमिरहन्छन्
स्नेह, विछोड र दुर्घटनाहरू बीच
जन्म र मृत्युको पासीमा अन्त्योर
घाम-छायाँ सरी
लडिबुडी खेलिरहन्छन्
र, लाइरपाइर पनि गरिरहन्छन्
अव्यक्त सुन्दर सपनाहरू
कोमल इच्छा र आकाङ्क्षाहरू ।

रगत घटघटी पिउँदै
कुर र कुरतम हुँदै
जीवन बढ्दारहेका हुन्छन् निर्पेक्ष
अनि निरन्तर सास्किरहेको मन
सुन्दर कुरूप अनि बिल्लाँटो मन
आफ्नै अस्तित्वलाई सत्याउँदै
आफ्नै रङ्गहरू भत्काउँदै
जन्म र मृत्युसँग जुझारी खेल्दै
अनन्त यात्रीको उबड़खाबड़ पथमा
निरन्तर सास्किरहन्छ
चरम आनन्दको खोजीमा
क्रमशः छटपटिँदै
जन्मदा हाँस्नेहरू सास निल्दै
आफ्नै मृत्युमा मलाम गइरहेका छन्
जन्मदा हाँस्नेहरू
गहभरी आँसु पिएर
क्रमशः मृत्यु बाँचिरहेका छन्
मृत्यु कुदै छटपटिइरहेका छन्
र, मृत्यु अँगाली जानेहरू
चिरनिद्रामा आनन्दसँग
तपस्वीझैं जीवन साँसिरहेका छन् ।

इमाडोल, ललितपुर

गजल

✍ कमलबाल के.सी.

बेदनाको आँसु हो यी नसोच्नु है पानी
आफै बगछ, बगाएको हैन जानी-जानी ।

कति धेरै बाँसलाई अझै रितिएन
ठूलै रै छ यसैमा आँसुको यो खानी ।

साँझजेखे कैली छैन मिजइ जैलेसुकै
कस्तो हुनद थाहा छैन कोभानो सिरानी ।

आँसु मेरो मनमिल्ने भावनाको साथी
उसँगै रात काट्छु गाइ कुराकानी ।

पीडा लुकाइ झुठो हाँसी हाँस्नु म कसरी
तिम्रो आज साँसिरह्यो मेरो पीरा जानी ।

आफू परें अभागी त कर्मोदारा दुःखी
भन्नेहरू भनून् कोही म त भाग्यमानी ।

जति ज्युँदा जिन्दगी यो भीरदै पीडातल
लेखेरै म बिताउनेछु आँसुपी कहानी ।

कलेटी यी अधरले हाँसो नदेखेरे
बितिसक्यो दुखियाको सारा जिन्दगानी ।

उसलाँई त्यसको मतलब पनि भएन । ऊ स्वयम् हराइदियो त्यसका कोलाजहरूमा ।

आठ/बाह्र साइजको क्यान्भासमा चित्र पानी रङ्गमा पोतिएको थियो । निकै खजमजिएका, एक आपसमा खप्टिएका र एकार्कोका वारपार गैरहेका लाग्ने दृश्य कता तल, कता माथि, कता सुर, कता अन्त त्यो एउटा छुट्टयाउनै मुस्किल पर्ने जटिल कोलाज लाग्थ्यो । तर उसलाई त्यसमै मजा लागिरह्यो- माथि भनेझैं त्यसमा लुकेको भाव पढ्दिन र त्यसमा अन्तर्निहित अभिप्राय पत्ता लगाउन ।

केही बेरपछि झुन्डाउने मुन्टोपछि माथि र त्यसको विपरीतपछि तल मान्नुपर्ने किसिमले दृश्यहरू बिस्कुन लागेको उसलाई महसुस भयो, मूलतः हल्का हरियो रङ्गमा । तर त्योभन्दा मध्यम प्रखरतामा आफ्नै कतै गाढा कतै हल्कापनसहित ईंट रङ्गको राती पनि बराबर मडारिएको देखिन्थ्यो । तर उसका नजरले हरियो नै समात्यो र उसको उत्सुक मन त्यसैसँग कुदन थाल्यो ।

त्यसपछि उसले सम्पूर्ण क्यान्भास तीन भागमा विभाजित भएको थाहा पायो तर यथार्थ सीमा अतिक्रमण भएका कारण यो विभाजन ठ्याक्कै सरल रेखीमैचाहिँ थिएन ।

सबभन्दा तल्लो भागमा एउटा भूदृश्य थियो– ज्यादै पुरानो वा पिछडिएको विपन्नतम मानव बस्तीको । माथितिर पाखा, जङ्गल र तलतिर पनि जङ्गलका बीचमा ढाकादेखि बायसिम्म बेतरतिब छरिएकाझैं भएर यथार्थतः । एकाइदुई अलिक राम्रा काठ र माटाका घर पनि देखिन्थे । बस्ती वरिपरि अलिअलि बालीनाली भएजस्तो लाग्थ्यो तर जमिएका र पूरै बेस्वाहार । यताउता चौचाया बस्तुभाउ थिए । बढ्नलग्न नारी-पुरुष खेलबाड, लडझगड़, बातचित, कामकाजमा भएजस्तो देखिन्थे भने नङ्गधड़ङ्ग केटाकेटी पनि जथाभावी खेलि-कुदिरहेका थिए । एकाधपछि एउटा पोखरी थियो जसमा कतै गुहाउँदै, कतै डुब्दासा पानी भर्दै र कतै भैंसीहरू आराम खेल्दै परेको देखिन्थ्यो ।

एकाध मोटाघाटा र अलिक पूरा र सुकिला बरब लगाएका मानिस अगिल्ला खालेखाई अड्डाइ वा हम्काइरहेजस्तो पनि लाग्दथ्यो ।

त्यसभन्दा माथितरको दोस्रो भागमा पनि एउटा बस्तीकै चित्र थियो । तर यहाँ पहिलोमा भन्दा सबै कुरा सफा, राम्रा र बढी स्पष्ट थिए । झुप्पे पनि बान्की परेका थिए भने काठ, ढुङ्गाका घर पनि अलिक बढी र राम्रा थिए । धेरैजसो घरहरू ठाउँठाउँमा गुजुमुजु परेर बसेका थिए भने एकाइदुई उसिँइएका पनि । त्यसबाहेक यहाँ बाटो, बाँसमा न्याइएको पानीका धारा, सफा र बारिएको पोखरी, पशुहरू जथाभावी नभएर कटेरामा वा चरनमा, मानिस पनि पहिलो चित्रमा भन्दा सफा र बढी बस्त्रमा, धेरैजसो काममै लागेका थिए । केटाकेटी भने ढल्ली थिए । एकाधपछि एउटा ठूलो रूखका फेदमा बसेको चौतारोजस्तो ठाउँमा दाढी फुलेका वृद्ध र सामुन्ने बसेका मानिसमा भनाकुनाकी भैरहेजस्तो लाग्थ्यो । बायाँपट्टिको तल्ली कुनाबाट माथबेली पर्दै माथितिर आएको बाटोका सुरुमै दुई-चार घोडचढी, अगुवा-पछुवा र वरिपरि पुरै सर्वसाधारण शिर झुकाएर अभिवादनका मुद्रामा उभिएका देखिन्थे । त्यस्तै बालीनाली पनि सफेक, कुसो न्याइएको, गरा-कल्ला बनाइएको र यथार्थ फलफुलका बोट पनि प्रशस्तै देखिन्थे ।

माथिल्लो भागको तेस्रो चित्रमाचाहिँ एकाधपछि सहर पनि देखिन्थ्यो राम्रा र बान्की परेका बाक्ले जोडिएका घरहरूसहित । बाटामा ईंटा वा ढुङ्गा ओछ्याइएको थियो । सहरका बीचमा टुँडिखेलजस्तो खुला चउरमा फौज परेड खेल्दै थिए । दाहिनेपट्टि माथिल्लो कुनामा झण्डासहितको निकै ठूलो भवन देखिन्थ्यो । आँगनमा धेरै सम्भ्रान्त लाग्ने स्त्री पुरुषको जमघट थियो । बीचमा झल्ली झलझलाकार टोपी लगाएका एकजोडी स्त्री-पुरुषको विशेष व्यक्तित्व र अरू त्यस्तै केही मानिस देखिन्थे । उक्त विशेष जोडीका आसपास सम्भ्रान्त चाकरीदार जस्तै लाग्ने मानिसहरू केही निर्हुरिएर अदबसाथ हात जोडेर केही जोडेरी वा बाल्थित गरिरहेका थिए । सामुन्ने

अलिक पर केही मानिस पौजीहरूको निगरानीमा खाम मागेका थिए भने सुरुकोबाहिं एउटा अथानामाथि निहुरिएको र एउटा फौजी हतियार उठाएर सायद त्यसलाई हान्न ठिक्क पारेको थियो । टाउको छुँइलकेका केहीसाई हटाईदै पनि थियो ।

सहरका यहाँबाट नइथडइ मान्छे, केटाकेटी, जनावर आदि पनि प्रशस्तै देखिन्थे । कहीं भागडा, कहीं भारले र खेदने गरेजस्तो पनि लाग्थ्यो । नियालेर हेर्दा सहरका बीचचाममा पढाइ भैरहेका पाठशाला, पूजा भैरहेका मन्दिर पनि ठमिल्ल्यो भने ठाउँठाउँमा पुल, पार्क, चउर, सुन्दर नरनारीको आवागमन पनि देख्न सकिन्थ्यो । चित्रको किनारमा पहिलो कोलाजको जस्तै गाउँघरको आभास दिने झुप्रा घरहरू पनि भएको देखिन्थ्यो ।

बमरी उसले तीनै भागसहित सिङ्गो चित्र हेर्‍यो । तर उसका भावनामा कुनै नीचता आएन जसरी कुनै सुन्दर दृश्य, प्रभावकारी घटना वा खिलो रमिलो कविता आदिले अचानक 'वाह !' भन्ने अभिव्यक्ति उद्गार जन्माउँछ र आनन्दातिरेकमा अकस्मात भावभिन्न अनुसार भेभारो कोठामा अचानक बिद्युत् बल्यार हुँदाजस्तै । समग्र दृश्य हेरेर, चितेर पनि उसलाई केही नबुझे नदेखे वा खास गाँठो कुराबाहिं छुटेजस्तो रिक्तता लागिरह्यो । चित्रको नाम र दृश्यबीच अपेक्षित तादात्म्यता नभेट्नाले नै उसलाई त्यस्तो खालको लागेको थियो र खासमा त्यो थियो चित्रकारको खास मकसद पछिहन नसक्ता अनुभूत पराजयको भावना, ओझर फुटाएर पनि गुप्त चित्रका नसकाजस्तै खालको ।

तर उसले हार मानेन । सानो प्रयासमात्रबाट सफल भएको तेन्जिङ् शेर्पालाई सम्झिंदै उ धीरिइरह्यो चित्रमा लुकाइएको त्यस विशेष अर्थ वा अभिप्रायलाई भेट्नुन र माथि-तल र दायाँ-बायाँ निचरण गरिरहे उसका आँखा र अन्तिमार्फत् तीव्र उत्सुकता ।

यसपालि उसका नजर हरियोसँगै सहरिएको हैटरहे राती दृश्यमाथिहिं अल्किन थाले । साँचै, बल्ले पानी हेरिरहँदा नजर पनि जलप्रवाहसँगसँगै कुदेजस्तै रातैरातीमा कुदन थाल्यो उसको ध्यान ।

अस्ती आश्चर्य ! मानव मनको प्रकृतिसँग स्वयम् चकित भयो उ । अगि हरियो कोलाज हेर्दा रातोको याद नभएजस्तै अहिले हरियो बिलकुल हराइसकेको थियो । जसरी नीली आकाश र यथार्थ पोखिएका बादलका बुझ्न देखेन शिकारीले, जब त्यहीं उडिरहेका चरामाथि जम्छ उसको दृष्टि । एउटै चित्रमा धेरै गुप्त धेरै गूढ़ कथा भिर्दोबाट माथि वा तिथाबाट तल अनुसार भएको एउ-तीन दृश्य देखिने पहेली चित्र सम्झियो उसले । कस्तो गजब, ध्यान एउटामा केन्द्रित हुनासाथ अर्को हराइदिने वा एउटा हराइनासाथ अर्को साकार भैदिने । ठीक त्यस्तै अब उ हरियो देखिरहेको थिएन र छुटे थियो राते रातासंग हतारहनार ।

यो रातीमा पनि उपयुक्त अनुपातमा हल्का र गाढा उसले थाहा पायो खुल्ला र छायाँ, मोटा र पातला रेखा वा पोतिएका धब्बा र यिनै माध्यमबाट साकार अभिरहेका दृश्यहरू ।

उसले देख्यो हरियो रङको आदिम बस्ती भएको चित्रको तल्ली भागको बायाँ कुनापट्टि तल्लो कुनाबाट अर्द्धतल माथिसको एउटा हुल दायाँतिर भीर बढ्दै थियो । हातमा मुट्ठी उठाउँदै भागडा, ध्यानर, भेजाई उचालेर गैरहेको सायद त्यो एउटा जुलुस थियो । तर उता सामुन्ने पनि अर्को हुल थियो लाठी र बन्दुक बोकेका फौजको । लाठी, बन्दुकले हानेको, चोट खानेहरू ढलेको, तिनीहरूलाई उठाउने सघाउने गरेको पनि देखिन्थ्यो । फौजका पछाडि उहीं विशेष टोपी लाएका र नसाएका सम्भ्रान्तहरू आदेश/निर्देश गर्दै, कोही वार्तालाप गर्दै, रमिताभाव हेर्दै गरेका पनि देखिन्थे, जसमा एकादुई पोसाक, रङ आदिले पूरै भिन्न लाग्थे ।

यी सम्भ्रान्तको पनि पछाडि चित्रको दाहिनेपट्टि माथिल्लो कुनामा ठूलो भवन, घोडा, बग्गी, मोटर, सजिएका युवायुवती परिहास मुद्रामा थिए भने जुलुसका पछाडि चित्रको बायाँपट्टि सलाका झुप्पा, एकादुई अलिक राम्रा घर, अर्द्धतल आइमाई केटाकेटी भागाभाग गरेकै र पशुहरूसहित उही आदिम बस्ती देखिन्थ्यो । अगाडिबगलमा केही मानिस रूखमा पासो

सहन बसको तल्काने भुण्डिएर मनुअघि आचार्य बसीसाई दिएको व्याख्यानुसार कुनै पनि कीडिएप्य गोरी आचार्य भाइगाउँको कागेश्वरी मन्दिर नजाने, जान नहुने परम्पराहिं शान्तिचित्त सोमराग जस्तो अत्यन्त कठिन यज्ञ पूरा गरी दीक्षित भैसियत प्राप्त गर्ने पहिली नेपाली, शिरोमणि आचार्य दीक्षितको साक्षिप्त ऐतिहासिक परिचय काव्यमय भएर उठिएका छन्-वंशस्मृतिमा । पार्कको छानमा साई लगाइदिएपछि, भुटिएसरह भएपछि तल्फासील ललितपुरे राजाबाट पाएको बिर्तामा नुन छरेर गोदावरीबाट काठमाडौंका मल्ल राजाको शरणमा पुग्छन् जबभद्र आचार्यका वंश । त्यसपछि मुडबु, कोल्मुमा बिर्ता पाएर अचेलको मुडबुमा आचार्यहरूको बसोबास सुरु भएको ऐतिहासिक कालखण्डको नालिबेली बसरी उद्वेगित छ-

पार्कको सब छान नै भुटिन गो राजा रिसाई जब
छाडे नुन छरेर गोचर भनी सो खेत राखी सब
पुस्ता तीन थवालि भो जब त्यहीं नारायणी सम्मका
राजा कालिपुरे रिझाई उनले बिर्ता लिए - 'मुडबु' मा ।

जीवनको उत्तरार्धमा कवि, उपन्यासकार, अनुवादक विभिन्न रूपमा देखिएका मूलतः यसै विरहीका जीवन वृत्तका अन्य पक्षमाथि सिर्जनशील पक्षले पत्नी वियोगको पीडा भुल्नेदेखि एक दशक मताको नैराश्यपूर्ण जीवन जिउन सघाएको अनुभूत हुन्छ । त्यसो त, एउटा मानछे समग्र जीवन जिउँदा आखिर कसै उपलब्धीका मृत्युपछि किस्सा बोकेलिई जाने हुन्छन् । दीर्घकालसम्म जीवन्त रहने सिर्जना वा सिर्जनशील धरोहर माथ हुन्छ । कामना गरुं - केदार दाइ, कवि केदारनाथ विरहीको नश्वर शरीर तरहे पनि उहाँबाट सिर्जित साहित्यिक धरोहर चिरकाल पर्यन्त बाँचिरहून् ! रहनेछन् । आदरणीय गुरुप्रति श्रद्धाञ्जली ।

गोल्बुहा-६, काठमाडौं ।

माछे

दिपा चापागाईं

पृथ्वीको इतिहासदेखि
वर्तमानसम्मको यो मान्छे
मानव विकासको बुइयुगदेखि
कलियुगसम्मको यो मान्छे ।

पृथ्वीलोकको सर्वश्रेष्ठ प्राणी भई
पशुतातर्फ लम्कने यो मान्छे
एकआपसमा भाइचारा कायम गरी
समाजमा बस्ने रुचाउने मान्छे
आज आएर,
जीवनकालको इतिहासमा
काली धब्बा लगाउँदैछ यो मान्छे
बुद्धे इतिहासले नभएर
आधुनिक इतिहासले नासिदैछ मान्छे ।

तीं, निमुखा पाणीहरूलाई
आफ्नो सम्पदामा बाँधिर
अनि आफ्नो पहिचानलाई
आफैं उजाड्न खोज्ने मान्छे ।
पशुभन्दा तुच्छ व्यवहार लिई
आफै-आफैं बाँधिदैछ मान्छे
आफ्नो पहिचान धरै भई
अस्तित्व गुमाउन लागेदैछ मान्छे ।

पहिरन नभए पनि लाज ढाक्न
झारपात लगाउने मान्छे
आज, आफैं नाङ्गिन
होड चलाउँछ यो मान्छे ।

सदा सर्वदा स्वतन्त्र हुन,
सङ्घर्ष गर्ने यो मान्छे
आज आफै आफैं किन ?
लिलाम बिक्री भइरहेछ मान्छे ।

मित्रता बढ्ता भएर हो कि ?
छाडा लडिफैं बुढेछ मान्छे
प्रगतिपथमा बाँध बढ्यो भनी
श्रेष्ठता आफै गुमाउँदैछ मान्छे ।

खाँदबारी - १०, ढाल - काठमाडौं

जागिरे परिवेश । बाइस सालपछि शाखा अधिकृतसम्म पुगियो यो कम ।

विशेषतासाथ परिवेशबाट निगालका केदारनाथ आचार्यको विशेषता अचेलको जमानपा ९५ ले छुने, गोलबुझ गार्ड ऐतिहासिक नाम मुदखु, कै एसएलसी शैक्षिक सैसमत भएको पहिली व्यक्तित्व मात्र नभएर, अङ्ग्रेजी टिचर र बाबाका अधिकृत पनि पहिलो नै भेटिन्छ । त्यतिमाथि जहाँ हो र, करिब २०१५ साल उता गाउँमा रेडियो प्रसारणले पहिलो मुडखुले आचार्य पनि उहाँ नै । तत्कालीन नेपाली गाउँका पाखा पखेरामा शिक्षकको अभाव त थियो नै । त्यसमा पनि प्राथमिक तहकै भए पनि अङ्ग्रेजी शिक्षकको मर्यादा छुँ । आफ्नो पुर्खौली थलो मुडखुदेखि प्रमंसली, काभ्रेस्थली, बनस्थली, बालाजीसम्मै उहाँको विशेष चिनारी- 'केदार माहसाब' । छापखानाबाट मुद्रण भएको जोगिर पीठ मास्टरी जागिरको अन्तिम थलो थियो- अचेलका चाँपांत हास्यग्रन्थ कलाकार मदनकृष्ण श्रेष्ठको दैलो नजिक । विगत २०१४ साल अघि नुवाकोटहुँदै गोर्खासम्मको एउटा व्यापारी नाका, पुरानो गीतपुर फेदी बजारस्थित प्राथमिक विद्यालय । समकालीन अवस्थाका, शिक्षा क्षेत्रका दीपीशहर-केशवदेव महुराई लगायतका विद्वानहरूका अतिरिक्त दिव्यवीर तथा नेत्रबहादुर थापा, गीरमदन बन्याताहरूसँगको विशेष निकटताले केदारनाथ आचार्यको दैपलिक जीवनमा अनुकूल प्रभाव नारियो होइन ।

प्राथमिक तहको शिक्षक हुँदैखि, सातसालको सेरोफेरामै साहित्यतर्फ विशेष झुकाव भएका र फुटकर, छन्दमय कविताहरू लेख्ने, कार्यक्रमहरूमा वाचन गर्ने आदत थियो नै । प्रज्ञा प्रतिष्ठानमा आयोजित कवि गोष्ठीहरूमा पनि पुग्ने र कविता वाचन गर्ने गरेको देखा छ मलाई । पुस्तकालयमा सजाउने, लोकार्पण आदि भने हिले गुनभो, अभा जीवनको उत्तरार्धमा मात्र ।

एकदशक पहिले अर्थाङ्गिनी, जीवनसङ्गिनी देवकुमारीको असामयिक निधन भयो । बहत्तर वर्ष अशक्तावस्थामा विधुर जीवन बितायुन बिबश बनायो नियतिले । यसपछिका समय शुद्धलाहरूमा, २०५५ सालमा - 'अक्षर आँसु' शोककाव्य लिएर समकालीन नेपाली साहित्य जगतमा भुँतिएनु भो केदारनाथ, कवि बिरही' बनेर । शार्दूल विक्रीडित लगायत विभिन्न छन्दमा सरचित अक्षर आँसुको कलेवर । देवकुमारीको १४ वर्षको उमेरमा पणयसूत्रमा बाँधिएका आफ्नो सुखद् क्षणदेखि अन्तिम श्रद्धान्जली अर्पणसम्मका विविध परिवेशहरू १४ शीर्षकहरूमा समन्वित छ यो शोककाव्य । अन्तिम शीर्षक 'अन्तिम श्रद्धान्जली' मा - 'संसार एक नाट्यशाला हो, यहाँ जन्मनेको मृत्यु निश्चित छ' भन्ने काव्यभव भावोद्गार बोकको छ शार्दूल विक्रीडित छन्दमा । यसरी -

यो कैले सुरु भो र अहिर हुने बेला छ वा छैन त्यो
निर्माता खुन हो र के समझनले यो नाट्यशाला बन्ने
क्षेत्रहरू पात्र अनेक रूप रङ्गका निर्दिष्ट बनाभरि
पर्दा खस्दै विलीन त्यो सब भयो आयो गयो के गरी ।

पुस्तकालयको हिसाबले अक्षर आँसुबाट साहित्यिक यात्राको श्रीगणेश गर्नपुगेका कवि बिरही सामाजिक उपन्यास अस्मिता पस्कन्छन् पाठक समक्ष २०५७ मा । वरिष्ठ साहित्यकार एवं आख्यानकार डायमन शमशेरको भूमिका रहेको यस उपन्यासको भौगोलिक परिवेश अति दुर्गम जिल्ला बाजुरा हो । पाँच दशक पहिले जागिरे जिन्दगीमा आधा पगजति बिताउँदा साक्षात्कार गरिएका त्यहाँका गरिबीको चरम उत्कर्ष नै विषयगत 'अस्मिता' उपन्यासको मूल विषयवस्तु हो । यसै सालमा प्रकाशित उहाँको तेस्रो काव्य कृति - 'त्रिवेणी' कविताभण्डारमा देवधाम, बालाजु, उधान, गोसाइकुण्ड धाम, मुक्तिक्षेत्र दिव्यधाम, राष्ट्रिय विभूति आदि कवि भानुभक्तदेखि नेपाली भूगोलका विविध क्षेत्रमा छरिएर रहेका कौटिल्य गोपी आचार्यहरूको वंशगत तथा ऐतिहासिक शालिनतेसँग समन्वित १८ वटा कविताको गुच्छाहरू समन्वित छन् । त्रिवेणीमा चयन गरिएका काव्यहरू मध्ये वंशस्मृतिमा कौटिल्य गोपी आचार्यहरूका मूल पुर्खा उनको आदिमस्थल काव्यकुण्डदेखि जुम्ला, लम्जुङ गोर्खाहुँदै तत्कालीन नेपाल क्रान्ती हिँदै पश्चिमी पुरुष-जगभद्राचार्यसे तत्कालीन आइपाउँसे मान्धरराजासाथ बिताएं पाइ कागेश्वरीमा बसोबास गरेको, त्यसपछि गोदावरीहुँदै काठमाडौंमा आएको वंशमा पुगेको, यसैगरी जयभद्र आचार्यको [illegible] सरस्वतीन तत्कालीन समाजले ठड्याको रूपमा बीचको अभाविति काव्य

लाशेर फालेका पनि थिए । कुनो भवनको प्राङ्गणमा विशेष टोपीधारी, विदेशी र जुलुसपाइँके अङ्गलग्न मानिस पनि जोमिएर घरानेको कुरा गर्दै, कोही हात मिलाई साथ मारिरहेका पनि थिए ।

योसँगै भागको चित्रमा पनि उसै जुलुसै थियो तर त्यसको देहपाइँको आधाभन्दा बढी भाग ढाकेको । ध्यानर फेलाइहरूमा लेखिएको '...पार्टी', '...गर', '...एक हौं', '...बाद जिन्दाबाद' जस्ता केही शब्द बुझ्न सकिन्थ्यो मिहिनेतसँग हेर्दा । तर यसमा दायाँपाइँबाट सम्भ्रान्त र फौजीहरूको बराबर आक्रमण मैरहेको थियो, भनौं एक किसिमले युद्धको स्थिति थियो । दायाँपाइँ भनेसोझेडमा उही विशेष टोपीधारी र सम्भ्रान्तहरू भलाकुसारी वा अवलोकन गरिरहेका थिए ।

यस चित्रका वरिपरि खेतबारी, गाउँघर, प्राकृतिक दृश्य केही थिएन । भरिएर हडेको मानेजस्तै राँरातलेसे माथ घेरेको थियो ।

उसले सरासर तेस्रो भागको माथिल्लो चित्रमा प्रवेश गऱ्यो । यहाँ पनि उस्तै द्वन्द्व र तनावमय हालतको दृश्य थियो । उस्तै ध्यानर, फेलाइँ, हावामा लहराएका झुण्डीको सागर । ध्यानरहरूमा 'गणतन्त्र,' 'भ्रष्टाचार', 'जिन्दाबाद', 'नयाँ नेपाल,' '...जनताको' जस्ता केही शब्द बुझ्न सकिन्थ्यो । तर यहाँ आन्दोलनकारीहरूको संख्या ज्यादै ठूलो थियो, चित्रको तीनचौथाइभन्दा बढी भाग ढाकेको र अर्काँपाइको समूह ज्यादै न्यून । त्यसमा फौजी पनि थिए तर सभय निस्तेज र गतिहीन । साथिक सम्भ्रान्तहरू पूरै घेरिएका थिए र भलमलाइँदो विशेष टोपी आन्दोलनकारीहरूको हातमा थियो । त्यहीँनिर भीडमाथि डडेर कोही मान्छे हात हल्लाइँदै केही भनिरहेको र भीड उल्लासमा नाचे रमाएजस्तै गाम्यो ।

यस भागमा पनि अन्य कुनै दृश्य थिएन । तर चित्रको दायाँपाइँ माथिल्लो कुनामा भव्यार सूर्य उदाइँदै थियो र त्यसको खुसकुमाउँदो सिँदूरे किरण बोलाजभरि नै छरिएको थियो ।

अनी उसले चित्रको दुवै वा भिर्दा तह पनि भेट्यो र सचिपूर्वक अवलोकन पनि गऱ्यो । उसलाई यसपस्ट योही भेटेजस्तो लाग्यो तर 'तेस्रो युद्ध'को सार्थकता भने अझै पष्टिएन । उसको मन आह्लादित भएन 'युरेका' भनी कराऊनुजस्तो । बस दिग्दार देखियो ऊ पटकपटक गर्दा पनि हिसाब मिलाउन नसकेको विद्यार्थीजस्तै, भोली सुल्झाउन नसकेको शब्दशास्त्री अथवा सुन्दरीको भङ्गिमा वा उनको कूटभाषाको अर्थ बुझ्न असफल रसिकजस्तै ।

उसले दर्शकहरू ग्यालरी वाहिर गल्लीमा भिसिएर बातचितका बीच चिया पिउन थालेको थाहा पायो । तर उसलाई त्यहाँसम्म जाने पनि जोगर भएन । ऊ साँचै विरक्तिएको थियो । तर ऊ हान पनि चाहँदैनथ्यो न आफ्नो अपेक्षा भङ्गु भएको नै स्वीकार्न तयार थियो । अझै पनि उसलाई आफ्नो दृष्टिबाट मुख कुरा चुकेकै हुनपर्छ भन्ने लाग्दै थियो । त्यसैबेला एक कोमल हातले एक गिलास चिया र केही टुक्रा बिस्कुट उसका छेउमा राखेर गयो । चित्रमै डोलिँदै उसले त्यत्र गिलास-टिपेर सुर्क्यो । त्यहीबेला झुल्न बसी पनि सक्यो । त्यसलेला यो उसलाई झट्ट चित्रमा अर्को तेस्रो तह पनि भएजस्तो आभास भयो । बीरी, खराने वा झाँसे रङ्गमा छाएकोले राती र हरियोसँगसँगै सठारिएको अर्को छोसाज । यस्तो आभास हुनासाथ तन र मनको आँखाबाट राती र हरियो तिरोहित भैसकेका थियो र खैरैखैरोसँग छुन्न थालिसकेको थियो उसको चैतन्य । उसले देखी- अक्ष रङ्गमा जस्तै खैरोमा पनि गाढा र फिका रेडमा, भीटा र पालसा रेखामा, अस्त र सोचा सतहमा दृश्यको एउटा बेग्लै संसार थियो तीनै भागमा ।

सबभन्दा तल्लो भागमा मानिसको बेतरतिब उपस्थिति थियो, एक्लै, दोक्लै र सामाटुल्ला विविध समूहमा हँसिया, हथौडा, मातलि, तारा, ऊख, हलो आदि अनेकौं चिह्नाङ्कित ध्यानरसहित गड्मड्ड, गुत्थमगुत्था भएका । सहर, घर, गाडी, स्मारकहरू हुँदुरी जलिरहेका, मान्छे मारी मरिरहेका । धुँकोको मुस्ली रातको भल, भल्किएका सरजना, खेदाखेद र भागाभाग गरिरहेका मान्छे- एक शब्दमा यहाँ एउटा

ताण्डव अथवा विभत्सताको जलजले चमिरहेको थियो। एउटा हरलाग्दो युद्धको दृश्य थियो वो सम्पूर्ण कोलाज। यद्यपि रङ्ग धेरो त्यसैले मधुरो थियो तर दृश्य अति जीवन्त लाग्यो, त्यहाँ भएको गड्याङगुडुङ, कोलाहल, चीत्कार, हपसीदपसी सबै प्रत्यक्ष सुनेजस्तै, देखेजस्तै महसुस हुन्थ्यो। उसलाई आफ्नै पनि शरीर सिरिङ्गिएर रौं ठडिएको, मुटु उफ्रिएको र श्वास बढेको अनुभव भयो।

त्यसबाहेक यस चित्रमा पनि बालीनाली, फूलपात, चराचुरुङ्गी केही देखिँदैनथ्यो। सम्पूर्ण कालिमाले ढाकेको थियो। तर कुनाकुनी र किनारतिर केही सुकिलामुकिला र विदेशी लामेलमेत खाइलाग्दा मान्छे बाल-छमफल गरेझैं, पार्टी गरेझैं, कनेखुसी गरेझैं देखिन्थे। त्यहीं एउटा समूहमा अन्ताअन्ता, राम्रा लुगा लगाएका तर अनुहारमै लाटोकोसेरो, बफुला, धंसोको भएका केही पुरुष पनि देखिन्थे हातमा सारङ्गी, खैंजडी मुखमा मुरली, कम्मरमा कटारसहित सामुन्नेको ताण्डव हेरिरहेका। बारिपरि कतिजना ताली पिट्ने नाचिरहेका र कतिपाहिँ आकोशमा चाबुरा सुकेका, दुइ हानिरहेका पनि देखिन्थे।

मध्य भागको दोस्रो चित्र भने सबैभन्दा भिन्न थियो। सफा आकाश, वरिपरि सघिएका रूखा-बिरुवा-बालीनाली, पन्छीहरूको उन्मुक्त उड्डान, सुन्दर गाउँघरका पृष्ठभूमिमा अनगिन्ति मानिस अनेकौं तरीमा लाम लागेर साथ अगि बढिरहेका थिए। तरीकाको सामुन्ने पल्ला छेउमा काउन्टर/टेबल, कागजपत्र, बाकस, मेलो मिलाउने एकदुई कारिन्दा बाले मान्छेबाट एउटा कागज लिएर प्रत्येक जना त्यस उता ढोकामा पर्दा हालिएका मसाना कक्षतिर पालैपालो पस्ते निस्किँदै सो कागज बाकसमा पस्काउँदै र पसाएकाहरू अर्को बाटोबाट फर्किँदै गरेझैं लाग्थे।

समग्र परिवेश उल्लासमय र हाँसखुशीले भरिएको लाग्थ्यो।

हामी दर्शक त्यसपछि सरासर तेस्रो चित्रमा प्रवेश गर्‍यौं। यो चित्र भान् भिन्न थियो कमरी भने यहाँ सारा ब्यान्धामलाई कुशलतासाथ गरिएको टाउन प्लानिङ् अथवा मिपालु किसानले विभिन्न बालीका लागि खेतलाई अनेकौं थला वा ढुयाङहरूमा विभाजन गरेजस्तै विभाजन गरिएको थियो। स्थितिअनुसार चौकोर, समानान्तर, त्रिकोण, वृत्ताकार इत्यादि आकारमा। प्रत्येक थलामा गतिविधि भैरहेका थिए वा दृश्य विद्यमान् थिए। कहीं खेतीको काम हुँदै वा लहलह बाली थियो भने कहीं बागवानी, कहीं विद्यालय र पठनपाठन, कहीं अस्पताल र उपचार, कहीं कारखाना र उत्पादन, कहीं पुल/बाँध निर्माणको व्यस्तता, कहीं हवाइजहाज/मोटरादि यन्त्रादि निर्माण र निकास हुँदै, कहीं पत्रपत्रिका छपाइ, कहीं पशुपालन, कहीं हाटबजार-किनमेल, कहीं सभाकचहरी-छलफल-विचारविमर्श, एक ठाउँमा त रकेट पनि उठ्ने थियो आकाशतिर। समग्रमा जीवनका सबै गतिविधिले परिपूर्ण थियो वो चित्र। यसमा न कहीं कोही खाली वा बिनाकाम थियो, न कुनै प्लट खाली थियो, न कतै केही फोहर-कच्याकचुक न कुनै अस्तव्यस्तता-गन्डगोल वा गज्मौरो। चेपचेपमा नदी, रूख-बिरुवा, फुलका तरेली, आकाशमा चराचुरुङ्गी, पोटाफोटीको खेलकूद ...सबै कुरा मिलाइएको थियो।

अन्तिम चित्र पनि हेरेपछि हामी दर्शकले अँझा चिम्म गर्‍यौं। मनका पर्दामा सबै चित्र आए पालैपाली तर वास्तविक तेस्रो युद्ध कुनचाहिँ हो त? आइसक्यो? कि आएन? प्रश्नमा हुँडलिन थाल्यो उसको समझ जब उसले सुन्यो, "सर, ग्यालरी बन्द गर्नुपर्ने।" उसले क्यारक्यार हेर्‍यो त्यस मान्छेलाई वस्तरी मानौं अगि चित्रमा कहीं देखेको र अहिले ठम्याउन खोजेजस्तै। ऊ झस्क भयो त्यस मान्छेले चलमल गरेपछि, उठ्यो बन्चाबलित र बाहिरियो। तर उसलाई लागिरह्यो ऊ स्वयं पनि चित्रबाहिर थिएन। चित्रमै थियो, चित्रकै एक अङ्ग। बाहिर जहाँ ऊ हिँडिरहेको थियो त्यो सम्पूर्ण परिवेश पनि त्यो चित्रकै कुनै दृश्यजस्तै लागिरह्यो उसलाई!

❖❖❖

व्यक्तित्व : संस्मरण

अतितका डोबहरू र केदार दाइ

✍ लुमडी आचार्य

१गिबार अर्थात् २०६५ साल जेठ ११ गते। त्यस दिन बिहानैदेखि बेलुकीसम्म राजधानी काठमाडौंको सेरोफेरीमा आयोजित दुईवटा साहित्यिक कार्यक्रममा सम्मिलित हुनुपर्ने थियो। भएं। ती औपचारिकताहरू पूरा गरेर बासबस्ने ठाउँतिर एकोहोरो लम्किँदै थिएं। रात नजिकिँदै थियो। सूर्य नागार्जुन दरबार माथिको ठाकुराघाट नाघ्नुभई गर्ने तरखरमा थिए। मनिन्छ- दिन आफ्नो रात अस्ताको। सिद्धो दिनभरी आफ्नो हैसियत अनुसारको पेशामा व्यस्त हुनेदेखि व्यर्थमा विभिन्न परिवेशमा मौलाएर्सिएका पनि सलमा आफ्नो ओलमा पुग्ने गर्छन्। त्यसो त पूर्वीय ताम्बादिमा दोष र गेहुंबारे विशद चर्चा पनि नभोटेने होइन।

तथाई भर्खर! रमेशको वा बिलुभएछ, हामी त मसामी हिँडेको। छोराहरूबाट अलाबास व्यक्तिएका यी अकल्पनीय, चरम दुखदायी बाध्यहरूले म छाँगोबाट खसेजस्तो बन्न पुग्छु। छोराहरू श्रीजीलिन्छन्। केदारदाइ र अतीतका कथा व्यथाहरू सम्झेर मर्माहत बन्दै मनतथ्यतिर अघि बढ्छु।

स्व. केदारनाथ आचार्य मेरा नजिकका दाजुभन्दा बढी भविष्य निर्माण गरिदिने भावि पथप्रदर्शक, आदरणीय गुरु। विगत २०१४ सालतिर तत्कालीन बाह्मरी खारेपाटिका सामान्य पठनपाठनका विषयहरू- रुद्री, चण्डी, भगवतीस्तोत्रहरू घोकेर मात्र अलमलिइरहेमा। अङ्ग्रेजी बाह्मरी घोकाउन सुरु गर्नुभो दाइले। भविष्यमा, बाइस वर्ष सम्मा जवानीमा भए पनि एसएलसी उत्तीर्ण हुन त्याएं मैले। त्यति मात्र कहीं हो र, दाइकै जसीम गुन र मार्गदर्शनबाट प्रेरित भएर अध्ययनको क्रममा पीतिपुरको सेरोफेरीमा पुग्न र द्विपीठीन्दर बन्ने सफलता समेत मिल्यो युद्धेसकालमै भए पनि। माता, पिता, गुरु आफैमा अत्यन्त पावनी तीर्थ पनि त हुन्। आफ्ना शिष्यहरूको भविष्यरूपी आकाशमा आलोक छरेर अन्धकार हटाइदिने गुरुभाई आचार्य देखी भव भनेको पाइन्छ। त्यसैले गुरुको महिमा अति बखाने पनि कमी नै अनुभूत हुन्छ।

राजा त्रिभुवन र प्रधानमन्त्री चन्द शमशेरकालीन कालखण्डमा, वि.सं. १९८३ मा राजधानी उपत्यकाको पश्चिमोत्तरमा अवस्थित मुहलु गाउँमा पिता गोविन्दप्रसाद र माता पद्मकुमारी आचार्यका सुपुत्रका रूपमा यस धरामामा अवतरित केदारनाथ आचार्य आठदशक भन्दा स्वामी जीवन जीएर आनुभो। उहाँका समग्र जीवनवृत्त निम्नान्त क्रमशः मुख्य तीन पाटाहरू देखिन्छन् - शिक्षक, निजामती राष्ट्रसेवक तथा साहित्यकार। प्राचीन ऋषि कुलको आभास पाइने पाइको पारिवारिक परिवेश। वेद, ज्योतिष, शास्त्रार्थ आदिमा सदैव तल्लीन भैरहने कर्मयोगी पिताका पुत्र केदारनाथ आचार्य मध्यम परीक्षा उत्तीर्ण हुने बितिकै जागिर पाउन पनि सकल बन्नुहुन्छ, नेपालको सर्वाधिक जेठो, ऐतिहासिक गरिमायुक्त गोरखापत्र छापाखानामा। विगत २००५ सालतिरै। नेपाली साहित्य एवं काठमाडौं उपत्यकाका समकालीन विशेष व्यक्तित्वहरू- माधव घिमिरे, पूर्णप्रसाद ब्राह्मण, धर्मराज थापाहरूसँगको निकटता पनि बढ्दै जान्छ। यसपछि चन्द्रशमशेरकालीन श्रेस्ता पाठशालाबाट जागिर पाउन आर्जित जोड घटाउसाथै विशेष योग्यता र निजामती मध्यमा स्तरको शैक्षिक हैसियतले मात्र भविष्यका लागि पर्याप्त नहुनेदेखी भविष्य इष्टा केदार दाइ अङ्ग्रेजी बाह्मरी रट्न थाल्नुहुन्छ। संस्कृत पढेको बाहुनचरीले अङ्ग्रेजी पढ्दा तत्कालीन समाजले कुरा काट्ने, लोकाभाषा- गाईखाने विद्या। यसको बान्दै गर्नुभएन। अध्ययनलाई निरन्तरता दिंदै जानुभो। फलतः विगत २०१९ सालमा एसएलसी परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण हुनुभो। पश्चिमतिरबाटै सुरु भएको शैक्षिक भूमिका। यो निरन्तरता रह्यो पञ्च भासमम्म। एक दशकपछि शिक्षकबाट निजामती सेवामा रूपान्तरण भयो उहाँको